**श्री सर्वोच्च अदालत संयुक्त इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी**
**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**फैसला**

फौ.पु.नं. ०६४-CR-०१७८

मुद्दा : **गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको** ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान अधिकृत
कुमार चुडालको प्रतिवेदनले नेपाल सरकार ..........................................१ **पुनरावेदक**
**बादी**

**विरुद्ध**

पदमबहादुरको नाति, रंगविर बोहराको छोरा, अछाम जिल्ला, गाजरा गा.वि.स.
वडा नं. ४ घर भै हाल का.जि. का.म.न.पा. वडा नं. ३४ बानेश्वर बस्ने
पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहरा.....................................................१
ऐ ऐ वस्ने मोतिलाल बोहराकी पत्नी कला बोहरा...................................१ **प्रत्यर्थी**
ऐ ऐ बस्ने मोतिलाल बोहराकी आमा दीपादेवी बोहरा..............................१ **प्रतिवादी**
ऐ ऐ वडा नं. ४ वालुवाटार बस्ने मोतिलाल बोहराकी छोरी
ज्योत्सना पाण्डे (बोहरा)...........................................................................१

**शुरु विशेष अदालतमा फैसला गर्ने न्यायाधीशहरुः**

श्री भूपध्वज अधिकारी
श्री कोमलनाथ शर्मा
श्री चोलेन्द्र समशेर ज.ब.रा.

विशेष अदालत, काठमाडौंको फैसला उपर विशेष अदालत ऐन, २०५९ को दफा १७ अनुसार वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन दर्ता भएको प्रस्तुत मुद्दाको तथ्य एवं निर्णय यस प्रकार रहेको छ :-

पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहराले सम्पत्ति विवरणमा कूल रु. ५५,४५,६६८।३७ बराबरको चल/अचल स्वआर्जित सम्पत्ति देखाएकोमा सो सम्पत्तिको श्रोतमा निवृत्तिभरण, सञ्चयकोष, औषधि उपचार, विदेश भ्रमण, घर भाडा, कमिशन, व्यक्तिगत ऋण समेतवाट आर्जन भएको भन्ने उल्लेख  भएको । विदेश

भ्रमण तर्फ निजले पासपोर्टको प्रतिलिपि पेश गरेको तर कहाँ कति दिन भ्रमण गरिएको हो र सो वापत कति आय भई कति रकम बचत भएको हो सो नखुलाएको। कृषि आय कति भएको हो सो उल्लेख छैन। कमिशन प्राप्त गरेको प्रमाण देखिदैन। पैतृक रुपमा प्राप्त गरेको भनेको वानेश्वरको कि.नं. ३४२ को घर जग्गा र कि.नं. ३४१ को क्षे.फ. १-३-३-१ रोपनी जग्गा बण्डा पत्रको कागजात पेश गरेको नदेखिंदा आमावाट अंश पाएको भन्ने कुरा युक्तिसंगत नदेखिएको। छोरा गजेन्द्र बोहराका नाममा बुढानिलकण्ठमा रहेको घर आमाले सम्झौता गरेको भनेता पनि घर सम्झौता पत्रमा श्रीमती दिपा बोहराले सम्झौता गरेको र छोरा मानो सम्म छुट्टीई अलग भिन्न भएको अवस्थामा सो घर रहेको र निर्माण कुन स्रोतवाट कहिले भएको हो सो विवरणमा उल्लेख नगरेवाट उक्त घरजग्गा विवरणमा नदेखाइ लोप गरेको देखिएको हुँदा सो घर भाडावाट प्राप्त गरेको रकमलाई मान्यता दिन नसकिने।

अतः निजको आयस्रोतमा तलव बचतवाट रु. ४,४६,७३५।- सञ्चयकोषवाट रु. ३,०६,४४१।-, विदा समेतवाट रु. १,७६,८९९।-, जग्गा विक्रीवाट रु. ५,०१,४००।-, घर भाडावाट रु. २,४०,०००।-, सम्झौता बमोजिम निर्माण भएको बीरगञ्जको घरको लागत रु. २२,२८,०००।- समेत जम्मा रु. ३८,९९,४७५।- को आयस्रोत पुष्टि भई निजको कुल सम्पत्ति रु. ५५,४५,६६८।३७ मा उक्त रकम कट्टा गर्दा बाँकी हुन आउने रु. १६,४६,१९३।३७ बराबरको सम्पत्तिको स्रोत पुष्टि हुन आउने देखिएन भन्ने समेतको सम्पत्ति न्यायिक जाँचवुझ आयोगको प्रतिवेदन।

आई जि.पी. मोतिलाल बोहराले अख्तियारको दुरुपयोग गरी सरकारी स्रोत साधन तथा कर्मचारी समेतलाई आफ्नो नीजि काममा प्रयोग गरेको, प्रहरी प्रशासनलाई आर्थिक उपार्जनको रुपमा प्रयोग गरी प्रहरी विभागलाई भ्रष्टाचार गर्ने अखडाको रुपमा प्रयोग गरेको भन्ने समेत व्यहोरा सहित प्रहरी प्रधान कार्यालयका पिडीत कर्मचारीहरुका नामवाट कारवाहीको माग गर्दै अख्तियार दुरुपयोग अनुसार आयोगमा परेको समेतका अन्य उजुरीहरु मिसिल सामेल रहेको।

प्रतिवादी मोतिलाल बोहरा मिति २०५४।४।३२ देखि २०५६।१२।२८ सम्म प्र.ना.नि देखि प्रहरी महानिरिक्षक, शसस्त्र प्रहरी सेवा गठन .सदस्य समेत भै कार्य गरेको मिसिलबाट देखिन्छ।

सेती अञ्चल जिल्ला अछाम गाजरा गा.वि.स. ४ का पदम बहादुर उर्फ पट्टराम बोहराको नाती रंगवीर बोहराको छोरा वर्ष ५५ को मोतिलाल बोहरा २०२४ सालदेखि प्रहरी सेवामा प्रवेश गरी प्रहरी सेवामा विभिन्न पदमा कार्यरत रही २०५३ साल फाल्गुण १५ गते प्रहरी महानिरीक्षक पदबाट अवकाश प्राप्त गरी सामान्य जीवन विताइरहेको छु। मेरा स्व. पिताजी रंगवीर बोहरा २०२९। ०३० सालमा अछामबाट कैलाली जिल्लाको मौरानिया हाल टीकापुर बसाई सर्नु भएको र स्वयं २०३५।०३६ सालदेखि मेरा मुमाहरु मनसरा

उर्फ नामसरा देवी बोहरा र दीपादेवी बोहराका साथ काठमाडौं का.म.न.पा. ३४ बानेश्वरमा वस्दै आएको छु । हाल संगोलमा मेरो दुवै मुमाहरु, श्रीमती (पत्नी) कला बोहरा र छोरा जितेन्द्र बोहरा संगै बसेका छौं । मेरो जेठो छोरा अवकाश प्राप्त सेनानी गजेन्द्र बोहरा आफ्नो परिवार संगै अलग बसेका छन् ।

हाल मैले मासिक रु.९,०७१।- पेन्सन पाई रहेको छु । मेरो श्रीमती कला बोहराको नाउँको वीरगञ्जस्थित घरको भाडा र पर्सा वीरगंञ्जको खेती र कैलाली मौरानियाको बाँकी रहेको खेत समेतको कृषि आयबाट जीवन यापन गरेको छु । छोरा जितेन्द्र बोहरा २०५७ सालदेखि थाइलैण्डमा अध्ययन गरी रहेका र निजको खर्च जेठा छोरा गजेन्द्रको घरभाडाबाट व्यहोरिएको हो । घर भाडा सन् १९९८ देखि शुरुमा ६५,०००।- र हाल वार्षिक रु.९ लाख घर भाडा आउँछ । श्रीमती कला बोहराको बयान अनुसारका केही व्यवसाय गरी तल्लो पदमा कार्यरत रहँदा पशुपालन र कृषि व्यवसाय समेत गर्दै आएको छु ।कृषि आयको अनुमानित हिसाव गर्दा हालसम्म लगभग २४/२५ लाख जति भएको  छ । कृषि जन्य वस्तुमा कर नलाग्ने हुँदा बुझाएको छैन । घर बहालको हकमा त्रिवेणी सिमेन्टले अग्रिम कर बुझाएको । वीरगंजको घरको भाडा वस्नेहरुले आफै अग्रिम कर बुझाउने गरी नै सम्झौता भएको छ । २०३५ सालमा बुबाबाट चाँदीका मुद्रा रु.४,८००।- पाएको हुँ । अर्को बृटिश सेनाबाट रिटायर्ड भएपछि भिक्षु हुनु भएका म्यान्मार यांगुन निवासी स्वं काका मानबहादुर बोहरा २०४८ सालमा काठमाडौं आउनु भए पछि फर्कि म्यान्मा जाँदाका बखत आफूसंग भएको रु.५ लाख १ रुपैया मलाई छाडेर जानु भएको थियो । सानैदेखि छोरा जितेन्द्रले खुत्रुके राख्ने गरेको र एकै चोटी खुत्रुके फोडी हेर्दा लगभग रु.२,००,०००।- (दुई लाख) भएकोले मालिका विकास बैंक टीकापुरको मुद्दति बचत खातामा २ लाख पुऱ्याई जम्मा गराई दिएको हो । मेरो मासिक पारिवारिक खर्च लगभग रु.१०,०००।- जति हुन्छ । मोतिलाल बोहराको नामको वानेश्वरस्थित १-३-३-१ जग्गा ०३५।०३६ सालमा स्व. बाबु रंगवीर बोहराले मेरी कान्छी मुमा दिपादेवी बोहराको नाममा १-१५-३-१ जग्गा खरीद गर्न दिनुभएको रकमबाट खरिद भएको जग्गा म एक्लो छोरा भएकोले मुमा दीपादेवीबाट उक्त १-१५-३-१ मध्येबाट १-३-३-१ अंश वापत २०५७।११।१७ मा मेरो नाममा पास गरिदिनु भएको हो । जेठो छोरा गजेन्द्र बोहरा शाही नेपाली सेनाका अ.प्रा. सेनानी पदमा कार्यरत रहँदा २०५३।०५४ सालदेखि निजले आफ्नै आय स्रोतबाट २०५७।०५८ सम्ममा घर बनाएका हुन् । जग्गासम्म मेरो श्रीमती कला बोहराले छोरालाई रजिष्ट्रेशन पास गरी दिएकी हुन् । श्री मालिका विकाश बैंक टीकापुरको २३ जना संस्थापक सदस्यहरु मध्ये म पनि एउटा हुँ । प्रारम्भमा मैले नियमानुसार पाएको संचयकोष रकम, औषधोपचार र संचित विदाको रकम समेत पहिलो किस्ता जम्मा गरेको हुँ । उक्त बैंकको १००० किस्ता शेयर लिएकोमा पटक पटक गरी कृषि आय, घर बहाल र जग्गा विक्रीबाट समेत प्राप्त रकम रु.१०,००,०००।- (दश लाख) चुक्ता गरेको हुँ ।

नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलजी धनगडीको ५० जना संस्थापकहरु मध्ये म पनि एउटा हुँ । त्यहाँ मैले शेयर वापत रु.३,००,०००।- (तीन लाख) बुझाउनु पर्नेमा हालसम्म रु.१,५०,०००।- (एक लाख पचास हजार) मात्र बुझाउन सकेको छु । सो रकम घर भाडा र कृषि आयबाट बुझाएको हुँ ।

मेरा दिदीहरु स्व. पार्वती बोहरा र स्व. हिरादेवी बोहरा सहोदर दिदीहरु हुन् । मेरी श्रीमती कला बोहरालाई पार्वती शर्मा बोहराले हिरा र रुवीको सेट उपहार दिनु भएको हो । म जि.प्र.का. पर्सामा कार्यरत हुँदा प्राप्त भन्सार कमिशनको रकमबाट काका नयाराम बोहराको नाउँमा लालपर्सा र वेलवामा जग्गा खरिद भएको हो । स्व. काका मानबहादुर बोहरा (भिक्षू) ले २०४८।०४९ सालमा काठमाडौं आउँदा ध्यानाश्रमको लागि भनेर छोरी ज्योत्सना बोहराको नाउँमा वलम्बु ८ क पुरानो नैकाप र काभ्रे. जिल्लाको श्रीखण्डपुरमा २०५०।९।२० र २६ मा रु.५,००,०००।- (पाँच लाख) मध्येबाट खरिद भएको हो । रा.वा.बैंक, वीरगंजस्थित बचत खाता ६२३४।११ मा रु.५,०००।- रहेको सम्बन्धमा २०३५।०३६ साल तिर वीरगंज भन्सार कार्यालयबाट प्राप्त रु. १,५०,०००।- (एक लाख पचास हजार) ले ठूलो महत्व राख्ने हुँदा मेरो आयश्रोतमा जोडी नै पर्ने हो । जग्गा विक्रीबाट समेत रु.७,००,२५१।- पाएको थिएँ । कृषि जन्य आय, राशन वापतको बचत, विदेश भ्रमणको विवरण, वीमाको र सशस्त्र प्रहरी कार्यालयमा काम गर्दा वापत पाएको पारिश्रमिक समेतको विवरण अख्तियार दुरुपयोग अनुसन्धाग आयोगमा विस्तृत विवरण पेश गरेको छु । रा. वा. बैंक नयाँ बानेश्वर शाखामा म सेवाबाट अवकाश पाउनासाथ प्राप्त संचयकोष रकम, औषधोपचार विदा वापत प्राप्त रकम मध्येबाट बचत रकम जम्मा गरी खाता खोलेको र मैले नियमानुसार पाउने निबृत्तिभरण सोही बैंकबाट लिने गरेको । श्रीमती कला बोहराको नाममा खोलेको खाता (स्टैण्डर्ड चार्टर्ड बैंक) बाट अटोलोन अन्तरगत गाडी खरिद भएको हुँदा मासिक रु.३२,२४१।- किस्ता वापत बुझाउने गरिएको हो । मेरो श्रीमती कला बोहराको नाउँमा स्टैण्डर्ड चार्टर्ड बैंकमा खाता खोली जेठो छोरा गजेन्द्र बोहराको बुढानिलकण्ठस्थित घरको भाडा निज छोरा काठमाडौं वाहिर भएको अवस्था परेकोले तत्काल श्रीमती कला बोहराकै नाउँमा सम्झौता भएको हुँदा बृटिश काउन्सिलबाट जम्मा हुने गरेको हो । २ लाख मैले अवकाश भएपछि झिकिएको हो ।

श्रीमती कला बोहराको स्टेण्डर्ड चार्टर्ड बैंकको १८००५२१६७०१ खातामा १३, १४ लाख रकम भएका मेरो कान्छो छोरा जितेन्द्रलाई अमेरिका अध्ययन गर्न जानु अघि भीसा प्राप्त गर्न अभिभावकको आर्थिक हैसियतको आवश्यकता परेकोले मेरो ज्वाई प्र.व.उ. (स.प्र.) सनत वस्नेतज्यूबाट लिई श्रीमती कला बोहराको खातामा जम्मा गरिएको हो ।

मेरो श्रीमती कला बोहराको पर्सा वीरगंज स्थित घण्टाघरको प्लट नं. १२२७, २०३६/०३७ सालतिर वीरगंज नगर विकास समितिले वितरण गरेको घडेरी रु.१२,०००।- मा किस्ता वन्दीमा दिएको थियो । २०४७ सालमा पुरा किस्ता तिरी सकें । २०५२ साल जेठ महिनामा मेरो श्रीमती र वीरगंज ७ निवासी पिताम्वर लाल शाहका छोरासंग ६ वर्षको सम्झौता भै वहालमा दिएको हो र सोही वर्ष निजले सातवटा सटर भएको २ तल्ले घर निर्माण गरी चर्चेको कति लगानी गरी निर्माण गरेको हो भन्ने कुरा भन्न स्पष्ट जानकारी छैन तर तेश्रो तला थप्दा ६ लाख खर्च भएको सो रकम जग्गा विक्री पेन्सन र अन्य बचतबाट जुटाइएको हो । विवरणमा पेश भएको पर्सा वीरगंज स्थित तीन तला घर निर्माण गर्दा लागत मूल्य रु.२२,२८,०००।- र कैफियत खण्डमा रु.१६,२८,०००।- लीजमा बनेको भन्ने सम्बन्धमा मैले आयोगमा पेश गरेको फारमको पृष्ठ संख्या १३ मा उल्लेखित स्वामित्व हस्तान्तरण गरेको जग्गाको महलमा उल्लेखित जग्गा विक्रीबाट आएको रकम मध्ये बाटै र केही कृषि जन्य आय र बचत समेतको रकमबाट उक्त घरको तला थप्नमा खर्च भएको छ । कैफियत खण्डमा लेखिएको रु.१६,२८,०००।- निज पिताम्वर लाल शाहका छोरा राधेश्यामले भने अनुसार लेखेको हुँ ।

अवकाश प्राप्त गर्दाका बखत १४" कलर टि.भी. रु.१२,०००।- मा खरिद, २०५३।११।१५ मा सेवा निबृत्त भएपछि मालिका विकास बैंक, टिकापुरमा रु.१०,००,०००।- को शेयर लगानी गरेको छु । नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलजी, धनगढीको रु.१,५०,०००।- को शेयर खरिद गरेको हुँ । हरिसिद्धी इटा टायल कारखानाको रु.१०,०००।- को शेयर लगानी गरेको छु । उक्त रकम मैले आफूले पाएको संचयकोष, औषधोपचार संचित विदाको रकम कृषिजन्य, घर बहाल रकम र प्रारम्भिक बचत समेतबाट लगानी गरेको हो । मैले टोयोटा कम्पनीको टोयोटा गाडी सुविधामा रु.५,५०,०००।- मा लिएको थिए । उक्त गाडी उमेश गंगोलसंग सापटी लिई खरिद गरेको र पछि घर भाडाको रकमबाट चुक्ता गरिसकेको छु ।

काठमाडौं बानेश्वरस्थित घर निर्माण कार्य २०३५।०३६ सालमा एक तला निर्माण भएको र २०४३ सालमा दोस्रो तल्ला निर्माण भएको हो । सो रकमको श्रोत बुबा रंगवीर बोहराले सानु मुमा दीपादेवी बोहरालाई दिनु भएको कम्पनी रुपैया ४८००।- बाटनै घर निर्माण भएको हो । रु.४,८००।- कम्पनी विक्रीबाट प्राप्त रकम रु.६७,०००।- नगद मध्येको हो । मलाई सम्झना भएसम्म २०३६।०३७ सालमा एक रुपैयाँ कम्पनीको मूल्य रु.१०३।- थियो र ने.रु.४,९४,४००।- भएको थियो । सोही रकम पुरा घर निर्माण गर्नमा खर्च भएको हो ।

श्रीमती कला बोहराले २०५०।११।१० मा खरिद गरेको चितवन जिल्ला, नारायणगढ ५(ग) वडा नं १ को कि.नं. ६९४,६९५ क्षेत्रफल ०-१५-९.५ जग्गा रु.१,६०,०००।- मा खरिद भएको र श्रोत श्रीमतीको

कृषिजन्य व्यवसायबाट आर्जन गरेको रकमबाट भएको र मिति २०५०।१२।४ कैलालीको मालाखेती गा.वि.स.७ को ०-१-३ को खरिद मूल्य रु.३०,०००।- निजकै कृषि आय समेतबाट खरिद भएको मिति २०५०।११।८ मा मकवानपुर जिल्ला हेटौंडा, न.पा. ८ श्रमिक क्षेत्रमा ०-२-० घडेरी रु.५४,०००।- मा खरिद भएको र सो को श्रोत हाम्रो प्रारम्भिक बचत भएको । मिति २०५१।१०।१५ मा कोहलपुर नगर विकास समितिबाट प्राप्त घडेरी क्षेत्रफल ०-०-६.५ घुरको मूल्य रु.५०,०००।- सो को श्रोत कृषिजन्य आय र मेरो प्रारम्भिक बचत समेत भएको । २०५२।७।११ मा पर्सा बेलवा गा.वि.स १ को ४-०-० मेरो काका नयाराम बोहराको नाउँमा २०३६।०३७ सालमा खरिद भएको जग्गा बकसपत्रबाट नामसारी भै आएको । उक्त जग्गा प्रति विगाहा रु.५,०००।- का दरले काका नयाराम बोहराको नाममा खरिद गरेको । टीकापुरको मेरा स्व. बुबा रंगवीर बोहराका नाउँमा रहेको जग्गा ६-८-० मध्ये ३-०-० काका नयाराम बोहरालाई दिनु पर्ने । हाल टिकापुरको जग्गा नयाराम बोहराको नाउँमा र पर्सा बेलवाको जग्गा मेरो श्रीमतीका नाउँमा नामसारी भै सकेको छ । जग्गा खरिदको श्रोत २०३५ सालमा पाएको भन्सार कमिशन हो ।मेरो लामो सेवा अवधिमा दैनिकी कुराहरु सम्झन एकिन गरी लेख्न नसकिने भए तापनि विदेश भ्रमण विशेष गरी २०४८ सालदेखि २०५३ सालसम्म गरेको छु । सो समयको बचत रकम त्यस अवधिमा नै जोडिएका चल अचल सम्पत्ति र घर व्यवहारमा खर्च भएको छ ।

आयोगमा पेश गरेको कृषिजन्य आय रु.२४,४१,६५०।- घर भाडा रु.४४,४०,२५०।- सम्बन्धमा उक्त जग्गा म र मेरा परिवारको नाउँमा दर्ता भए पश्चात् भएको उब्जनीबाट भएको आय विस्तृत विवरण आयोगमा पेश गरेको फारम साथ पेश गरेको छु । श्रीमती कला बोहराको मालिका बिकाश बैंकको मुद्दती खाता ०१ एफ ००२७, ०१ एफ ००३०, ०१ एफ००३८ मा क्रमशः १,५०,०००।-, १,५०,००० र २,००,०००।- जम्मा भएको सम्बन्धमा मैले नियमानुसार पाएको कर्मचारी संचयकोष रकम, औषधोपचार संचित विदाको रकम, कृषि आय, घरभाडा रकम र जग्गा विक्री समेतबाट प्राप्त रकम पटक पटक गरी ४ वर्षमा जम्मा गरेको हुँ ।

मुमा नामसरादेवी बोहराका नाउँमा रहेको पर्सा वेलवा १ को कि.नं. १४९ क्षेत्रफल १-०-० मुमाकै पहाडको खेतीको कृषिजन्य आयबाट बचत रकम र केही रकम मैले त्यतिवेला पाएको भन्सार कमिशन समेतबाट खरिद भएको । काठमाडौं न.पा. ३४ बानेश्वरस्थित कि.नं ३४२ को क्षत्रेफल ०-१२-०-० जग्गाको खरिद स्व. बुबा रंगवीर बोहराले मेरो सानो मुमा दीपादेवी बोहरालाई दिनुभएको रु.६७,०००।- र चाँदीका सिक्का रुपैयाँ रु.४,८००।- मध्येबाटै भएको हो । सो जग्गा र सोमा बनेको घर समेत मेरो सानु मुमा दीपादेवी बोहराको हो । पर्सा वलेवा १ को क्षत्रेफल ४-०-० जग्गा काका नयाराम बोहराबाट मेरो श्रीमतीको

नाउँमा प्राप्त भएको हो । चितवन रामनगरस्थित जग्गमा ५०/६० आँप र केही लिचिका विरुवाहरु लगाएका छौं । घर निर्माण गरिएको छैन । फलफूल लगाउँदा ५/७ सय भन्दा वढी खर्च भएको छैन । अछामका पैतृक घर निर्माण ज्याला र रंगरोगन समेत लगायत रु.२,००,०००।- खर्च भएको र खेतीबाट भएको आय आर्जनबाट भएकोमा हाल माओवादीहरूद्वारा ध्वस्त भैसकेको छ । घर भाडा सम्बन्धमा मेरो कान्छो छोरा जितेन्द्रको पढाई नसकिएकोले जेठो छोरा गजेन्द्रले पढाई खर्च व्यहोरी दिन आश्वासन दिएको र मैले पेश गरेको फारममा छोराको खर्चको श्रोत देखाउने उद्देश्यले मात्र मैले छोरा गजेन्द्रको बुढानिलकण्ठको घर भाडा देखाएको हुँ । निजको आयोगमा फारम बुझाउँदा सम्म रु.३८,९०,२५०।- घर वहाल उठेको छ । बाँकी बानेश्वरको घर भाडा रु. १,९०,३८०।- र वीरगंजको २०५८ साल एकको घरभाडा रु.३,६०,०००।-, घर भाडा उल्लेख गर्दा एउटै महलमा लेखेको हुँ । मानो छुट्टी अलग भएको छोरासंग सामान्य घरको भाडा निजकै प्रयोजनमा खर्च हुन्छ । निजकै आफ्नै आयश्रोत बाट निर्माण भएको हुँदा मैले पुष्टि गर्न सक्ने अवस्था छैन भन्ने समेत व्यहोराको प्रतिवादी मोतिलाल बोहराले अनुसन्धानको क्रममा गरेको वयान ।

खेतिपातिबाट परिवारलाई पालन पोषण गर्न पर्याप्त आय हुनुको साथै बचत पनि हुन्थ्यो । साथै श्रीमानको तलव भत्ता, घर भाडा समेतबाट २ जना छोरा र ३ छोरीहरुको पढाई खर्च चल्ने गरेको थियो । का.म.न.पा. १० मा पटक पटक गरी जग्गा कि.नं. १४१ मा १-१५-३-१को घडेरी स्व. ससुरा श्री रंगवीर बोहरा द्वारा २०३५ सालमा आफू जिवितै हुँदा कान्छी सासू दीपादेवी बोहराको नाममा खरिद भएको हो । पर्सा विरगंज नगरपालिकाको जग्गा मेरो श्रीमान जि.प्र. का, पर्सामा कार्यरत छँदा तत्कालिन अञ्चलाधिश श्री लक्ष्यबहादुर गुरुङद्वारा नगर विकास समितिबाट रु.१२,०००।- मा किस्ता वन्दीमा खरिद भएको हो । श्रोत सम्बन्धमा श्रीमानलाई थाहा हुन्छ । उक्त जग्गामा वनेको घर २०५२ सालमा वीरगंज ७ वस्ने पिताम्वरलाल साहका छोरा राधेश्यामलाई जग्गा वहालमा लिई घर निर्माण गर्न सम्झौतानुसार घरको भाडा नलिने गरी निर्माण भएको हो पछि २०५५।०५६ मा तला थप भएको छ । लगभग ६ लाख आफ्नै जग्गा विक्री श्रीमान्को बचत पेन्शन रकम समेतबाट तेस्रो तला निर्माण भएको हो । पर्सा वेलवामा ४ विगाह २ कठ्ठा जग्गा २०३५।३६।३७ सालमा श्रीमान जि.प्र.का पर्सामा कार्यरत रहँदा प्राप्त भन्सार कमिशन, पुरस्कार सो बचतबाट खरिद भएको हो । काका ससुरा नयाराम बोहराको नाममा रहेको उक्त जग्गा उहाँलाई मेरो श्रीमानको तर्फबाट कैलाली मौरानियामा बुबाको नाउँबाट आएको जग्गा रजिष्ट्रेशन पासगरी दियौं र काका ससुराको नाउँको जग्गा हाम्रो नाउँमा बकस गरी दिएको हो ।पर्सा लालपर्साको २ विगाह १ कठ्ठा जग्गा मेरै नाउँमा २०३५।०३६ सालतिर खरिद भएको हो पछि विभिन्न व्यक्तिको नाममा विक्री भै सकेको छ ।चितवन भरतपुर रामनगर १ कि.नं. ६९४ र ६९५ गरी १५ कठ्ठा ९.७५ धुर जग्गा रु.१,६०,५००।- मा खरिद भएको हो ।

त्यसको आयश्रोत मेरो विगत ३०।३५ वर्षदेखिको कृषि आयबाट जम्मा भएको रकम हो । बाँकेको कोहलपुरमा ६.५ धुर जग्गाको प्लट २०५१ सालमा नगर विकास समिति, कोहलपुरले रु.५०,०००।- मा वितरण गरेको हो । उक्त जग्गा मेरो श्रीमानको प्रारम्भिक बचत र कृषि जन्य आयबाट खरीद गरिएको हो । हेटौंडामा रहेको २ कट्ठा जग्गा २०५० सालमा श्रमिक क्षेत्रमा श्रीमानको बचत रकमबाट खरिद भएको हो । भक्तपुर, दिव्येश्वरीको १-१२-३ जग्गा रु.१,७१,०००।- मा खरिद भएको हो । कृषिजन्य आयको बचतबाट उक्त खरिद भएको हो । कैलाली मालाखेतीमा १ कठ्ठा ३ धुर जग्गा २०५० सालमा रु.३०,०००।- मा खरिद भएको हो । यसको आयस्रोत कैलालीको पुर्ख्यौली खेतीको नै हो । स्टैण्डर्ड चार्टर्ड बैंक, बानेश्वरको वचत खाता नं. १८००५८१९६७०९ मा जम्मा गर्नु भएको रकम मेरा श्रीमान प्रहरी महानिरीक्षक हुँदा हामी सरकारी आवासमा ४ वर्षसम्म रहेको अवधिमा बानेश्वरको घर भाडामा थियो । नं १ मा उल्लेख भएको रकम रु.३,००,०००।- घर भाडा र कृषि जन्य आय समेतबाट जम्मा भएको हो । रु.७,८०,०००।- मेरो छोरा गजेन्द्रको घर ब्रिटीश काउन्सीललाई भाडामा दिएकोले उक्त काउन्सीलले घर भाडा बस्नुअघि नै वनाई दिन भनी एक मुष्ठ एक वर्षको घर भाडा दिएको र काउन्सीलको ग्रिन्डलैज बैंकमा नै खाता हुनु पर्ने सर्त भएको र मेरो खाता भएकोले त्यसमा सो रकम जम्मा गरी दिएको हो । सि.नं. ४,५,६ र ७ का रकमहरु ब्रिटिश काउन्सीलले घर भाडा जम्मा गरिदिने गरेको हो । सि. नं. ९ को १४ लाख र सि.नं १० को १३ लाखको हकमा कान्छो छोरा जितेन्द्रलाई संयुक्त राज्य अमेरिका पढ्न जाने भएकोले निजले भिसा प्राप्त गर्नको लागि बैंक मौज्दात देखाउनु पर्ने भएबाट ज्वाई कै खातामा हस्तान्तरण भइसकेको छ । मालिका विकास बैंक धनगढीमा मुद्दति खातामा भएको जम्मा रु.५,००,०००।- को श्रोत मेरो जग्गाको कृषि आयबाट लामो समय देखि जम्मा भएको रकम हो । मेरो नाममा हरिसिद्धी इटा टायल कारखानामा १०० शेयर बराबर १०,०००।- को शेयर छ । अरु लगानी छैन । काठमाडौं, विष्णु गा.विस.मा कि.नं. ३७० र ३७१ का जग्गाहरु सम्बन्धमा विष्णु बुढानिलकण्ठमा रहेको घडेरी मैले नै खोज्न लगाएको हुँ । उक्त जग्गा मात्र रु.३०,०००।- (तीस हजारमा) मलाई दिएको हो । पछि मेरो ठूलो छोरा गजेन्द्र बोहरालाई उक्त ठाउँ मन परेकोले उसैको नाममा पास गरी दिएको हुँ । घर उसैले निर्माण गरेको हो कतिमा निर्माण भयो छोरालाई नै थाहा होला भन्ने समेत व्यहोराको प्रतिवादी कला बोहराले अनुसन्धानको क्रममा गरेको  वयान ।

मेरो नाममा दर्ता भएको काठमाडौं बलम्बु वडा नं ८क कि.नं. ८७ क्षेत्रफल ११-८-०-० जग्गा २०५० सालमा खरिद भएको हो । हाम्रो वर्मा निवासी स्व. बाबा मानबहादुर बोहरा २०४८।०४९ सालमा काठमाडौं आउनु हुँदा उहाँले काठमाडौं वस्ने चाहना गर्नु भएको र ध्यान गर्ने ठाउँ र मन्दिर निर्माण गर्ने जग्गा खोज्न लगाउनु भएको उहाँ बर्मेली नागरिक भएकोले उहाँबाट प्रदान भएको रकम रु.५,००,००१।-

(पाँच लाख एक रुपैया) सो जग्गाको स्रोत हो । त्यहाँ कुनै मठमन्दिर निर्माण भएको छैन । साथै नैकाप गा.वि.स. ६ कि.नं. ६१, ६३४ र ३३५ क्षेत्रफल ३-१-२-० जग्गा पनि सोही रु.५ लाख  एक रुपैया मध्येबाट खरिद भएको हो । काभ्रे श्रीखण्डपुर वडा नं. ५ कि.नं. ७२३ क्षेत्रफल १-१५-१-३ को जग्गा खरिदको स्रोत पनि बाबा (हजुर बुबा) बाट प्राप्त रु.२८,०००।- बाट हो । मेरो नाममा जग्गा खरिद गर्दा बुबाको लगानी भएको छैन भन्ने समेतको  व्यहोराको प्रतिवादी ज्योत्सना पाण्डे (बोहराले) अनुसन्धानको क्रममा गरेको वयान  ।

का.जि. विष्णु गा.वि.स.-१/ख को कि.नं. ३७० र ३७१ को जग्गा मेरी मुमा कला बोहराले खरीद गरेको हुनाले मूल्य र स्रोत मलाई थाहा छैन । उक्त जग्गा मेरै अनुरोधमा मलाई मिति २०५८।९।१८ मा हालैको वकसपत्रबाट प्राप्त भएको हो । उल्लिखित जग्गामा बनेको घर देखिएको साँचो हो । सो घर २०५३ सालमा मैले निर्माण गर्न शुरुवात गरी २०५५ सालको अन्त्यतिर पूरा गरेको हुँ । उक्त घर सम्पूर्ण रूपमा मेरो निजी आर्जन तथा स्वदेश विदेश भ्रमण भत्ता, तलव भत्ता तथा स्वदेशी तथा विदेशी अति विशिष्ट व्यक्तिहरूद्वारा समय समयमा पाएका वकसहरू जम्मा गर्दै पटक पटक गरी बनाएको हुँ । २०५० सालमा मेरो विवाहपश्चात् मानो छुट्टिई अलग भएको हुँ । २०५३ सालमा घर निर्माण शुरु गर्दा जग्गा मेरै नाउँमा राखौं कि भनी सोध्दा हुन्छ तिम्रै नाउँमा पास गर्नू भनी भनेपछि मेरो त्यति बेलाको कार्यालय तथा कार्यको संवेदनशीलताले गर्दा मैले तत्कालिन युवराजधिराज स्व. दीपेन्द्र वीर विक्रम शाहसमक्ष जाहेर गर्दा मेरो नाउँमा किन गर्नुपर्‍यो र बनाउँदै जाऊ भनी केही वकस समेत प्राप्त गरेँ । तत्पश्चात् मैले पटक पटक आर्जन गरेका रकम जम्मा गर्दै करीव २ वर्ष लगाएर घर निर्माण सम्पन्न गरेँ । घर बन्दा बन्दै ब्रिटिश काउन्सिलले भाडामा लिन ईच्छा प्रकट गरेको हुँदा मैले उक्त काउन्सिलसँग एक वर्षको एड्भान्स लिई फिनिसिङ्ग पनि गरेर तीन महिनापछि उनीहरू सरे ।

मैले मेरो घर मेरै नाउँमा नराखेकोले मेरो स्ट्याण्डर्ड चार्टर्ड बैंकमा खाता नभएकोले मेरै सहमतिमा मैले मेरी मुमालाई नै ब्रिटिश काउन्सिलसँग सम्झौता गर्न भनेको हुँ । २०५८ सालको राजदरबारमा घटेको दु:खद घटनापछि मैले अवकाश प्राप्त गरेँ; उक्त घटनापछि मैले केही महिना बिताइसकेपछि आफ्नो शारिरीक र मानसिक स्थिति सामान्य अवस्थामा भैसकेपछि कुनै व्यापार व्यवसाय गर्नको निमित्त मुमालाई आग्रह गरी मेरो घर मेरै नाउँमा पास गरिएको हो । मेरो बुबा प्रतिवादी मोतिलाल बोहराको वयानमा भनिएको बा.३.च. ९५२९ नम्वरको टोयटा इको गाडी मेरो अनुरोधमा मेरै प्रयोगको लागि २०५९ सालमा किस्ताबन्दीमा स्ट्याण्डर्ड चार्टर्ड बैंकबाट रु.१५,००,०००।- ऋण सुविधा लिई लिएको हो । विदेश भ्रमणको क्रममा सिंगापुर तथा बेलायतमा गएको थिएँ । मेरो वकसमा प्राप्त गाडी मैले बेची अन्य गाडी खरीद बिक्री गरेको थिएँ । म

काठमाण्डौ फर्कंदा गाडी आवश्यक भएको हुँदा मेरो घरभाडाबाट प्राप्त हुने रकम जम्माबाट नै तिर्ने गरी मुमाको खाताबाट कट्टा गर्नको निमित्त मैले किस्ताबन्दीमा गाडी लिई दिन बेलायतबाटै अनुरोध गरेको हुँ भन्ने समेत व्यहोराको गजेन्द्र बोहराले अनुसन्धानको क्रममा गरको वयान ।

सम्पत्तिको विश्लेषण गर्दा स्रोत खुलको र नखुलेको संम्पत्ती मिश्रित रुपमा रहेको अवस्थामा अनुपातिक हिसावले र मिश्रित अवस्था नरहेको स्थितीमा सोही अनुरुप हाल प्रचलित मूल्यांकनका आधामरमा स्रोत खुलेको र स्रोत नखुलेको तालिकामा समावेश गरिएको छ ।

| क्र.सं. | विवरण | आय (रु.) | व्यय (रु.) | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| १ | (क) मोतिलाल बोहराको २०२४ श्रावणदेखि २०३५ मंसिर सम्मको तलव तथा भत्ता रकम | ६७,१११।- | | | |
| | (ख) मिति २०३५।९।२५ मा श्रीमती दीपा देवी बोहराको नाममा साविक का.म.न.पा.-३ वानेश्वर स्थित कि.नं. ६३२ को क्षे.फ. ०-१२-०-० रो. जग्गा खरीद | | १,०००।- | | |
| | जम्मा | ६७,१११।- | १,०००।- | ६६,१११।- | |
| २ | (क) २०३५ मंसिरसम्मको बाँकी मौज्दात रकम | ६६,१११।- | | | |
| | (ख) मोतिलाल वोहराको २०३५ पौषदेखि २०३६ साल असोजसम्मको तलव तथा भत्ता रकम | ६,६६०।- | | | |
| | (ग) २०३५।५।१९ मा वीरगंज भन्सार कार्यालयबाट प्राप्त भन्सार कमिशन रकम | ५२,,०००।- | | | रु.६४,३००।- मध्ये रु.१२,३००।- कटाई बाँकी रकम |
| | (घ) २०३५।५।१९ मा वीरगंज भन्सार कार्यालयबाट प्राप्त भन्सार कमिशन रकम | १०,६९७।- | | | रु.२६,२००।- को आनुपातिक हिसावले |
| | (ङ) मिति २०३६।७।१४ मा नयाराम बोहराको नाममा पर्सा जिल्ला लालपर्सा-३ कि.नं. २३, २५, २०, २४, २८ र २६ को क्षे.फ. क्रमशः ०-१०-०, ०-१०-५, ०-३-०, ०-९-०, ०-११-० र ०-११-० को जग्गा खरीद | | ३०,०००।- | | |
| | (च) मिति २०३६।७।१८ मा नयाराम बोहराको नाममा पर्सा जिल्ला बेल्वा-३ कि.नं. १७८ क्षे.फ. १-१२-० जग्गा खरीद | | १७,५००।- | | ०५२।७।१७ मा हा.व. भई कला बोहराको नाममा आएको |
| | जम्मा | १,३५,४६८।- | ४७,५००।- | ८७,९६८।- | |
| ३ | (क) २०३६ असोज सम्मको बाँकी मौज्दात रकम | ८७,९६८। | | | |
| | (ख) मोतिलाल बोहराको २०३६ कार्त्तिकदेखि २०३७ साल चैत्रसम्मको तलव तथा भत्ता रकम | १२,९७८।- | | | |
| | (ग) २०३६ र २०३७ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयबाट प्राप्त रकम | ५,५३५।- | | | |
| | (घ) २०३७।६।२, २०३७।६।१३ र २०३७।६।१९ मा वीरगंज भन्सार कार्यालयबाट प्राप्त भन्सार कमिशन क्रमशः रु.२,४१२।-, रु.१,१५०।- र ५,३१०।- ले गर्दा हुने रकम | ८,८७२।- | | | |
| | (ङ) मिति २०३७।२।६ मा नयाराम बोहराको नाममा पर्सा जिल्ला बेल्वा-१ कि.नं. ३७ क्षे.फ. ०-१२-१० र बेल्वा-३ कि.नं. २७५ क्षे.फ. ०-१२-१० को जग्गा खरीद | | १७,०००।- | | २०५७।७।१७ मा हा.व. भई कला वोहराको नाममा आएको |
| | (च) मिति २०३७।८।४ मा नामसरादेवी बोहराको नाममा पर्सा जिल्ला बेल्वा-१ कि.नं. १४९ क्षे.फ. १-०-० जग्गा खरीद | | १६,०००।- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (छ) २०३६/०३७ सालमा का.म.न.पा.-१० स्थित हालको कि.नं. १४१/३४२ को जग्गामा भुई तल्ला घर निर्माण गर्दाको लागत रकम | | ६,१८,२२६।२३ | | |
| | जम्मा : | १,१५,३५३।- | ६,५१,२२६।२३ | (५,३५,८७३।२३) | |
| ४ | (क) २०३८।१।२ र २०३८।१।१६ मा वीरगंज भन्सार कार्यालयबाट प्राप्त भन्सार कमिशन क्रमशः रु.१,६९५।१० र रु.५,६१३।९४ | ७,३०९।०४ | | | |
| | (ख) मोतिलाल बोहराको २०३८ बैशाखको तलव तथा भत्ता रकम | ८०१।- | | | |
| | (ग) मिति २०३८।२।८ मा दीपादेवी बोहराको नाममा साविक का.म.न.पा.-३ कि.नं. ४७७ क्षे.फ. ०-८-० जग्गा खरीद | | २५,०००।- | | |
| | जम्मा | ८,,११०।०४ | २५,०००।- | (१६,८८९।९६) | |
| ५ | (क) मोतिलाल बोहराको २०३८ जेष्ठदेखि २०३८ कार्तिक सम्मको तलव तथा भत्ता रकम | ४,८०६।- | | | |
| | (ख) २०३८।२।१२ र २०३८।२।२५ मा वीरगंज भन्सार कार्यालयबाट प्राप्त भन्सार कमिशन क्रमशः रु.१२,७४४।३४ र रु.७,५६८।५० | २०,३१२।८४ | | | |
| | (ग) मिति २०३८।८।२१ मा श्रीमती दीपादेवी बोहराको नाममा का.म.न.पा.- कि.नं. १०४ क्षे.फ. ०-९-०-० जग्गा खरीद | | २,०००।- | | |
| | जम्मा | २५,११८।८४ | २,०००।- | २३,११८।८४ | |
| ६ | (क) २०३८ कार्तिकसम्मको बाँकी मौज्दात रकम | २३,११८।८४ | | | |
| | (ख) २०३८ मंसीरदेखि २०४१ चैत्रसम्मको तलव भत्ता | ४१,६२८।- | | | |
| | (ग) २०३८ देखि २०४१ सालसम्मको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आय रकम | २६,६५९।- | | | |
| | (घ) मिति २०४०।२।१६ मा कला बोहराको नाममा गहवा रै.नं. १२२७/१२६९ को क्षे.फ. ०-०-४.७५ र वीरगञ्ज नगवा वि.-८ कि.नं. ४९५ को क्षे.फ. ०-०-१५.२५ भई प्लट नम्वर १२२७ को क्षे.फ. ०-१-० को हाल वीरगञ्ज उ.म.न.पा. १० को जग्गा | | १२,०००।- | | मोतिलाल बोहराको नाममा वीरगञ्ज नगर विकास समितिबाट खरीद |
| | जम्मा | ९१,४०५।८५ | १२,०००।- | ७९,,४०५।८४ | |
| ७ | (क) २०४१ चैत्रसम्मको बाँकी मौज्दात रकम | ७९,४०५।८४ | | | |
| | (ख) मोतिलाल बोहराको २०४२ बैशाखदेखि २०४३ चैत्रसम्मको तलव तथा भत्ता रकम | ४२,८४६।- | | | |
| | (ग) २०४२ र २०४३ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयबाट प्राप्त रकम | २०,९७०।- | | | |
| | (घ) मिति २०४२।११।१० मा कला बोहराको नाममा कैलाली देवहरिया गा.वि.स.-१ कि.नं. ५३६३ को क्षे.फ. ०-१-० वि. जग्गा खरीद | | १५,०००।- | | (२०५३ सालमा बिक्रि भईसकेको) |
| | (ङ) २०४३ सालमा का.न.पा. -३ बानेश्वरमा पहिलो र दोश्रो तल्ला घर निर्माण गर्दाको लागत रकम | | ९,०७,७९४।३५ | | |
| | जम्मा | १,४३,२२१।८४ | ९,२२,७९४।३५ | (७,७९,५७२।५१) | |
| ८ | (क) मोतिलाल बोहराको २०४४ बैशाखदेखि २०४८ कार्त्तिक महिना सम्मको तलव तथा भत्ता रकम | १,३७,३७३।- | | | |
| | (ख) २०४४ देखि २०४७ साल सम्मको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयबाट प्राप्त रकम | ५८,७२२।- | | | |
| | (ग) २०४३।०४४ सालमा वानेश्वरमा सेढघर तथा गार्ड घर निर्माण गर्दाको लागत रकम | | ७०,४७०।- | | |
| | (घ) मिति २०४८।८।१२ मा कला बोहराको नाममा पर्सा जिल्ला बेल्वा-३ स्थित कि.नं. १९२ को क्षे.फ. ०-१२-१० र कि.नं. २५५ को क्षे.फ. ०-६-१० को जग्गा | | २०,०००।- | | |
| | जम्मा | १,९६,०९५।- | ९०,४७०।- | १,०५,६२५।- | |
| ९ | (क) २०४८ कार्तिकसम्मको बाँकी मौज्दात रकम | १,०५,६२५।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ख) मोतिलाल वोहराको २०४८ मंसिरदेखि २०५० चैत्र सम्मको तलव तथा भत्ता रकम | १,३१,२४२।- | | | |
| | (ग) मिति २०४९।७।११ मा ट्युनिसियाको भ्रमण गर्दा प्राप्त रकम रु.७९,७३८।७५ मध्ये ७०% ले वचत हुने रकम | ५५,८१७।१३ | | | |
| | (घ) २०४८ र २०४९ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयको रकम | ४४,२३२।- | | | |
| | (ङ) मिति २०५०।४।२४ मा कला बोहराको नाममा भक्तपुर जिल्ला दिव्येश्वरी-२(ख) कि.नं. १३८२ को क्षे.फ. १-४-३-० को जग्गा खरीद | | १,२०,०००।- | | |
| | (च) मिति २०५०।७।२० मा अरुवाको राजधानी अरेन्जस्टाइ र अमेरिकाको भ्रमण गर्दा प्राप्त रु.२,५५,५९२।५० मध्ये ७०% ले वचत हुने रकम | १,७८,९१४।७५ | | | |
| | (छ) २०५० सालको कैलाली र पर्सा जिल्लाको कृषि आयको रकम | २३,२७०।- | | | |
| | (ज) मिति २०५०।८।८ मा कला बोहराको नाममा भक्तपुर जिल्ला दिव्येश्वरी-२(ख) कि.नं. १३८० को क्षे.फ. ०-४-०-० जग्गा खरीद | | २५,५००।- | | |
| | (झ) मिति २०५०।८।८ मा कला बोहराको नाममा भक्तपुर जिल्ला दिव्येश्वरी-२(ख) कि.नं. १३८१ को क्षे.फ. ०-४-०-० जग्गा खरीद | | २५,५००।- | | |
| | (ञ) २०५० साल मंसीरमा निजका छोरा गजेन्द्र बोहरा र छोरी सुष्मा बोहराको विवाहमा भएको खर्च | | ५,००,०००।- | | |
| | जम्मा | ५,३९,१००।८८ | ६,७१,०००।- | (१,३१,८९९।१२) | |
| १० | (क) मिति २०५०।९।२० मा ज्योत्सना बोहराको नाममा का.जि. पुरानो नैकाप-६ कि.नं. १ क्षे.फ. ०-६-०-० र कि.नं. ३३४ को क्षे.फ. ०-७-०-० जग्गा खरीद | | ६,५,०००।- | | |
| | (ख) मिति २०५०।९।२० मा ज्योत्सना बोहराको नाममा का.जि. पुरानो नैकाप-६ कि.नं. ३३५ को क्षे.फ. २-४-०-० जग्गा खरीद | | १८,५००।- | | |
| | (ग) मिति २०५०।९।२८ मा ज्योत्सना बोहराको नाममा काठमाण्डौ बलम्बु-८(क) कि.नं. ८७ क्षे.फ. ११-८-०-० जग्गा खरीद | | ९४,०००।- | | |
| | (घ) मिति २०५०।१०।३ मा कला बोहराको नाममा पर्सा जिल्ला वेल्वा -३ स्थित कि.नं. १४१ को क्षे.फ. ०-४-० बिगाहा जग्गा खरिद | | ५,०००।- | | |
| | (ङ) मिति २०५०।११।६ मा कला बोहराको नाममा मकवानपुर जिल्ला हेटौंडा न.पा.-८ स्थित कि.नं. ५९१२ को क्षे.फ. ०-१-७.५ र कि.नं. ५९१५ को क्षे.फ. ०-०-१२.५ जग्गा खरीद | | ५४,०००।- | | वयान बमोजिम |
| | (च) मिति २०५०।११।१० मा कला बोहराको नाममा चितवन जिल्ला नारायणगढ ५(ग) कि.नं. ६९५ को क्षे.फ. ०-१४-१९.७५ को जग्गा खरीद | | १,५३,०००।- | | |
| | (छ) मिति २०५०।१२।४ मा कला बोहराको नाममा कैलाली जिल्ला मालाखेती-७ कि.नं. ४९८ स्थित क्षे.फ. ०-१-३ जग्गा खरीद | | ३०,०००।- | | |
| | जम्मा | - | ४,१९,५००।- | (४,१९,५००।-) | |
| ११ | (क) मोतिलाल बोहराको २०५१ बैशाखको तलव तथा भत्ता रकम | ४,९५०।- | | | |
| | (ख) २०५१ बैशाखको का.म.न.पा. बानेश्वरको घर भाडाबाट प्राप्त रकम | २,९६३।- | | | घरभाडा कर तिरेको आधारमा |
| | (ग) मिति २०५१।२।५ मा मोतिलाल बोहराको नाममा कैलाली जिल्ला टिकापुर-९(थ) कि.नं. २० क्षे.फ. ०-०-१४.८१ को (२५०.७३ वर्गफीट ) तथा मिति २०५१।२।५ मा मोतिलाल बोहराको नाममा कैलाली जिल्ला टिकापुर-९(झ) कि.नं. ६२९ क्षे.फ. ०-३-३.३६७ को जग्गा खरीद | | १,३०,०००।- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (घ) मिति २०५१।२।२० मा कला बोहराको नाममा हरिसिद्धी ईंटा टायल कारखानाको रु.१००।- दरको १००० कित्ता शेयर खरीद | | १०,०००।- | | |
| | (ङ) मिति २०५१।२।२२ मा ज्योत्सना बोहराको नाममा काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर-५ स्थित कि.नं. ७२३ को क्षे.फ. १-१५-१-३ जग्गा खरीद | | २०,०००।- | | |
| | (च) मोतिलाल बोहराको २०५१ जेष्ठदेखि २०५१ पौषसम्मको तलव भत्ता | ४४,८५०।- | | | |
| | (छ) २०५१ जेष्ठदेखि पौषसम्मको का.म.न.पा. बानेश्वरको घरको घरभाडाबाट प्राप्त रकम | २३,७०४।- | | | |
| | (ज) मिति २०५१।१०।१५ मा कला बोहराको नाममा बाँके जिल्ला कोहलपुर-३(क) कि.नं. ६३१ को क्षे.फ. ०-०-६.५ जग्गा खरीद | | ५०,०००।- | | |
| | (झ) मोतिलाल बोहराको २०५१ माघदेखि २०५१ चैत्रसम्मको तलव तथा भत्ता रकम | १४,८५०।- | | | |
| | (ञ) २०५१ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयको रकम | २७,०९१।- | | | |
| | (ट) २०५१ माघदेखि चैत्रसम्मको बानेश्वरको घरभाडाबाट प्राप्त रकम | ८,८८९।- | | | |
| | (ठ) मिति २०५१।१२।१० मा कला बोहराको नाममा चितवन जिल्ला नारायणगढ ५(ग) कि.नं. ६९४ को क्षे.फ. ०-०-१० को जग्गा खरीद | | ७,५००।- | | |
| | जम्मा | १,२७,२९७।- | २,१७,५००।- | (९०,२०३।-) | |
| १२ | (क) मोतिलाल वोहराको २०५२ बैशाखदेखि २०५२ भाद्रसम्मको तलव तथा भत्ता रकम | २५,२९०।- | | | |
| | (ख) २०५२ बैशाखदेखि २०५२ भाद्रसम्मको का.म.न.पा. बानेश्वरको घरभाडाबाट प्राप्त रकम | १६,२९५।- | | | |
| | (ग) मति २०५२।३।२८ मा ईटालीको भ्रमण गर्दा प्राप्त रकम रु.१,२८,८८८।१३ मध्ये ७०% ले वचत हुने रकम | ९०,२२१।६९ | | | |
| | (घ) मिति २०५२।६।२३ मा जितेन्द्र बोहराको नाममा कैलाली जिल्ला बलिया-८ कि.नं. १४८६ को क्षे.फ. ०-२-० जग्गा खरीद | | २०,०००।- | | |
| | (ङ) मिति २०५२।६।२४ मा जितेन्द्र बोहराको नाममा कैलाली जिल्ला बलिया-८ कि.नं. १४८९ को क्षे.फ. ०-१-० जग्गा खरीद | | १०,०००।- | | |
| | (च) मोतिलाल वोहराको २०५२ असोजदेखि २०५२ चैत्रसम्मको तलव तथा भत्ता रकम | ४२,,९१०।- | | | |
| | (छ) २०५२ असोजदेखि २०५२ चैत्रसम्मको का.म.न.पा. बानेश्वरको घरभाडा वापत प्राप्त रकम | २२,,८१३।- | | | |
| | (झ) २०५२ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयको रकम | २७,६७४।- | | | |
| | जम्मा | २,२५,२०३।६९ | ३०,०००।- | १,९५,२०३।६९ | |
| १३ | (क) २०५२ साल चैत्रसम्मको बाँकी मौज्दात रकम | १,९५,२०३।६९ | | | |
| | (ख) मिति २०५३।१।६ मा भारतको भ्रमण गर्दा प्राप्त रकम रु.८,५०१।०४ मध्ये ७०% ले वचत हुने रकम | ५,९५०।७३ | | | |
| | (ग) मिति २०५३।१।२८ मा कला बोहराको नाममा का.जि. विष्णु गा.वि.स.-१(ख) कि.नं. ३७० को क्षे.फ. १-३-३-१ जग्गा खरीद | | १५,०००।- | | |
| | (घ) मिति २०५३।१।२८ मा कला बोहराको नाममा का.जि. विष्णु गा.वि..स.-१(ख) कि.नं. ३७१ को क्षे.फ. १-३-३-१ जग्गा खरीद | | १५,०००।- | | |
| | (ङ) मिति २०५३।३।२३ मा रा.वा. वैंक वानेश्वरमा मोतिलाल बोहराको चल्ती खातामा जम्मा गरेको नगद रकम | | ५,०००।- | | |
| | (च) मिति २०५३।३।२५ मा रा.वा. वैंक वानेश्वरमा मोतिलाल बोहराको चल्ती खातामा जम्मा गरेको नगद रकम | | ३२,०००।- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (छ) मोतिलाल वोहराको २०५३ बैशाखदेखि २०५३. फाल्गुणसम्मको तलव तथा भत्ता रकम | ६२,२२०।- | | | |
| | (ज) मिति २०५३।६।२ मा भक्तपुर जिल्ला दिव्येश्वरी-२(ख) को कि.नं. १३८०, १३८१ र १३८२ को क्षे.फ. क्रमशः ०-४-०-०, ०-४-०-० र १-४-३-० को जग्गा बिक्रीबाट प्राप्त रकम | २,२४,०००।- | | | |
| | (ज) मिति २०५३।७।२० मा टर्कीको अल्ट्राल्याको भ्रमण गर्दा प्राप्त रु.१,३०,७०८।१३ मध्ये ७०% ले वचत हुने रकम | ९१,४९५।६९ | | | |
| | (झ) २०५३ बैशाखदेखि असोजसम्ममा बानेश्वरको घरभाडाबाट प्राप्त रकम | ८,१४८।- | | | घरबहाल कर तिरेको आधारमा |
| | (ञ) मिति २०५३।९।१७ मा कला बोहराको नाममा पर्सा जिल्ला बेल्वा-३ को कि.नं. १८० को क्षे.फ. ०-२-०-० जग्गा खरीद | | ५,०००।- | | |
| | (ट) २०५३ कार्तिक देखि चैत्रसम्मको बानेश्वरको घरभाडाबाट प्राप्त रकम | ८,१४८।- | | | |
| | (ठ) मिति २०५३।८।१४ मा मोतिलाल बोहराको रा.वा.वैंक वानेश्वरको चल्ती खातामा जम्मा गरेको नगद रकम | | ३,२९,०००।- | | |
| | (ड) मिति २०५३।८।१७ मा मोतिलाल बोहराको रा.वा.वैंक वानेश्वरको चल्ती खातामा जम्मा गरेको नगद रकम | | २,००,०००।- | | |
| | (ढ) मिति २०५३।८।१८ मा मोतिलाल बोहराको रा.वा.वैंक वानेश्वरको चल्ती खातामा जम्मा गरेको नगद रकम | | १,००,०००।- | | |
| | (ण) २०५३ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयको रकम | २९,२९४।- | | | |
| | (त) २०५३।३।२५ र ८।१९ मा मोतिलाल बोहराको रा.वा. बैंक बानेश्वरको चल्ती खातावाट झिकेको रकम | ५,७५,४८४।- | | | |
| | (थ) २०५३।९।२३ मा मोतिलाल बोहराको नाममा बा.२.च. ९३८५ को टोयटा टसेल कार खरीद | | ६,१८,८८७।- | | मोतिलाल बोहराको रा.वा. बैंकको चल्तीखाताबाट झिकेको रकमबाट |
| | (द) मिति २०५३। १०।२९ मा स्टयाण्डर्ड चार्टर्ड बैक बानेश्वरमा कला बोहराको बचत खातामा जम्मा गरेको नगद रकम | | ३,००,०००।- | | |
| | (ध) मिति २०५३। ११।२७ मा स्टयाण्डर्ड चार्टर्ड बैक बानेश्वरमा कला बोहराको बचत खातामा जम्मा गरेको नगद रकम | | १,००,०००।- | | |
| | (न) २०५२/०५३ मा पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिकामा भुईं तल्ला घर निर्माण गर्दाको लागत खर्च | | ९,०६,४९९।५९ | | |
| | (प) २०५३ सालमा पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिकामा निर्माण गरेको घरको पहिलो तल्लाको लागत खर्च | | १३,३९,१९६।२८ | | |
| | जम्मा | ११,९९,९४४।११ | ३९,६५,५८२।८७ | (२७,६५,६३८।७६) | |
| १४ | (क) मिति २०५४।१।२४ मा रा.वा. बैंक बानेश्वरस्थित मोतिलाल बोहराको बचत खाता खोल्दा जम्मा गरेको नगद रकम | | १,७५,०००।- | | |
| | (ख) मिति २०५४।४।१९ मा कर्मचारी संचय कोषबाट कोषको रकम प्राप्त | ३,०६,४४१।७७ | | | |
| | (ग) मिति २०५४।५।१३ मा स्ट्याण्डर्ड चार्टर्ड बैंकमा कला बोहराको खातामा जम्मा भएको नगद रकम | | १,००,०००।- | | |
| | (घ) २०५४ सालको कैलाली र पर्सा जिल्लाको कृषि आय को रकम | ३१,७२३।- | | | |
| | (ङ) २०५३ फाल्गुण १६ देखि २०५४ साल चैत्रसम्मको मोतिलाल बोहराको पेन्सनबाट प्राप्त रकम | ५२,९४८।६२ | | | |
| | जम्मा | ३,९१,११३।३९ | २,७५,०००।- | १,१६,११३।३९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | (क) २०५४ साल चैत्रसम्मको वाँकी मौज्दात रकम | १,१६,११३।३९ | | | |
| | (ख) मिति २०५५।१०६ मा मोतिलाल बोहराले मालिका विकास बैंकको ३,९०० कित्ता शेयरमा गरेको लगानी रकम | | ३,९०,०००।- | | |
| | (ग) मिति २०५५।१०।२७ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको रकम | | ६०,०००।- | | |
| | (घ) २०५५ सालको कैलाली र पर्सा जिल्लाको जग्गाबाट प्राप्त कृषि आयको रकम | ३०,६०६।- | | | |
| | (ङ) मोतिलाल वोहराको २०५५ सालको पेन्सनबाट प्राप्त रकम | ५७,२५२।- | | | |
| | (च) २०५५ सालमा वीरगञ्ज उप-महानगरपालिकामा दोस्रो तल्ला घर निर्माण गर्दा लागेको लागत रकम | | १३,३९,१९६।२८ | | |
| | (क) मोतिलाल वोहराको २०५६ सालको पेन्सनबाट प्राप्त रकम | ५७,२५२।- | | | |
| | (ख) २०५६ सालको कैलाली र पर्सा जिल्लाको जग्गाको कृषि आयरकम | ३५,९७३।- | | | |
| | (ग) मिति २०५६ सालमा मोतिलाल बोहराले सशस्त्र प्रहरी बलमा कार्य गरे वापत प्राप्त पारिश्रमिक | ४०,०००।- | | | |
| | जम्मा | ३३७१९६।३९ | १७,८९,१९६।२८ | १४,५१,९९९।८९) | |
| १६ | (क) मिति २०५७।२।३१ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको रकम | | ६,००,०००।- | | विजेन्द्र जोशीबाट चेक प्राप्त |
| | (ख) मिति २०५७।३।७ मा मोतिलाल बोहराको नाममा नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीको १,००० कित्ता शेयर खरीद | | ५०,०००।- | | ५० प्रतिशत मात्र भुक्तानी भएको |
| | (ग) मिति २०५७।३।३२ मा मोतिलाल बोहराको नाममा मालिका विकास बैंकको ६०० कित्ता शेयर खरीद गर्दाको रकम | | ६०,०००।- | | |
| | (घ) मिति २०५७।४।२० मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको नगद रकम | | ७०,५७७।१० | | |
| | (ङ) मिति २०५७।७ र २०५७।७।२८ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको नगद रकम | | २,२०,०००।- | | |
| | (च) मिति २०५७।७।३० मा मोतिलाल बोहराको नाममा मालिका विकास बैंकको ७०० कित्ता शेयर खरीद गर्दाको रकम | | ७०,०००।- | | |
| | (छ) मिति २०५७।८।७ मा मोतिलाल बोहराको नाममा मालिका विकास बैंकको ६७५ कित्ता शेयर खरीद गर्दाको रकम | | ६७,५००।- | | |
| | (ज) मिति २०५७।८।२९ मा औषधि उपचार र संचित विदा वापतको प्राप्त रकम | १,७६,८९९।- | | | |
| | (झ) मिति २०५७ मंसिरमा छोरी ज्यात्सना बोहराको विवाहमा लागेको खर्च रकम | | ४,००,०००।- | | |
| | (ञ) मिति २०५७।९।१ मा मोतिलाल बोहराको नाममा मालिका विकास बैंकको १,३७५ कित्ता शेयर खरीद गर्दाको रकम | | १,३७,५००।- | | |
| | (ट) मोतिलाल बोहराको २०५७ सालको पेन्सनबाट प्राप्त रकम | १,०३,९२२।- | | | |
| | (ठ) २०५७ सालको कैलाली र पर्सा जिल्लाको जग्गाबाट प्राप्त कृषि आयको रकम | ३२,५६४।- | | | |
| | जम्मा : | ३,१३,३८५। | १६,७५,५७७।१० | (१३,६२,१९२।१०) | |
| १७ | (क) मिति २०५८।३।२४ मा कला बोहराको नामको पर्सा जिल्ला लालपर्सा-३ स्थित विभिन्न जग्गा बिक्रीबाट प्राप्त रकम | २,६८,२५०।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ख) मिति २०५८।४।२३ मा मोतिलाल बोहराको नाममा मालिका विकास बैंकको १,००० कित्ता शेयर खरीद गर्दाको रकम | | १,००,०००।- | | |
| | (ग) मिति २०५८।४।३० मा मोतिलाल बोहराको नाममा नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीको १,००० कित्ता शेयर खरीद | | ५०,०००।- | | ५० प्रतिशत मात्र भुक्तानी |
| | (घ) मिति २०५८।८।२३ मा मोतिलाल बोहराको नाममा नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीको १,००० कित्ता शेयर खरीद | | ५०,०००।- | | ५० प्रतिशत मात्र भुक्तानी |
| | (ङ) मिति २०५८।९।५ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको नगद रकम | | १,७१,०००।- | | |
| | (च) मिति २०५८।९।२२ मा कैलाली जिल्ला देवहरिया गा.वि.स.-१ स्थित कि.नं. ५३६३ को जग्गा बिक्रीबाट प्राप्त रकम | २५,०००।- | | | |
| | (छ) मिति २०५८।११।१९ मा कला बोहराको स्ट्यायण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको नगद रकम | | ८,००,०००।- | | |
| | (ज) मोतिलाल वोहराको २०५८ सालको पेन्सनबाट प्राप्त रकम | १,१७,९२३।- | | | |
| | ( झ ) २०५८ सालको कैलाली र पर्सा जिल्लाको जग्गाबाट प्राप्त कृषि आयको रकम | ३४,८३८।- | | | |
| | जम्मा | ४,४६,०११।- | ११,७१,०००।- | (७,२४,९८९।-) | |
| १८ | (क) मिति २०५९।३।३२ मा मोतिलाल बोहराको नाममा मालिका विकास वैंकको १७५० कित्ता शेयर खरीद गर्दाको रकम | | १,७५,०००।- | | |
| | (ख) मिति २०५९।३।३२ मा मालिका विकास बैंकमा कला बोहराको मुद्धती खातामा जम्मा भएको रकम | | ५,००,०००।- | | |
| | (ग) मिति २०५९।३।३२ मा मालिका विकास वैंकमा जितेन्द्र बोहराको मुद्धती खातामा जम्मा भएको रकम | | २,००,०००।- | | |
| | (घ) मिति २०५९।३।३२ मा मालिका विकास बैंकमा मोतिलाल बोहराको बचत खातामा जम्मा भएको रकम | | ३०,५३५।- | | |
| | (ङ) २०५९।५।१९ मा कला बोहराको नाममा रहेको पर्सा जिल्ला लालपर्सा -३ को कि.नं. २० को जग्गा विक्रीबाट प्राप्त रकम | १८,०००।- | | | |
| | (च) मिति २०५९।८।१७ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको नगद रकम | | २,२०,०००।- | | |
| | (छ) मिति २०५९।११।२६ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको नगद रकम | | १४,००,०००।- | | |
| | (ज) मिति २०५९।११।२९ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खाताबाट झिकेको रकम | १४,००,०००।- | | | |
| | (झ) २०५९ सालको पेन्सन आम्दानी | १,१७,९२३।- | | | |
| | जम्मा | १५,३५,९२३।- | २५,२५,५३५।- | (९,८९,६१२।-) | |
| १९ | (क) मिति २०६०।२।२६ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खातामा जम्मा भएको रकम | | १३,००,०००।- | | |
| | (ख) मिति २०६०।२।२७ मा कला बोहराको स्ट्याण्डर्ड चार्टर्ड बैंकको बचत खाताबाट झिकेको रकम | १३,००,०००।- | | | |
| | जम्मा | १३,००,०००।- | १३,००,०००।- | - | |

मोतिलाल बोहराको पैतृक सम्पत्ति :

प्रतिवादी मोतिलाल बोहराका बाबु रंगवीर बोहराको नाममा अछाम जिल्ला गाजरा-४ मा कि.नं. २३ समेतमा आलीकाल्ला गरी क्षेत्रफल २०-११-३-३ रोपनी जग्गा रहेको पाइन्छ। सो स्थानमा एक घर

समेत रहे भएको देखिन्छ । सो घर पैतृक अवस्थाको रहेको र सो घर मर्मत रंगरोगन गर्न रु.२,००,०००।- लागेको तथा लागत रकम अछामको खेतीबाट आर्जित रकम लगानी गरेको भन्ने प्रतिवादी मोतिलाल बोहराको कथन रहेको छ । उक्त घर जग्गा पैतृक रहेको र रंगरोगन मर्मत रकम सोही स्थानको खेतीबाट आम्दानी समेत प्राप्त हुने भएकोले सो जग्गा रहेको भौगोलिक स्थान उत्पादन, श्रम लगानी एवं प्रयोजन समेत हेर्दा सो स्थानमा रहेको जग्गाको आम्दानी तथा अन्य वचत समेतले उक्त रङ्गरोगन गरेको अवस्था देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराका स्व. पिता रंगवीर बोहराका नाममा मिति २०३१।२।२३ मा कैलाली मौरनियामा वेजिल्लाका रूपमा काठमाण्डौबाट पारित गरी कि.नं. ७१ को क्षेत्रफल २-४-५ र कि.नं. १ को क्षेत्रफल ४-३-१६ क्रमशः रु.११,१२५।- र रु.२०,९५०।- गरी जम्मा रु.३२,०७५।- मा खरीद गरेको देखिन्छ । प्रतिवादी मोतिलाल बोहराका परिवार २०३१ सालमा अछामबाट तराई झरेको देखिन्छ । सो वखत प्रतिवादी मोतिलाल बोहराका पिता रंगवीर बोहरा र काका नयाराम बोहरा सो जग्गाका सम्बन्धमा भने सगोलमा रहेको पनि देखिन्छ । सोही जग्गामध्ये कैलाली मौरनिया-४ कि.नं. १ को क्षेत्रफल ४-३-१६ जग्गा नयाराम बोहरालाई मिति २०५४।८।५ मा प्रतिवादी मोतिलाल बोहराले अंशवण्डा पारित गरी हस्तान्तरण गरेको पनि देखिन्छ । सो अंशवण्डा लिखतमा कैलाली टिकापुरस्थित जग्गालाई अंश भाग लाग्ने पैतृक जग्गा भन्ने पनि देखाइएको छ ।

अंशवण्डा पारित गर्दा प्रतिवादी मोतिलाल बोहरा र नयाराम बोहराका अन्य सम्पत्ति उल्लेख गरिएको छैन । २०४७ सालमा प्रतिवादी मोतिलाल बोहराले आफ्नी पत्नीसँग अंश गर्दा पनि नयाराम बोहराको बारेमा कुनै उल्लेख छैन । निजहरूबीच अन्य काम कारोवार सामुहिक रुपमा गरे भएको पनि देखिंदैन । तसर्थ प्रतिवादी मोतिलाल बोहरा र नयाराम बोहराको पैतृक सम्बन्ध कैलालीमा रहेका बाबुका नामको जग्गासँग मात्र सम्बन्धित देखिन्छ । तसर्थ उक्त अंशवण्डाको लिखत समेतबाट उक्त जग्गा पैतृक अवस्थाको देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराकी आमा दीपादेवी बोहराका नाममा मिति २०३५।९।२५ मा का.म.न.पा. साविक वडा नं. ३ कि.नं. ६३२ को क्षेत्रफल ०-१२-०-० रोपनी जग्गा खरीद भएको देखिन्छ । सो जग्गाको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा उक्त जग्गा निजका बुबा स्व. रंगवीर

बोहराले प्रतिवादी मोतिलाल बोहराको सानु मुमा दीपादेवी बोहरालाई दिनुभएको रु.६७,०००।- र चाँदीका सिक्का कम्पनी रुपैयाँ ४,८००।- मध्येबाटै भएको हो, त्यो मेरो सेवा अवधिको आर्जन होइन भन्ने रहेको छ ।

प्रतिवादी मोतिलाल बोहराका पिता रंगवीर बोहराले दीपादेवी बोहरालाई तत्वखतको रु.६७,०००।- र निजको कथन बमोजिम रु.१०३।- का दरले रु.४,९४,०००।- मूल्य बराबरको रु.४,८००।- कम्पनी सिक्का दिएको भन्ने भनाई पूर्णत अपत्यारिलो र तथ्यले समर्थन नगर्ने देखिन्छ । एक पत्नीलाई मात्र त्यति सम्पत्ति दिई अन्य पत्नी छोरालाई केही नदिने अवस्था तर्कपरक देखिन्न । निज रंगवीर बोहरासँग त्यस वखत नै रु.६७,०००।- नगद एवं रु.४,९४,०००।- मूल्य पर्ने कम्पनी रुपैयाँ रहे भएको देखिने, समर्थन हुने वा विश्वासप्रद कुनै आधारहरू छैनन् । अछाम जिल्लाबाट २०३१ सालमा कैलाली झरेपछिको निजको स्पष्ट आर्थिक अवस्था आयव्यय तालिकाले झल्काएको छ । कम्पनी रुपैयाँ बिक्री गरेको भन्ने कुरा आधारहीन देखिन्छ । तथापि निज स्व. रंगवीर बोहराका दुईवटी पत्नी भएका, जेठी पत्नी मनसरा बोहराले कैलाली टिकापुरको जग्गा २०५४ सालमा अंश भाग लगाउँदा निज दीपादेवी बोहराको भाग नदेखिएको, सो साविक का.म.न.पा.-३ को कि.नं. ६३२ को जग्गा तत्वखत नै दीपादेवी बोहराका नाममा खरीद भएको देखिएको समेत अवस्था रहेकोले प्रतिवादी मोतिलाल बोहराले उक्त जग्गा निजका बुबाबाट दीपादेवी बोहराले प्राप्त गरेको केही रकम र केही चाँदीका सिक्का तथा प्रतिवादी मोतिलाल बोहराले आर्जन गरेको तत्वखतका तालिका बमोजिमका रकम समेतले खरीद गरिदिएको भन्ने कुरालाई सोही जग्गा २०५७ सालमा पारित गरेको लिखत समेतले समर्थन गरेकोले सो साविक का.म.न.पा.-३ को क्षेत्रफल ०-१२-० जग्गाको स्रोत पुष्टि हुने देखिन्छ ।

पर्सा जिल्ला लालपर्सा-३ मा नयाराम बोहराका नाममा मिति २०३६।७।१४ मा क्रमशः कि.नं. २३ मा क्षे.फ. ०-१०-०, कि.नं. २५ मा क्षे.फ. ०-१०-५, कि.नं. २० मा क्षे.फ. ०-३-०, कि.नं. २४ मा क्षे.फ. ०-९-०, कि.नं. २८ मा ०-११-० र कि.नं. २६ मा क्षे.फ. ०-११-० गरी जम्मा क्षे.फ २-१४-५ बिगाह जग्गा खरीद गरेको देखिन्छ । त्यस्तै निजै नयाराम बोहराका नाममा पर्सा जिल्ला बेल्वा-३ मा मिति २०३६।७।१८ मा कि.नं. १७८ क्षे.फ. १-१२-० जग्गा खरीद गरेको देखिन्छ । सो जग्गा प्रतिवादी मोतिलाल बोहराको वयान कथन बमोजिम भन्सार कमिशनको रकमबाट खरीद गरी काका नयाराम बोहराका नाममा राखेको भन्ने देखिन्छ ।

सो वयान कथन समेतका सम्बन्धमा हेर्दा प्रतिवादी मोतिलाल बोहराले २०३६ सालमा उक्त दुवै ठाउँका जग्गाहरू नयाराम बोहराका नाममा खरीद गर्दा निजले आयव्यय तालिकामा देखाईए बमोजिम तलव

भत्ता समेत संचित गरेको देखिन्छ । प्रतिवादी मोतिलाल बोहराले २०३५ सालमा भन्सार कार्यालयबाट प्रतिवेदन पुरस्कार कमिशन वापत रु.६३,५४२।- प्राप्त गरेको समेत देखिएको र निज सोही ठाउँमा कार्यरत रहेको तथा निजको वयान कथनलाई पुष्टि गर्ने वस्तुगत आधार रहेको समेत देखिएकोले सो जग्गा खरीद गरेको स्रोत पुष्टि भएको देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराका काका नयाराम बोहराको नाममा पर्सा जिल्ला बेल्वा गा.वि.स.-१ मा कि.नं. ३७ क्षे.फ. ०-१२-१०, ऐ. वडा नं. ३ कि.नं. २७५ क्षे.फ. ०-१२-१० तथा ऐ. वडा नं. १ कि.नं. १४९ क्षे.फ. १-०-० गरी जम्मा क्षे.फ. २-५-० बिगाह जग्गा २०३७ सालमा खरीद गरेको देखिन्छ । उक्त जग्गाहरूको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा सो जग्गा समेत निजले भन्सार कार्यालयबाट कमिशन वापत प्राप्त गरेको रकमले खरीद गरेको भन्ने देखिन्छ । प्रतिवादी मोतिलाल बोहरा २०३६/०३७ सालमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत रहेको र निजले भन्सार कार्यालयबाट कमिशन वापत तालिका बमोजिमको रकम प्राप्त गरेको देखिन्छ । ती जग्गाहरू प्रतिवादी मोतिलाल बोहराले २०५२ सालमा आफ्नी पत्नी कला बोहराका नाममा ल्याएको देखिन्छ । उपरोक्तानुसार सो जग्गा खरीद गर्ने आय निजसँग तत् वखत देखिएकोले सो जग्गा खरीदको स्रोत पुष्टि भएको देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराकी आमा दीपादेवी बोहराका नाममा २०३५ सालमा खरीद भएको साविक का.म.न.पा.-३ कि.नं. ६३२ को जग्गामा २०३६ सालमा घर निर्माण शुरु भएको, घर निर्माण कार्य तुरुन्त समाप्त नहुने समेत भएको हुनाले स्वाभावतः २०३६/०३७ सालमा भुई तल्ला घर निर्माण भएको देखिन्छ । प्राविधिक मूल्याङ्कन बमोजिम सो घरको अनुपातिक रुपमा भुई तल्लाको लागत रु.६,१८,२२६।२३ भएको देखिन्छ । सो घर निर्माणको स्रोतका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन समेत हेर्दा निजका बुबा स्व. रंगवीर बोहराले दिनुभएको रु.१०३।- प्रति एक कम्पनी रुपैयाँका दरले बिक्री गरेको रु.४,८००।- र नगद रु.६७,०००।- मध्येको हो भन्ने उल्लेख भएको पाइन्छ ।

प्रतिवादी मोतिलाल बोहराले प्रस्तुत गर्नुभएको स्रोतका सम्बन्धमा हेर्दा निजले सो समयमा उक्त कम्पनी रुपैयाँ रु.४,९४,४००।- मा बिक्री गरी रकम प्राप्त गरेको भन्ने कुरा पुष्टियोग्य नभएको र सो रकमले उक्त घरले चर्चेको जग्गाहरू खरीद गर्नुका साथै घरको तल्ला समेत थपेको भन्ने कथन सरासर अपुष्ट र अपत्यारिलो भएको विश्लेषण माथि नै गरिएको छ । तर्कसंगत र वस्तुगत अवस्थाले समर्थन गर्ने स्रोतयुक्त आय रकमले निज दिपादेवी वोहराले साविक का.म.न.पा.-३ मा कि.नं. ६३२ को क्षे.फ. ०-१२-०-०

रो. जग्गा खरीदमा लगानी गरेको कुरा माथि नै उल्लेख गरिसकिएको छ। प्रतिवादी मोतिलाल बोहराका कथन समेत बमोजिमका सो घरका विभिन्न तल्ला एवं घरले चर्चेका विभिन्न जग्गाहरू खरीद गर्न उक्त कम्पनी सिक्का बिक्री र भनिएको रु.६७,०००।- रकम लगानी गरेको भन्ने कथन कहींबाट समर्थन हुने देखिन्न । तर प्रतिवादी मोतिलाल बोहराले २०३६/०३७ सालमा तलबका अतिरिक्त भन्सार कार्यालय पर्साबाट कमिशन वापत रकम समेत प्राप्त गरेको देखिन्छ। निज सन् १९७३ मा जापान गएको र निजले जापानबाट प्राप्त गरेको रकम नखुलेको भएतापनि केही बचत हुनसक्ने भएको देखिन्छ।

२०३६ सालमा निर्माण शुरू भएको उक्त घर मिति २०३६/०३७ मा समाप्त भएको स्वाभाविक निष्कर्ष निस्कन्छ। २०३५ सालमा स्वर्गे हुनुभएका प्रतिवादी मोतिलाल बोहराका पिताले केही रकम र केही चाँदीका सिक्का दिएकोबाट सो सिक्का बिक्री र प्राप्त रकमबाट माथि उल्लिखित जग्गा खरिद गर्नमा लगानी भएको हुनसक्ने भनी उल्लेख भई सकेको छ। सो बाहेक पनि निजसँग केही पुर्ख्यौली सम्पत्ति बँचत भएको भए सो रकम, जापान भ्रमणबाट प्राप्त केही आय र निज मोतिलाल बोहराको आयव्यय तालिकामा उल्लेख भएको वचत रकम समेत गरी निज दीपादेवी बोहराका नाममा निर्माण भएको भुईं तल्ला घरमा लगानी भएको छ। यसरी प्रतिवादी मोतिलाल बोहराको वचत रकम एवं निजका स्व. बुबाले दिएको समेतका रहे बचेका रकमले सो घर निर्माण भएको यथार्थ निष्कर्ष निस्केको र सो घरको भूँई तल्लाको निर्माणको स्रोत पुष्टि हुने देखिन्छ।

प्रतिवादी मोतिलाल बोहराकी आमा दीपादेवी बोहराका नाममा मिति २०३८।२।८ र २०३८।८।२१ मा साविक का.म.न.पा.-३ को कि.नं. ४७७ मा क्षे.फ. ०-८-०-० र ऐ.ऐ. साविक कि.नं. १०४ मा क्षे.फ. ०-९-०-० गरी जम्मा क्षे.फ. १-१-०-० रो. जग्गा खरीद गरेको देखिन्छ। ती जग्गाहरू तथा ऐ.को कि.नं. ६३२ समेत गरी तालिकामा उल्लेख भए बमोजिम कि.नं. १४१ भई जम्मा क्षे.फ. १-१५-३-१ कायम भएको देखिन्छ। ती जग्गामध्ये २०५७ सालमा अंश भरपाई लिखत गरी कि.नं. ३४१ क्षे.फ. १-३-३-१ रो. प्रतिवादी मोतिलाल बोहरा र कि.नं. ३४२ को क्षे.फ. ०-१२-०-० रो. जग्गा दीपादेवी बोहराका नाममा गएको देखिन्छ। सो जग्गामध्ये प्रतिवादी मोतिलाल बोहराकी आमा दीपादेवी बोहराको नाममा मिति २०३८।२।८ मा खरीद गरेको साविक का.म.न.पा.-३ कि.नं.४७७ क्षे.फ. ०-८-० रो.को स्रोतका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा निजका स्व. बुबाले आर्जेको रकम र चाँदीका कम्पनी रु.४,८००।- नै हो भन्ने रहेको छ।

प्रतिवादी मोतिलाल बोहराले विभिन्न महलमा निजका बुबाले दिएको रकम र कम्पनी रुपैयाँलाई सम्पत्ति आर्जनको स्रोत देखाउनुभएको छ । सो रकम बचत भई उक्त जग्गा खरिदको लागि स्रोत हुँदै नभएको र यदि केही भएकै भए पनि सोको लगानीबाट आर्जित सम्पत्ति माथि नै चर्चा गरिसकिएको छ । तसर्थ प्रतिवादी मोतिलाल बोहराले वयान कथन बमोजिमको स्रोत लगानी गरी उक्त जग्गा खरीद गरेको पुष्टि हुँदैन । प्रतिवादी मोतिलाल बोहराले मिति २०३८।१।२ तथा मिति २०३८।१।१६ मा रु.७,३०९।- वीरगञ्ज भन्सार कार्यालयबाट भन्सार कमिशन प्राप्त गरेको देखिन्छ । सो समयमा २०३८ बैशाखको रु.८०१।- तलव समेत प्राप्त गरेको देखिन्छ । तसर्थ सो जग्गा खरीद गर्नुपूर्व निजसँग भन्सार कमिशन तथा तलव समेत गरी रु.८,११०।४० रहेभएको देखिन्छ । सो समयमा निजले कृषि आय प्राप्त गर्न सकेको देखिन्न । २०३७ सालमा प्राप्त कृषि आय घर निर्माणमा लगानी गरेको देखिन्छ । तसर्थ सो जग्गा वैधानिक स्रोत खुलेको सम्पत्ति र वैधानिक स्रोत नखुलेको सम्पत्तिको समिश्रण देखिन्छ । अत: वैधानिक स्रोत खुलेको र स्रोत नखुलेको लगानी रकमको अनुपातमा हाल प्रचलित मूल्य रु.२२,००,०००।- मध्ये रु.७,१३,६८३।५२ बराबरको रकमको स्रोत खुलेको र रु.१४,८६,३१६।४८ बराबरको रकमको स्रोत नखुलेको देखिन्छ । यसरी स्रोत खुलेको रु.८,११०।४० भएको अवस्थामा पनि निजको तत्कालिन रु. २५,०००।- पर्ने जग्गा खरिद गर्दा गैरकानूनी आर्जन समेत मिसाई खरिद गरेको देखिन आएकोले स्रोत नखुलेको हकमा मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी आमा दीपादेवी बोहराका नाममा मिति २०३८।८।२१ मा साविक का.म.न.पा.-३ मा कि.नं. १०४ को क्षेत्रफल ०-९-०-० जग्गा खरीद भएको पाइन्छ । सो जग्गाको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन समेत हेर्दा उक्त जग्गा निजका बाबु रंगवीर बोहराले आमा दीपादेवी बोहरालाई दिएको नगद रु.६७,०००।- र कम्पनी रुपैयाँ ४,८००।- बिक्री गरेर खरीद गरेको भन्ने रहेको पाइन्छ । तर प्रतिवादी मोतिलाल बोहराले प्रस्तुत गर्नुभएको स्रोतका सम्बन्धमा हेर्दा निजले उल्लेख गरेको स्रोत पुष्टि नभएको कुरा माथि नै उल्लेख भइसकेको छ र स्व. रंगवीर बोहराले दिएको केही थोरै रकम र कम्पनी रुपैयाँ पनि माथि उल्लेख गरेका जग्गा खरीद गर्दा तथा घर निर्माण गर्दा लगानी भई २०३६/३७ सालमा नै समाप्त भएको र अझै अन्य कुनै रकम बचत रहन सक्ने अवस्था नरहेको स्पष्ट छ ।

प्रतिवादी मोतिलाल बोहराको उक्त अवधिमा अन्य वैधानिक स्रोततर्फ हेर्दा निजका आय-व्यय विवरण तालिकामा उल्लेख भए बमोजिम मिति २०३८।२।१२ तथा २०३८।३।३ मा भन्सार कमिशन रकम प्राप्त गरेको, सो जग्गा खरीदको अवधिसम्मको तलव भत्ता वचत रहेको कृषि उत्पादनको याम रहेकोले कृषि आय प्राप्त भएको समेत देखिएकोले सो जग्गा खरीदको स्रोत पुष्टि हुने देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराको नाममा २०४० सालमा र निजकी पत्नी कला बोहराको नाममा मिति २०५०।१२।२८ मा नामसारी भएको पर्सा जिल्ला वीरगञ्ज उप-महानगरपालिका वडा नं. १० कि.नं. ४९५ समेतको प्लट नं. १२२७/१२६९ का गरी जम्मा क्षे.फ. ०-१-० बि. घडेरी जग्गा प्राप्त भएको देखिन्छ। सो जग्गाको प्राप्तिका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहरा समेतको वयान कथन हेर्दा उक्त जग्गा नगर विकास समितिले शहर बसाउँदा घडेरी प्लटिङ्ग गरी बिक्री गरेको र निज कर्मचारी समेत भएकोले किस्ताबन्दीमा सो जग्गा २०४० सालमा प्राप्त भएको भन्ने वयान कथन रहेको पाइन्छ। अनुसन्धानका क्रममा सो जग्गा सम्बन्धमा प्राप्त लिखत हेर्दा समेत सो घडेरी जग्गा नगर विकास समितिले प्लटिङ्ग गरी निजले खरीद गरी प्राप्त गरेको देखिन्छ।

उक्त जग्गाको खरीदको स्रोतका सम्बन्धमा हेर्दा सो जग्गा किस्ताबन्दी रूपमा २०४० सालमा रकम तिरी खरीद भई प्राप्त भएको र सोही जग्गा कला बोहराका नाममा गएको देखिएको छ। सो खरीदका समयमा प्रतिवादी मोतिलाल बोहराको जेठी छोरी रत्नाको विवाह भएकोले विवाहमा समेत रु. ५० हजार खर्च भएको देखिन्छ। तथापी निजसँग तालिका बमोजिम तलव भत्ता कृषि आय समेतको रकम वचत देखिएको र किस्ताबन्दी गरी उक्त जग्गा खरीद गरेको देखिएको हुनाले सो जग्गा खरीदको स्रोत खुलेको पुष्टि हुन आएको छ।

प्रतिवादी मोतिलाल बोहराकी आमा दीपादेवी बोहराका नाममा २०४३ सालमा साविक का.म.न.पा.-३ बानेश्वरस्थित कि.नं. ६३२, ४७७, १०४ का एकमुष्ट जग्गामा पहिलो र दोस्रो तल्ला थप भएको देखिन्छ। सो दुई तला थप गर्दा प्राविधिक मूल्यांकन बमोजिम (२०३६/०३७ सालमा बनेको समेत तलागत क्षेत्रफलको अनुपातमा मूल्य निकालिएको) जम्मा रु.९,१९,०५४।०३ लागत लागेको देखिन्छ। सो घर निर्माणको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको भनाई सो तल्लाहरू निजका स्व. बुबा रंगवीर बोहराले आमा दीपादेवी बोहरालाई दिएको कम्पनी रुपैयाँ रु.४,८००।- बिक्रीबाट प्राप्त रकम र रु.६७,०००।- नगद मध्येको हो भन्ने रहेको छ। निजको वयान कथनको स्रोतको अवस्थालाई हेर्दा प्रतिवादी मोतिलाल बोहराले निज दीपादेवी बोहराका नाममा आर्जन भएका समेत पटक पटकका पूर्ववत अवस्थाका सम्पत्तिको स्रोतमा यिनै कम्पनी रुपैयाँ रु.४,८००।- र रु.६७,०००।- नगदलाई देखाएको पाइन्छ। सो रकम पुष्टि नभएको र केही भएको जति लगानी भईसकेको सन्दर्भमा माथिकै प्रकरण प्रकरणमा विश्लेषण भईसकेको छ। सो घरमा प्रतिवादी मोतिलाल बोहराका सम्पूर्ण परिवार बसेको देखिन्छ। २०५७ सालमा सो घर रहेको

जग्गा हाल नापि भई कि.नं. १४१ भई क्षे.फ. १-१५-३-१ रो. कायम भएकोमा सोही जग्गा कित्ताकाट भई आमा दीपादेवी बोहरालाई हालको कि.नं. ३४२ दिई घरले चर्चेको जग्गामध्ये कि.नं. ३४१ क्षेत्रफल १-३-३-१ आफूले लिई अंश छोडपत्र गरे पनि व्यावसाय गर्ने सरलताको लागि मात्र उक्त कार्य गरेको निजले स्वीकार गरेको अवस्था विद्यमान छ। अतः सो घर निजै प्रतिवादी मोतिलाल बोहरालेनै निर्माण गरेको स्पष्ट हुन्छ।

सो घरको २०३६/०३७ सालमा भूँइ तल्ला निर्माण भईसकेपछि पनि निज दीपादेवी बोहराले आफ्ना स्व. पतिबाट प्राप्त गरेको यिनै कम्पनी रुपैयाँ र अन्य नगद रुपैयाँ बाँकी बचेको भए सोही बखत सो घरको माथिल्लो तला निर्माण हुन सक्दथ्यो। तर ७/८ वर्षसम्म नगद रुपैयाँ कुनै बैंक वा वित्तिय संस्थामा नराखी आफैसँग राखेको र सोही रकमबाट घरको तला थप भएको भन्ने कुरा अत्यन्त अपत्यारिलो र अतिशयोक्तिपूर्ण देखिन्छ। यसरी प्रतिवादी मोतिलाल बोहराले बयानमा भने बमोजिमको रकम लगानी गरी घर निर्माण भएको भन्ने कुनै पनि आधारहरु देखिन आएन। तत् समयमा प्रतिवादी मोतिलाल बोहराका अन्य वचतका सम्बन्धम हेर्दा तलव भत्ता वापत ४१,१००।- र कृषि आयबाट रु. २०,९७०।- र अन्य वचत रु.८१,१५१।५० वचत भएको देखिन्छ। सोही रकम मध्येबाट निजले मिति २०४२।११।१० मा कला बोहराका नाममा कैलाली देवहरियामा जग्गा पनि खरीद गरेको देखिन्छ। तसर्थ सो घर निर्माणको अवस्थामा निजसँग रु. १,२८,२२१।५० रकम रहेको र बाँकी निर्माण लागत स्रोत नखुलेको रकमबाट लगानी भएको देखिन्छ। तसर्थ सो घर निर्माणको प्राविधिक मूल्यांकन बमोजिम लागत मूल्य रु.९,०७,७९४।३५ को हाल प्रचलित मूल्य रु.४६,४७,६७२।२३ को हिसाबमा वैध स्रोत खुलेको र स्रोत नखुलेको लगानी रकमको अनुपातिक रुपमा हुन आउने रु.६,५६,४६०।०९ को स्रोत पुष्टि भएको र बाँकी रु.३९,९१,२११।३२ को वैध स्रोत पुष्टि नभएको हुनाले स्रोत पुष्टि नभएको सम्पत्तिको मागदावी लिईएको छ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा मिति २०४८।८।१२ मा पर्सा जिल्ला बेल्वा-३ मा कि.नं. १९२ क्षे.फ. ०-१२-१० र ऐ. को कि.नं. २५५ मा क्षे.फ. ०-६-१० गरी जम्मा ०-१९-० बिगाह जग्गा खरीद गरेको देखिन्छ। सो जग्गा खरीदको स्रोतको सम्बन्धमा निज मोतिलाल बोहराले कृषि आय, तलब भत्ता, समेतलाई देखाउनु भएको पाइन्छ। अनुसन्धानका क्रममा प्राप्त कागजात समेत अध्ययन गरी सो जग्गा खरीदको स्रोतको अवस्था हेर्दा सो वखतसम्ममा प्रतिवादी मोतिलाल बोहराले आयव्यय तालिका बमोजिमको तलव भत्ता प्राप्त गरेको, कृषि वचत देखिएको समेत अवस्था रहेकोले सो जग्गाको वैधानिक स्रोत रहेको पुष्टि हुन्छ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा मिति २०५०।४।२४ मा भक्तपुर जिल्ला दिब्येश्वरी-२(ख) मा कि.नं. १३८२ को क्षे.फ. १-४-३-० रो. जग्गा खरीद गरेको देखिन्छ । उक्त जग्गाको खरिदको स्रोत कृषि आय, तलब भत्ता समेतका रकम हुन भन्ने प्रतिवादी मोतिलाल बोहराको कथन रहेको छ । साथै सोही स्थानमा मिति २०५०।८।८ मा कि.नं.१३८० र कि.नं.१३८१ गरी क्षे.फ.०-८-० रोपनी जग्गा समेत खरीद गरेको देखिन्छ । प्रतिवादी मोतिलाल बोहराका नाममा खरीद गरेको उक्त जग्गाको स्रोततर्फ हेर्दा सो वखतसम्ममा निजको आय-व्यय तालिकामा उल्लेख भए बमोजिम विदेश भ्रमणमा गई रकम आय गरेको, २०४९ सालदेखिको तलव भत्ता वचत, कृषि आय समेत रहे भएको देखिन्छ । निजको आय-व्यय विवरण तालिकामा उल्लेखन भए बमोजिम तत् समयमा  कृषि आय, तलब भत्ता रकम, वैदेशिक आय समेत भएको र सो रकम लगानी भएकोले उक्त तीनै कित्ता जग्गाहरुको खरिद गर्दाको थैली अंक १,७१,०००।- रुपैयाँको स्रोत पुष्टि भएको  देखिन्छ । सो जग्गा मिति २०५३।६।२ मा रु. २,२४,०००।- मा विक्री भएको र सो वैध स्रोतलाई यथास्थानमा  स्रोत खुलेको रुपमा यथास्थानमा गणना गरिएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी छोरी ज्योत्सना बोहराका नाममा मिति २०५०।९।२० मा काठमाण्डौ जिल्ला पुरानो नैकाप-६ को कि.नं. ६१ क्षे.फ. ०-६-०-०, ऐ. कि.नं. ३३४ को क्षे.फ. ०-७-०-० तथा ऐ.ऐ. कि.नं. ३३५ को क्षे.फ. २-४-२-० रो. गरी जम्मा क्षे.फ. ३-१-२-० रो. जग्गा पारित भएको देखिन्छ । त्यसको केही दिन पश्चात मिति २०५०।९।२८ मा अर्थात निजैका नाममा काठमाण्डौ जिल्ला बलम्बु-८(क) मा कि.नं. ८७ को क्षे.फ. ११-८-०-० रो. जग्गा खरीद भएको देखिन्छ । सो जग्गाको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा  प्रतिवादी मोतिलाल बोहराका काका ब्रिटिश सेनाबाट रिटायर्ड भई भिक्षु भएका म्यान्मार यांगुन निवासी स्व. मानबहादुर बोहरा २०४८ सालमा काठमाण्डौ आउनुभएको थियो, वहाँ नेपालमा ध्यानाश्रम खोल्ने विचारमा हुनुहुन्थ्यो, पछि फर्केर म्यान्मार जानुहुँदाका वखत आफूसँग भएको रु.५,००,०००।- मलाई छोडेर जानुभयो, सोही रकममध्येबाट आफूलाई अति मनपर्ने नातिनी ज्योत्सनाका नाममा उक्त जग्गाहरू र काभ्रेपलाञ्चोक जिल्ला साँगा समेतको जग्गा खरीद गरेको भन्ने रहेको छ । उक्त जग्गाहरू खरीदको स्रोत सम्बन्धमा निज ज्योत्सना बोहराले प्रतिवादी मोतिलाल बोहराकै वयान कथनसँग मिल्ने वयान दिएको पाइन्छ । त्यस्तै निज स्व. मानबहादुर बोहराकी छोरी भनिएकी पार्वतीदेवी शर्मा बोहराका नाममा व्यक्तिगत शिफारिस पत्र पेश भएको देखिन्छ ।

सो जग्गाको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन समेततर्फ हेर्दा २०५० सालमा स्वर्गे भएका भनिएका निज मानबहादुर बोहरा म्यान्मार बर्मामा नै बसोबास गर्नुभएको देखिन्छ ।

निजका परिवारका सदस्यहरू बर्मामा नै नागरिक समेत भई विवाह समेत गरी यद्यपी रहे बसेको भन्ने देखिन्छ । निज स्व. मानबहादुर बोहराले नातिनी पर्ने ज्योत्सना बोहरालाई रु. ५,००,०००।- दिई तालिका बमोजिमको महंगो मूल्य पर्ने जग्गाहरू खरीद गरिदिनु पर्ने कुनै कारण र अवस्था देखिन्न । निज स्व. मानबहादुर बोहराले वयान कथनमा भनिए बमोजिमको रकम ल्याएको बैंक मौज्दात वा सटही समेत गरेको कहीं कतैबाट पुष्टिहुने देखिंदैन । प्रमाणको भार वहन गर्नुपर्ने दायित्व भएका प्रतिवादी मोतिलाल बोहराले सो सम्बन्धमा गरेका वयान कथनलाई समर्थन गर्ने कुनैपनि स्वतन्त्र वस्तुगत तथ्य देखाउन सक्नु भएको छैन । निज मानबहादुर बोहराकी छोरी भनिएकी पार्वतीदेवी शर्माको पत्र पनि व्यक्तिगत भएको र अन्य कुनै तथ्यले समर्थन नगरेको अवस्था छ । तसर्थ यस्तो व्यक्तिगत सिफारिशपत्र हैसियतहिन अवस्थामा रहेको छ । बर्माबाट नेपाल आउदा वा नेपालबाट बर्मा जाँदा भिसा लिनुपर्ने बाध्यात्मक ब्यवस्था छ तर सोको प्रमाण सम्म पनि पेश हुन सकेको छैन । यसरी विदेशबाट आउदा जाँदा उक्त रकम जस्ता ठूला रकमहरु ट्राभलर चेक जस्ता भरपर्दा उपाय र माध्यमद्धारा लगिने ल्याइने सामान्य प्रचलन हो तर सो रकमका सम्बन्धमा कुनै समर्थनयोग्य कागजात प्रमाण प्रस्तुत हुन सकेका छैनन् । निज मोतिलाल बोहरा एवं निजकी छोरी ज्योत्सना बोहराको काभ्रेपलाञ्चोक जिल्ला साँगाको जग्गा खरीदको स्रोत सम्बन्धमा विरोधाभाषपूर्ण वयान कथन रहेको देखिन्छ । करिव एक दशकभन्दा बढी समय व्यतित भईसक्दा पनि सो मूल्यवान जग्गाहरूका सम्बन्धमा निज स्व. मानबहादुर बोहराका परिवारका सदस्यले चासो राखेको पनि देखिन्न । यही रकमलाई निज मोतिलाल बोहरा तथा निजकी छोरी ज्योत्सना बोहराले निज ज्योत्सना बोहराका नाममा रहेको सम्पतिको स्रोत देखाएको सन्दर्भमा निज ज्योत्सना बोहराका नाममा रहेका समुच्चा सम्पतिलाई फरक मिति र फरक स्थानमा खरीद गरिएको भएता पनि एकीकृत रुपमा हेर्नुपर्ने हुन आउँछ । निज मोतिलाल बोहराको आयव्यय तालिकामा उल्लेख भए बमोजिम वचत हुन सक्ने अन्य वैधानिक स्रोत पनि नरहेको र सो जग्गामा वैध रकम लगानी भएको पनि देखिन्न । तसर्थ सो जग्गाहरू प्रतिवादी मोतिलाल बोहराले गैरकानूनी तवरबाट सम्पत्ति आर्जन गरी खरीद गरी निज ज्योत्सना बोहराका नाममा राखेकोले सो स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा पर्सा जिल्ला बेल्वा-३ मा कि.नं. १४१ को क्षे.फ. ०-४-० रो. जग्गा मिति २०५०।१०।३ मा खरीद भएको देखिन्छ । सो जग्गाको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराले कृषि आय, तलव भत्ता समेतका रकमहरू देखाउनुभएको पाइन्छ । सोको स्रोततर्फ हेर्दा उक्त जग्गा खरीद गरेको देखिएको र निजले सो वखत आय-व्यय तालिकामा उल्लेख भए

बमोजिमका तलव भत्ता समेत प्राप्त गरेको अवस्था भएको, सानो रकमले उक्त जग्गा खरीद गरेको देखिएको समेत हुनाले सो जग्गाको स्रोत पुष्टि हुने देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा मकवानपुर जिल्ला हेटौंडा नगरपालिका-८ मा २०५०।११।६ मा कि.नं. ५९१२ क्षेत्रफल ०-१-७.५ र ऐ. मा कि.नं. ५९१५ मा क्षे.फ. ०-०-१२.५ समेत गरी जम्मा क्षे.फ. ०-२-० जग्गा प्रतिवादी मोतिलाल बोहराको वयान कथन बमोजिम रु.५४,०००।- मा खरीद गरेको देखिन्छ । सो जग्गाको स्रोत सम्बन्धमा निज मोतिलाल बोहराको बयान कथन समेत हेर्दा तलब भता बचत, कृषि आय, विदेश भ्रमणबाट प्राप्त वचत समेतलाइ स्रोतको रुपमा प्रस्तुत गर्नु भएको छ । सो जग्गाको स्रोत सम्बन्धमा हेर्दा निजले आय-व्यय विवरण तालिकामा उल्लेख गरे बमोजिमका वैध आम्दानीका रकमहरू विवाह कार्य एवं भक्तपुर जिल्ला दिव्येश्वरी स्थित जग्गा खरीद गर्न समेतमा लगानी गरेको देखिन्छ । सानोतिनो वचत रकमले सो जग्गा खरीद गर्ने जस्तो कार्य गर्न नसक्ने स्पष्ट अवस्था रहन्छ । तसर्थ सो मकवानपुर जिल्ला हेटौंडा न.पा.-८ को उक्त जग्गाहरूको वैध स्रोत पुष्टि हुन नसकेको अवस्था रहेकोले मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा चितवन जिल्ला नारायणगढ ५(ग) कि.नं. ६९५ मा क्षे.फ. ०-१४-१९.७५ जग्गा मिति २०५०।११।१० मा खरीद भएको देखिन्छ । सो जग्गाको खरीदको स्रोत सम्बन्धमा निज मोतिलाल बोहराको वयान कथन समेत हेर्दा सो जग्गा श्रीमतीको कृषिजन्य आयबाट भएको भन्ने रहेको छ । निज मोतिलाल बोहराकी पत्नी कला बोहराको वयान कथन बमोजिम सो जग्गा खरीदको स्रोत मेरो विगत ३०/३५ वर्षदेखिका कृषि आय र कृषिजन्य व्यवसायबाट जम्मा भएको रकम हो भन्ने रहेको देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहरा समेतको वयान कथन हेर्दा सो जग्गाको खरीदको स्रोत सम्वन्धमा ३०/३५ वर्षदेखिको कृषि आय जम्मा भई सो जग्गा खरीद भएको भन्ने अपत्यारिलो र अविश्वासयुक्त कथन देखिन्छ । सो समयको निजको आय-व्ययको अवस्थालाई हेर्दा समेत निजको उक्त जग्गा खरीद गर्न कुनै कृषि आय वचत रहे भएको देखिंदैन । निजको सीमित रुपमा प्राप्त हुने कृषि आय प्राप्त वर्षको हिसावमा गणना पनि गरिसकिएको र यस्तो कृषि आय ३०/३२ वर्ष बचत रहिरहन सक्ने अवस्था पनि हुँदैन । निजको पारिवारिक खर्च समेत मासिक रु.१०,०००।- रहेको स्थिति भएकोले पनि कृषि बचत नरहने वास्तविकता हो । तसर्थ उक्त जग्गा कृषि आयले खरीद गरेको भन्ने कथन समर्थन हुन नसकेको र अन्य वैध रकम वचत पनि

निजसँग नदेखिएकोले सो जग्गा खरीदको स्रोत पुष्टि हुन नसक्ने भएकोले सो जग्गा मागदावीमा लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा कैलाली जिल्ला मालाखेती-७ मा कि.नं. ४९८ को क्षे.फ. ०-१-३ बिगाह जग्गा मिति २०५०।१२।४ मा खरीद गरेको देखिन्छ । सो जग्गाको स्रोतका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा कृषि आय, तलव भत्ता, विदेश भ्रमणबाट प्राप्त आय समेत भन्ने रहेको छ । तर आय-व्यय तालिकामा उल्लेख भए बमोजिम निजका कुनै वैध वचत नदेखिएको अवस्था रहेको छ । बचत रहेका रकमहरु माथि नै आर्जित सम्पत्तिमा लगानी भई वैध स्रोत भनी पुष्टि भइसकेको महलमा चर्चा गरिसकिएको छ । तसर्थ निजले उक्त जग्गा खरीद गर्ने कुनै स्रोत रहे भएको अवस्था नभएकोले मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराका नाममा कैलाली जिल्ला टिकापुर-९(थ) मा कि.नं. २० मा क्षे.फ. २५०.७३ वर्ग फुट अर्थात् ०-०-१४.८१ बिगाह र ऐ.ऐ. कि.नं. ६२९ मा क्षे.फ. १०७२ वर्ग फुट अर्थात् ०-३-३.३६७ बिगाह जग्गा मिति २०५१।२।५ मा रु.१,३०,०००।- मा खरीद गरेको देखिन्छ । सो जग्गा टिकापुर नगर विकास समितिबाट निजलाई प्राप्त भएको देखिन्छ । सो जग्गाको खरीदको स्रोततर्फ हेर्दा निजको २०५० सालसम्मको वैध आय अन्य सम्पत्ति आर्जनमा लगानी गरेको तथ्य माथि नै विश्लेषण भइसकेको छ । निजले २०५१ सालको जेष्ठ महिनामा खरीद गरेको उक्त जग्गा खरीद गर्दाका वखत निजको कुनै कृषि आय प्राप्त हुने अवस्था  देखिँदैन । यसै गरी प्रतिवादी मोतिलाल बोहराले साविक का.म.न.पा.-३ स्थित दीपादेवी बोहराको नाममा रहेको घर पनि त्रिवेणी सिमेण्ट उद्योगलाई घर भाडामा लगाएको भन्ने विवरण पेश गर्नुभएको छ । सो विवरणलाई समर्थन गर्ने सम्झौतापत्र एवं काठमाण्डौ कर कार्यालयको सो घर भाडा वापत कर तिरेको कुरा समेत लेखी आएको पाइन्छ । तसर्थ प्रतिवादी मोतिलाल बोहराले सो घर भाडाबाट स्रोत खुलेको र स्रोत नखुलेको अवस्थाको अनुपातमा तालिका बमोजिमका रकमहरु प्राप्त गरेको हुन सक्ने देखिन आउँछ । सो समयमा निजले बैशाख महिनाको तलव र २०५१ बैशाखको साविक का.म.न.पा.-३ स्थित घरको स्रोत खुलेको र नखुलेको मिश्रित अवस्थाको घर भाडा सम्म प्राप्त गरेको भई रु.७,९१३।- मात्र बचत देखिन्छ । सो रकमले स्वभावतः उक्त मूल्यको जग्गा खरीद गर्ने अवस्था नै आउँदैन । तसर्थ वैध आय रकमले उक्त जग्गा खरीद गर्ने अवस्था नआएकोले सोही बचतले सोही महिनामा हरिसिद्धी ईंटाटायल कारखानाको शेयर खरीद गरेको तार्किक र निजको वयान कथन समेतले पुष्टि गरेको अवस्था रहेको छ ।

तसर्थ प्रतिवादी मोतिलाल बोहराका नाममा रहेको कैलाली जिल्ला टिकापुर-९ को जग्गाको स्रोत खुलेको नदेखिएकोले मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा हरिसिद्धि ईंटाटायल कारखानामा मिति २०५१।२।२० मा रु.१०,०००।- को १००० थान शेयर खरीद गरेको देखिन्छ । सो शेयरको स्रोतको अवस्था हेर्दा निजको २०५१ सालको बैशाखको तलव भत्ता, सोही महिनाको वैधता प्राप्त गरेको अनुपातको घरभाडा समेत रु.७,९१३।- रहेकोले अपर्याप्त भएतापनि सो शेयर रकमको मात्रा तथा प्राप्त घरभाडा तथा तलव भत्ताको अवस्था समेत हेर्दा उक्त शेयर यिनै वैध तवरबाट प्राप्त रकमले खरीद गरेको पुष्टि हुने देखिन्छ ।

प्रतिवादी मोतिलाल बोहराकी छोरी ज्योत्सना बोहराका नाममा काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर-५ मा कि.नं. ७२३ को क्षे.फ. १-१५-१-३ रो. जग्गा मिति २०५१।२।१२ मा खरीद गरेको देखिन्छ । सो जग्गाको खरीद स्रोतका सम्बन्धमा निज ज्योत्सना बोहरा तथा प्रतिवादी मोतिलाल बोहरा समेतको वयान कथन हेर्दा म्यान्मारका निज स्व. मानबहादुर बोहराले दिनुभएको रु.५,००,०००।- मध्येकै रकम भन्ने रहेको छ । माथि नै दफा दफामा विश्लेषण गरिए बमोजिम निज स्व. मानबहादुर बोहरा भनिएका व्यक्तिले सो रकम नदिएको उल्लेखन भइसकेको छ । सो जग्गा खरीद गर्ने स्रोत प्रतिवादी मोतिलाल बोहराको नभएको तथ्य यसको पूर्ववत् सम्पत्ति शेयर आर्जन गरेको अवस्थाले स्पष्ट गरेको छ । निज ज्योत्सना बोहरा स्वयं आय प्राप्त गरी वचत गर्ने र उक्त जग्गा समेतका जग्गाहरू आर्जन गर्न सक्ने अवस्थामा स्पष्ट भएको देखिँदैन । तसर्थ निज ज्योत्सना बोहरालाई दिइएको भनिएको रु.५,००,०००।- को सन्दर्भलाई यी सम्पत्ति समेतमा एकिकृत रुपमा हेर्नु पर्ने भएको समेत हुनाले र निज मोतिलाल बोहरा समेतको कुनै वैध आय एवं वचत नै नदेखिएकोले मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा मिति २०५१।१०।१५ मा खरीद गरेको बाँके जिल्ला कोहलपुर-३(क) मा कि.नं. ६३१ को क्षे.फ. ०-०-६.५ वि. जग्गा रहे भएको देखिन्छ । सो जग्गा खरीदको स्रोततर्फ हेर्दा आय-व्यय विवरण तालिकामा उल्लेख भए बमोजिम तलव भत्ता एवं कृषि आयको रकम वचत रहेको नदेखिएता पनि सो बखत निजले का.म.न.पा. बानेश्वर स्थित घरबाट वैध स्रोत खुलेको अनुपातको घरभाडा समेत पाएको देखिन्छ । प्रतिवादी मोतिलाल बोहरा सो वर्ष मिति २०५१।७।१८ मा इटाली भ्रमण गरी निजले रु.९०,२२१।६९ वचत समेत गरेको देखिन्छ । तसर्थ सो बाँके जिल्ला कोहलपुरमा

रहेको क्षे.फ. ०-०-६.५ वि. जग्गा वैध आयले खरीद गर्न सक्ने अवस्थामा रहेकोले सो जग्गा खरीदको वैधानिक स्रोत पुष्टि भएको देखिन्छ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा चितवन जिल्ला नारायणगढ ५(ग) मा कि.नं. ६९४ को क्षे.फ. ०-०-१० वि. जग्गा मिति २०५१।१२।१० मा खरीद गरेको देखिन्छ। सो जग्गा खरीदको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहरा समेतको वयान कथन हेर्दा कृषि आय, तलव वचत भन्ने समेत रहेको छ। सो अवस्थामा आय-व्यय तालिकामा उल्लेख भए बमोजिम निजका वैध वचत रकम रहेकोले निजको बयान कथन पुष्टि समेत भएकोले स्रोत खुलेको देखिन्छ।

प्रतिवादी मोतिलाल बोहराको छोरा जितेन्द्र बोहराका नाममा कैलाली जिल्ला बलिया गा.वि.स. ८ मा कि.नं. १४८६ मा क्षेत्रफल ०-२-० मिति २०५२।६।२३ र निजैको नाममा सोही स्थानमा कि.नं. १४८९ क्षेत्रफल ०-१-० जग्गा मिति २०५२।६।२४ मा खरीद गरिएको देखिन्छ। सो जग्गाको स्रोत सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको बयान कथन हेर्दा तलव भत्ता, कृषि आय, विदेश भ्रमणबाट प्राप्त रकम भन्ने समेत रहेको छ। सो वर्ष निज मोतिलाल बोहराले आय व्यय तालिकामा उल्लेख भए बमोजिम २०५२ साल वैशाखदेखि भाद्र मसान्तसम्मको तलव राशन भत्ता बचत, सो अवधिसम्मको बानेश्वरको वैध घरभाडाको रकम समेत प्राप्त गरेको देखिन्छ। यसरी प्रतिवादी मोतिलाल बोहरासँग सो बखत जग्गा खरीद गर्न सक्ने बचत अवस्था आय व्यय तालिकामा उल्लेख भए बमोजिम रहे भएको देखिएकोले र निज मोतिलाल बोहराको बयान कथन समेत समर्थित रहेको अवस्था भएको हुनाले उक्त कैलाली जिल्ला बलिया-८ को क्षेत्रफल ०-३-० जग्गाको स्रोत खुलेको पुष्टि भएको छ।

निज मोतिलाल बोहराको श्रीमती कला बोहराका नाममा पर्सा जिल्ला बेलुवा -३ मा कि.नं. १८० को क्षे.फ. ०-२-० विगाहा जग्गा मिति २०५३।९।१७ मा खरिद गरेको देखिन्छ। सो जग्गा खरिदको स्रोतका सम्वन्धमा हेर्दा उक्त जग्गा लिखत थैली अंक रु. ५,०००।- रहेको देखिएको र निज मोतिलाल बोहरासंग सो जग्गा खरिद गर्दाका बखत आय व्यय तालिकामा उल्लेख भए बमोजिम बैध आर्जनका रकमहरु बचत समेत भएको देखिएको हुनाले उक्त जग्गाको खरिद स्रोत पुष्टि भएको छ।

प्रतिवादी मोतिलाल बोहराकी श्रीमती कला बोहराका नाममा काठमाडौं जिल्ला विष्णु गा.वि.स.- १ (ख) मा कि.नं. ३७० को क्षेत्रफल १-३-३-१ र सोही स्थानमा कि.नं. ३७१ क्षेत्रफल १-३-३-१ गरी जम्मा क्षेत्रफल २-७-२-२ जग्गा मिति २०५३।१।२८ मा दुवै जग्गाहरुको गरी लिखत थैली अंक रु.३०,०००।- मा

खरीद गरेको देखिन्छ। सो जग्गा मिति २०५८।९।१८ मा प्रतिवादी मोतिलाल बोहराका छोरा गजेन्द्र बोहराका नाममा हालैदेखिको बकसको लिखत गरी पारित गरिदिएको देखिन्छ। सो जग्गामा २०५४/०५५ सालमा घर समेत निर्माण भएको छ। सो जग्गा स्रोतका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको बयान कथन हेर्दा उक्त जग्गा श्रीमती कला बोहराका नामको जग्गाको कृषिजन्य आम्दानीबाट रु.३०,०००।- मा खरीद गरेको हुँ भन्ने रहेको छ। सो को स्रोतको यथार्थतातर्फ हेर्दा उक्त जग्गा २०५३ सालको वैशाख महिनामा खरीद गरेको र सो वर्षको कृषि आय, तलव, एवम् वैध लगानी अनुपातको घरभाडा समेत नपाएको अवस्था भएतापनि आय व्यय विवरण तालिकामा उल्लेख भए बमोजिम २०५२ सालमा कृषि आय, तलव भत्ता बचत एवम् वैध लगानी अनुपातको घरभाडा समेत बचत रहेकोले सो रकमबाट उक्त जग्गा खरीद भएको देखिएकोले स्रोत पुष्टि भएको देखिन्छ।

प्रतिवादी मोतिलाल बोहराका नाममा २०५३।९।२३ मा भन्सार सुविधामा खरीद गरको बा. २ च. ९३८५ को टोयटा टसेल कार रहेको पाइन्छ। सो सवारी साधन खरीदको आय स्रोतका प्रतिवादी मोतिलाल बोहराको बयान कथन हेर्दा कृषि आय, तलव भत्ता, समेतका रकम भन्ने रहेको देखिन्छ।

उक्त सवारी साधनको वैधानिक स्रोतको अवस्था तर्फ हेर्दा आय व्यय विवरण तालिकामा उल्लेख भए बमोजिम प्रतिवादी मोतिलाल बोहराको तलव भत्ता, कृषि आय, वैधानिक लगानी अनुपातको घरभाडा तथा गत वर्षको बचत रकमहरु एवम् स्रोत खुलेको अवस्थामा रहेकोले भक्तपुर जिल्ला, दिव्येश्वरीमा खरीद गरेको जग्गाहरु बिक्रि गरी प्राप्त गरेको रु. २,२४,०००।- समेत रकमहरु रहे भएको देखिन्छ। यसरी आय व्यय विवरण तालिकामा उल्लेख भए बमोजिम प्रतिवादी मोतिलाल बोहराको रकम बचत रहेको देखिन्छ। प्रतिवादी मोतिलाल बोहराले पेश गरेको विवरण समेतमा उक्त गाडीको मूल्य रु.५,५०,०००।- भन्ने रहेको छ। उक्त गाडीको प्रज्ञापन पत्र समेत हेर्दा सो गाडीको छुट पाउने बाहेकको भन्सार दस्तुर समेतको रु.६,१८,८८७- रहेको देखिन्छ। भन्सार छुट सुविधा समेतमा उक्त सवारी साधन खरीद भएको देखिएको, उक्त सवारी साधन खरीद गर्न करिव पुग्ने रकम निजसँग बचत रहेको र सुविधा प्राप्त गर्ने अवस्थामा गाडी खरीद गर्ने स्वाभाविक अवस्था भएकोले सो गाडी खरीद गर्दाको स्रोत सम्बन्धमा भएको प्रतिवादी मोतिलाल बोहराको बयान कथन समर्थन समेत भएको अवस्था भएकोले सो गाडी खरीदको स्रोत पुष्टि भएको देखिन्छ।

प्रतिवादी मोतिलाल बोहराकी श्रीमती कला बोहराका नाममा पर्सा जिल्ला वीरगंज उ.म.न.पा.-१० को २०४० सालमा प्रतिवादी मोतिलाल बोहराले नगर विकास समितिबाट प्राप्त गरेको जग्गामा प्राविधिक

प्रतिवेदन समेत बमोजिम २०५२/०५३ सालमा निर्माण भएको  घर रहेको देखिन्छ । सो घर निर्माणको स्रोतका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको बयान कथन समेत हेर्दा सो जग्गामा रहेको घर २०५२ साल जेष्ठ महिनामा श्रीमती कला बोहरा र बीरगंज -७ निवासी पिताम्बर लाल शाहका छोरासँग ६ वर्षको सम्झौता भई बहालमा दिएको हो । सोही वर्ष निजले सातवटा सटर भएको दुई तले घर निर्माण गरी चर्चेको व्यहोरा समेतका विवरणमा उल्लेख गरेको छु । निजले के कति लगानी गरी निर्माण गरेको हो भन्ने कुरा मलाई जानकारी छैन तर तेस्रो तला थप्दा अन्दाजी रु. ६,००,०००।- खर्च भएको हो र सो रकमको स्रोत जग्गा बिक्री, पेन्सन र अन्य स्वबचत भन्ने रहेको छ ।

पिताम्बर लाल शाहलाई बुझ्दा निज छोराहरुसँग सगोलमा रहेको, प्रतिवादी मोतिलाल बोहरा र निजहरु बीच कुनै आर्थिक सम्बन्ध र कारोवार नरहेको कुरा उल्लेख गर्नुभएको छ । निजै पिताम्बर लाल शाहले पटक पटक प्रतिवादी मोतिलाल बोहरालाई निजैको खातामा पर्सा जिल्ला, वीरगंज नगरपालिका स्थित राष्ट्रिय वाणिज्य बैंकबाट रकम पठाएको स्पष्ट स्थिति छ । निजै पिताम्बर लाल शाहका छोरा राधेश्याम शाह र श्रीमती कला बोहराका नाममा उक्त जग्गामा घर निर्माण सम्बन्धी सम्झौता समेत रहे भएको पाइन्छ ।

प्रतिवादी मोतिलाल बोहराको उक्त घर पिताम्बर लाल शाहका छोराले छ वर्षको सम्झौता गरी निर्माण गरी दिएको भन्ने कथन रहेको र सो सन्दर्भमा हेर्दा पिताम्बर लाल शाहका छोरा र श्रीमती कला बोहराका बीच २०५२ साल जेष्ठ १० गते तथाकथित घर निर्माण सम्झौता भएको देखिन्छ । पिताम्बर लाल शाहको छोराले सो घर प्रतिवादी मोतिलाल बोहराको बयान कथन बमोजिम सातवटा सटर भएको दुई तले घर निर्माण गरी चर्चेको भन्ने तर्फ हेर्दा निज पिताम्बरलाल शाह निजैको भनाई अनुसार छोराहरुसँग सगोलमा रहनुभएको देखिएको र उक्त जग्गामा कला बोहरासंग छोराले सम्झौता गरी घर निर्माण गरेको भनी कहि कतै खुलाउन सक्नुभएको छैन । निज पिताम्बर लाल शाहको कथन हेर्दा निजलाई आफ्ना छोराहरुको व्यवहार सम्बन्धमा राम्ररी थाहा जानकारी भएकै देखिन्छ । पटकपटक बैंक मार्फत प्रतिवादी मोतिलाल बोहराका नाममा रकम पठाउने कार्य गरी रहेका निज पिताम्बर लाल शाहले नै उक्त जग्गामा दुई तला घर निजका छोरासँग सम्झौता गरी निर्माण गरेको भन्ने कथनलाई तथ्यले समर्थन गर्दैन ।

सो घर निर्माण गर्दा प्राविधिक प्रतिवेदन बमोजिम भुंइ तल्ला तथा पहिलो तल्लाको २०५१।१।१४मा नक्सा पास गरी भुँई तला २०५२/०५३ र पहिलो तला २०५३ सालदेखि निर्माण कार्य भएको देखिन्छ । सो घरको निर्माण लागत सम्वन्धमा निज मोतिलाल वोहराले पेश गरेको विवरणमा पर्सा वीरगञ्जस्थित ३ तला

घर निर्माण गर्दा लागत मूल्य रु. २२,२८,०००।- र कैफियत खण्डमा रु. १६,२८,०००।- लिजमा बनेको भन्ने रहेको छ । सो सम्वन्धमा निजको बयान बमोजिम कैफियत खण्डमा लेखिएको रु. १६,२८,०००।- निज पिताम्वर लाल शाहका छोरा राधेश्याम शाहले भने बमोजिम लेखेको हुँ भन्ने र ६ बर्ष सम्म घर बनाएवापत भाडा नलिने भन्ने रहेको छ । तर निज पिताम्बरलाल शाह गोविन्दलाल शाह, मुरली शाह समेतले वीरगंजबाट पठाएको रकमको प्रकृति र समयको अन्तराल समेत हेर्दा वीरगञ्जन स्थित राष्ट्रिय वाणिज्य बैंकको रकम सोही घरको घरभाडाबाट प्राप्त भएको स्पष्ट देखिन्छ । बैंक कारोवारको अवस्था समेतले सो कुरा पुरापुर समर्थन गर्दछ । प्राप्त रकम समय र कृषियाम समेतलाई दृष्टिगत गर्दा पनि कृषिजन्य आयबाट उक्त रकम जम्मा भएको देखिन्न । यदि सत्य साँचो सम्झौता भएको भए सम्झौता बमोजिम २०५९/०६० साल अगाडि घरभाडाको रकम जम्मा नहुने स्थिति छ । निज पिताम्वर लाल शाहले आफ्ना छोरामा गोविन्दप्रसाद शाह र मुरली शाह मेरा छोरा हुन, हाम्रो तथा मोतिलाल वोहरा विच आर्थिक सम्वन्ध नरहेको र उहाँको खेतीपातीवाट आएको रकम उहाँले आफ्नो खातामा जम्मा गर्नु हुन्थ्यो (जवाफ ६) भन्ने कथन अभिव्यक्त गर्नुभएको पाइन्छ । अझ निज पिताम्वर लाल शाहले मोतिलाल वोहरासंगको सम्वन्धलाई अझ स्पष्ट गर्दै निज मोतिलाल वोहरासंग व्यक्तिगत सम्वन्ध मात्र भएकोले. औपचारिकताको हैसियतले मात्र रकम झिकी उहाँलाई पुर्‍याई दिएको, अन्य कारोवार केही पनि नरहेको भन्ने भनाई रहेको छ । निज मोतिलाल वोहराको वीरगञ्जमा एउटा घर छ । गाउँमा खेती भन्ने सुनेको तर खेतीवारे थाहा नभएको कुरा समेत बयानका क्रममा निजले उल्लेख गर्नु भएको छ । अर्कोतर्फ निज पिताम्वर लाल शाहले राधेश्याम शाह आफ्नो छोरा हुन भनी बयानमा खुलाउन सकेको पाइन्न । बीरगञ्जको उक्त घर निर्माणको सम्वन्धमा निजलाई केही थाहा जानकारी रहेको देखिदैन । जवकी एकाघर सगोलको परिवारमा रहेका निज पिताम्वर लाल शाह र छोराहरुको प्रतिवादी मोतिलाल बोहरासंग निजकै कथन अनुसार १६,२८,०००।- रकम खर्च गरी ६ वर्षको लिजमा घर निर्माण गरी दिएको भन्ने जस्तो आर्थिक एवं पारिवारिक हिसावले महत्वपूर्ण कुरा हुँदाहुँदै पनि सो कुरा कहि कतै उल्लेख हुन नसकेको यथार्थताले एवं निज पिताम्वरलाल शाहको समग्र बयानको अवस्थाले समेत सो घर निज पिताम्वर लाल शाहको छोरासंग सम्झौता भई निर्माण भएको भन्ने कुरा पूर्णत असत्य र बनावटी देखिन्छ ।

समग्र मिसिल संलग्न कागजातको अध्ययन गर्दा सरकारी लिखतहरुको महत्वलाई प्रधानता दिने स्वभाव रहेको तथ्यलाई निज मोतिलाल वोहराको अंशबण्डा समेतका लिखतहरुको प्रकृतिले पुष्टि गर्दछ । यदि निज मोतिलाल बोहराको बयान कथन बमोजिम लिजमै उक्त घर निर्माण गर्न अन्य व्यक्तिलाई दिनुपर्ने

अवस्था रहेको भए रजिष्ट्रेशन पारित गरी लिखत गरी दिन सक्ने कानूनी अवस्था कायम रहँदा रहँदै त्यस्तो लिखत पारित गरि घर निर्माण गरी दिन सकेको देखिदैन । प्राविधिक मूल्यांकन बमोजिम रु. २२,४५,६९५।८७ लागत निर्माण मूल्य पर्ने उक्त घरको रकमको बारेमा निज पिताम्वर लाल शाहले यदि व्यहोरा साँचो भएको भए थाहा जानकारी नहुने कुरा नै रहन्न । निज पिताम्बर लाल शाहका एकाघरका परिवार समेत निज कला बोहरा र राधेश्याम शाहवीच भएको भनिएको तथाकथित घरसारको लिखतमा साछी समेत रहन सकेको पाइन्न । आय-व्यय विवरण तालिका बमोजिम निजका सो घर निर्माण हुने अन्य वचत पनि केही देखिन्न । कथंकदाचित प्राप्त सानातिना रकमले सो घर निर्माण हुन सक्ने पनि देखिँदैन । तसर्थ प्रतिवादी मोतिलाल बोहराको उक्त भूई तला र पहिलो तला घर निर्माणको स्रोत सम्बन्धमा भएको पिताम्वरलाल शाहका छोराले सम्झौता गरी निर्माण गरेको भन्ने बयान कथन पूर्णतः खण्डित देखिएको र निज मोतिलाल बोहराले भ्रष्टाचार गरी सम्पत्ति आर्जन गरी उक्त घर निर्माण गरेको तथ्य उजागर भएको छ । निज मोतिलाल बोहराले उक्त घर निर्माणको स्रोतको सम्बन्धमा उनाउ व्यक्तिलाई देखाई तथाकथित सम्झौता समेत गराई अपराधबाट बच्न प्रयाससम्म गरेको अवस्था पुष्टि भएकोले सो घर निर्माणको लागत एवं सो घर भाडामा दिई सो बाट बढे बढाएको सम्पति लुकाए छिपाएको समेत देखिएकोले उक्त सम्पत्तिको जफत समेतको मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराको नाममा पर्सा जिल्ला वीरगञ्ज उप-महानगरपालिका वडा नं. १० स्थित माथि प्रकरण मा उल्लेख भएको भुईतल्ला र पहिलो तल्ला घर बनेको जग्गामा प्राविधिक प्रतिवेदन बमोजिम २०५५ सालमा दोस्रो तला घर निर्माण भएको देखिन्छ । सो तलाको प्राविधिक मूल्यांकन बमोजिम निर्माण लागत मूल्य रु.१३,३९,१९६।२८ र सोको हालको मूल्य रु.१८,०३,९१४।३६ रहेको देखिन्छ । प्रतिवादी मोतिलाल बोहराको वयान कथन बमोजिम सो तला निर्माण गर्न रु.६,००,०००।- लागेको र सोको स्रोत कृषि आय, जग्गा बिक्री, पेन्सन र अन्य वचत भन्ने रहेको छ ।

प्रतिवादी मोतिलाल बोहराको सो दोस्रो तला निर्माणको स्रोतका तर्फ हेर्दा आय-व्यय तालिकामा उल्लेखन भए बमोजिम निजले कृषि आय, संचयकोषबाट प्राप्त रकम तथा निवृत्तीभरणको रकम समेत गरी जम्मा रु.४,८४,४९६।३७ प्राप्त गरेको देखिन्छ । निजले उक्त जग्गामा रहेको भुईं तला र पहिलो तलाबाट घरभाडा प्राप्त गरे पनि सो तला निर्माणको स्रोत स्पष्टतः अवैध भएकोले सोबाट बढे बढाएको समेत अवैध हुने भई स्रोत गणना हुन नसक्ने अवस्था रहेको छ । निजका अन्य वैध स्रोत सो वखत रहे भएको देखिन्न । तसर्थ सो तला निर्माण गर्न निजसँग रहे भएको वैध रकमको निर्माण लागत मूल्य रु. १३,३९,१९६।२८ को

अनुपातमा बृद्धि भएको हाल प्रचलित मूल्य रु. १८,०३,९१४।३६ को अनुपातले हुन आउने रु. ६,५२,६२२।७५ को स्रोत खुलेको र रु. ११,५१,२९१।६१ को स्रोत नखुलेको अवस्था रहेको छ । तसर्थ स्रोत खुलेको र नखुलेको सम्पत्तिको अनुपातिक रूपमा बढे बढाएको सम्पत्ति तथा स्रोत नखुलेको उक्त घरको तल्ला समेतको मागदावी लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराकी पत्नी कला बोहराका नाममा मिति २०५३।१।२८ मा खरीद भएको जग्गामा प्राविधिक प्रतिवेदन बमोजिम २०५५ सालमा घर निर्माण भएको देखिन्छ । सो घर जग्गा २०५८ सालमा निज कला बोहराबाट निजका छोरा गजेन्द्र बोहरालाई हालैदेखिको वकस पास गरी प्रदान गरेको देखिन्छ । सो घर जग्गाको सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा मेरो छोरा गजेन्द्र बोहराले २०५० सालमा नै विवाह गरी मानो छुट्टिई अलग व्यवहार गरी बस्दै आएको, बुढानिलकण्ठमा रहेको निजको घर र जग्गाका हकमा आमा कला बोहराबाट प्राप्त भएको थियो, सो घर निजले २०५३ सालमा जग हाली २०५६/०५७ सालमा स्केलेटनसम्म बनाई ब्रिटिस काउन्सिललाई १/१ वर्षको अग्रिम भाडा लिई दुई वर्षको सम्झौता गरी बनाएको, सो घर निजै छोराले आफ्नो आयबाट बनाएको भन्ने रहेको छ । निज गजेन्द्र बोहराको वयान कथन हेर्दा आफू २०५० सालमा विवाह पश्चात् अलग भएको, २०५३ सालमा उक्त जग्गामा घर बनाउँछु भनी अनुरोध गर्दा बनाऊ भनेकोले मैले निर्माण शुरु गरी घर बनाएको र स्रोतका हकमा पटक पटक आर्जन गरेका रकम जम्मा गरी करीव २ वर्ष लगाएर घर बनाएको भन्ने रहेको छ ।

यस सम्बन्धमा हेर्दा निज गजेन्द्र बोहरा २०५३ सालमा समेत शाही सेनामा कार्यरत भई २०५८ सालमा निवृत्त भए पश्चात् सो घर जग्गा निजका नाममा प्राप्त भएको देखिन्छ । निज २०५४/०५५ सालमा शाही नेपाली सेनामा कार्यरत रहेको, सो घर सोही वखत निर्माण भएको देखिएको, निज तत्कालीन स्व. श्री ५ युवराजधिराज दीपेन्द्र वीरविक्रम शाहदेवको शाही पार्श्ववर्ती भई स्व. श्री ५ युवराजधिराज सरकार एवम् विशिष्ट विदेशी पाहुना समेतबाट समय समयमा वकस पाएको, निजले तलव भत्ता पारिश्रमिक, विदेश भ्रमण समेतबाट रकम प्राप्त गरेको भन्ने समेत भएकोले निजका हकमा छुट्टै अनुसन्धान हुनुपर्ने भएकोले  यस आरोप पत्रमा केही गरी रहन परेन ।

प्रतिवादी मोतिलाल बोहराको मालिका विकास बैंकमा मिति २०५५।१०।६ मा रु.३,९०,०००।-, मिति २०५७।३।३२ मा रु.६०,०००।-, मिति २०५७।७।३० मा रु.७०,०००।-, मिति २०५७।८।७ मा रु.६७,५००।- मिति २०५७।९।१ मा रु.१,३७,५००।-, मिति २०५८।४।२३ मा रु.१,००,००।- र मिति २०५९।३।३२ मा रु.१,७५,०००।- गरी जम्मा रु. १०,००,०००। को शेयर खरीद गरेको देखिन्छ । सो शेयरको स्रोतका

सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको बयान कथन समेत हेर्दा कृषि आय, निवृत्तिभरण, संचयकोष, उपदान, घरभाडा समेतको रकम भन्ने रहेको छ । त्यस्तै प्रकारले प्रतिवादी मोतिलाल बोहराले मिति २०५७।३।७ मा नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीमा ५०० कित्ता शेयर खरीद गरेको देखिन्छ।

सो शेयर खरिद रकमको स्रोतका सम्बन्धमा तथ्यगत अवस्था हेर्दा २०५५/०५६ सालमा निजले पर्सा जिल्ला विरगंज नगरपालिकास्थित घरमा दोस्रो तल्ला थप गरेको र प्राविधिक प्रतिवेदन बमोजिम रु.१३,३९,१९६।२८ लागत खर्च लगाउनु परेको देखिन्छ। निज मोतिलाल बोहराले सो घर निर्माण गर्न कृषि आय, निवृत्तिभरणको रकम, संचयकोष लगायतका वैध आम्दानी लगाई निर्माण गरेको भन्ने बयान कथन रहेको देखिन्छ। निजको बयान कथन बमोजिमको स्रोततर्फ हेर्दा सो घर निर्माण भएका बखत निजले आय व्यय तालिकामा उल्लेख भए बमोजिम कृषि आय, निवत्तिभरणको रकम, संचय कोष, सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदल समेतमा काम गरेको र आय व्यय तालिका बमोजिमका वैध रकम प्राप्त गरेको देखिन्छ। तर सो रकमले उक्त घरको दोस्रो तला निर्माण हुन सक्ने अवस्था देखिन्न। साथै निजका अन्य वैध बचत समेत रहे भएको देखिंदैन । निज मोतिलाल बोहराका नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक वीरगंजस्थित बैंक खातामा भएको मौज्दात एवं रकम निजको सोही घरको भुईतला तथा पहिलो तलाबाट उठेको घरभाडाका रकम जम्मा भएको देखिन्छ। सो घरभाडा प्राप्तीको स्रोत देखि नै अवैध भएकोले बढे बढाएको पनि स्वतः अवैध देखिएको छ। तसर्थ उक्त घरको दोस्रो तला निर्माण गर्न आय व्यय तालिकामा उल्लेख भए बमोजिम वैध तथा अवैध रकम समेत लगाएको तथ्य स्थापित भएको छ। निजले अवैध रकम लगानी गरी २०५२/०५३ मा घर निर्माण गरेको कुरा माथि नै चर्चा गरिसकिएको र २०५५/५६ मा निर्माण गरेको, पर्सा जिल्ला बीरगञ्जस्थित घर पनि वैध तथा अवैध तबरबाट आर्जित सम्पत्ति लगानी गरी निर्माण गरेको पुष्टि भइसकेको छ। २०५५/०५६ सालमा निर्माण भएको वीरगंजस्थित घरको दोस्रो तल्लाको भाडा अवैध र वैधको मिश्रण भई वैध रकमको गणना वैध स्रोतमा हुनु पर्ने र सो वैध लगानीको अनुपात एवं प्राप्त रकमतर्फ हेर्दा निज मोतिलाल बोहराको वीरगंजस्थित राष्ट्रिय वाणिज्य बैंकको बैंक कारोवारमा देखिएका वैध रकमहरु समेत बैंकबाट झिकी अन्यत्र लगेको देखिन्छ। सो वैध रकम शेयर खरीद गर्नमा लगानी गरेको देखिंदैन । २०५७ सालको मंसिर महिनामा निजले छोरीको विवाह समेत गरेको र समय अनुसारको महंगी प्रतिवादी मोतिलाल बोहराको आर्थिक हैसियत एवं क्रियाकलाप समेतको सान्दर्भिक परिप्रेक्षमा निजले उक्त छोरीको विवाहमा रु.४,००,०००।- खर्च गरेको स्वभाविक अवस्था छ। तसर्थ सो शेयर रकम समेत खरीद गर्ने निजसँग अन्य कुनै पनि वैध आय स्रोत रहे भएको पनि देखिंदैन। निजले पर्सा

जिल्लाका जग्गा बिक्रिबाट प्राप्त गरेको रकमहरु कला बोहराका नाममा रहेको बैंक खातामा मौज्दात रहेको स्थिति छ । प्रतिवादी मोतिलाल बोहराका नाममा रहेको बैंक कारोवारको अवस्था समेत हेर्दा पर्सा जिल्ला वीरगंज उप महानगरपालिकाको घरभाडाबाट प्राप्त रकम रहेको र सोही रकमले सो शेयर खरीद गरेको स्पष्ट हुन्छ । काठमाडौं जिल्ला, विष्णु गा.वि.स. बुढानिलकण्ठ स्थित २०५८ सालदेखि गजेन्द्र बोहराका नाममा आएको घरजग्गाको भाडा कला बोहराको खातामा जम्मा भए पनि प्रस्तुत शेयर खरीदमा गणना नगरी छुट्टै अनुसन्धानको विषय भएको समेत हुनाले यसमा गणना गर्न मिल्ने देखिन्न । साथै यदि गणना गर्ने हो भने उक्त घर नै मोतिलाल बोहराले बनाएको सिद्ध हुन आउँछ । अतः सो मालिका विकास बैंकमा रहेका उपरोक्त विभिन्न मितिमा पटक पटक गरी खरीद गरेका रु.१०,००,०००।- को शेयरको वैध स्रोत नखुलेको सिद्ध हुन्छ । उक्त रकम माथि विश्लेषण गरिए बमोजिम स्रोत नखुलेको घरभाडा समेतको रकम भई स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति समेत देखिएकोले मागदावी लिईएको छ तथा मिति २०५७।३।७ मा मोतिलाल बोहराको नाममा खरिद गरेको नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीको रु.५०,०००।- मूल्य बराबरको शेयर, सोही एकेडेमीको मिति २०५८।४।३० तथा मिति २०५८।८।२३ को रु.१,००,०००।- को मालिका विकास बैंकमा खरीद गरिएको शेयर सरहकै स्रोत खुल्न सक्ने अवस्था नभएको स्पष्ट हुन्छ । तसर्थ सो रकम अवैध रूपमा आर्जित सम्पत्तिबाट बढे बढाएको देखिएकोले मागदावीमा लिईएको ।

प्रतिवादी मोतिलाल बोहरा एवम् कला बोहरा समेतका नाममा राष्ट्रिय वाणिज्य बैंक तथा स्टेण्डर्ड चार्टर्ड बैंक बानेश्वर समेतमा खाताहरु रहेका र सो खाताहरु नगद रकम मौज्दात समेत देखिन्छन् । त्यस्तै प्रकारले प्रतिवादी मोतिलाल बोहराकी श्रीमती कला बोहराका नाममा मालिका विकास बैंक कैलालीमा रु.५,००,०००।- मौज्दात रहेको मु. १ एफ. ००२७ भ्ह, मु. १ एफ. ००३० भ्ह र मु. १ एफ. ००३८ भ्ह का मुद्दती खातामा मिति २०५९।३।३२ मा नगद जम्मा गरेको देखिन्छ भने प्रतिवादी मोतिलाल बोहराको छोरा जितेन्द्र बोहराको नाममा सोही बैंकमा रु.२,००,०००।- को ०१ एफ. ००२९ भ्ह मुद्दती मौज्दात रहेको देखिन्छ । एवम् प्रकारले निज कला बोहराका नाममा रहेको स्टेण्डर्ड चार्टर्ड बैंक बानेश्वरमा रु.४,०६,९७३।२७ मौज्दात रहेको देखिन्छ । यसका अतिरिक्त पनि तालिकामा देखाइए बमोजिम कला बोहरा तथा मोतिलाल बोहराका नाममा बैंकमा रकमहरु मौज्दात रहेको देखिन्छ । उक्त चल्ती, बचत एवं मुद्दती खातामा रहेका रकमहरुको स्रोतका सम्बन्धमा निज प्रतिवादी मोतिलाल बोहराको बयान कथन हेर्दा कृषि आय, निवृत्तिभरण, संचयकोष समेतका रकमहरु हुन् भन्ने रहेको छ । निजका तत् समयका वैध स्रोतका सन्दर्भमा हेर्दा उक्त रकमहरु वीरगञ्जस्थित घरभाडाको रकमहरु प्रतिवादी मोतिलाल बोहराका खातामा

जम्मा भएका र सोही रकम झिकिएका र उपरोक्त खाताहरुमा जम्मा भएका देखिन्छन् । सो वीरगञ्जस्थित घरभाडाबाट प्राप्त रकम अवैध रहेको तथ्य माथि नै विश्लेषण गरिएको छ । २०५५/०५६ मा निर्मित सो घरको दोस्रो तलाबाट अनुपातिक रुपमा प्राप्त रकम घरायसी खर्च लगायत बैंकमा रहेका अन्य तालिका नं. ७ बमोजिमका खातामा समेत जम्मा भएका देखिन्छन् । तसर्थ उपरोक्त मालिका विकास बैंकमा कला बोहराका नाममा रहेका ०१ एफ. ००२७ झ, ०१ एफ. ००३० झ र ०१ एफ. ००३८ झ का मुद्दती खातामा मौज्दात रु.५,००,०००।- तथा कला बोहराको नाममा स्टेण्डर्ड चार्टर्ड बैंक बानेश्वरमा मौज्दात रहेको रु.४,०६,९७३।२७ को स्रोत पुष्टि नभएकोले मागदावी लिइएको ।

प्रतिवादी मोतिलाल बोहराका नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, बानेश्वरको खातामा मिति २०५३।८।१४ मा रु. २,००,०००।- रकम जम्मा भएको देखिन्छ । सो रकम के कुन आय स्रोतबाट प्राप्त भई के कहाँ कसरी लगानी भयो सो कुरा खुल्न सकेको छैन । यसरी उल्लिखित विभिन्न बैंकमा रहेको मौज्दातहरुको स्रोतका सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराको कथन हेर्दा कृषि आय, घरभाडा, संचयकोष समेतका रकमहरु भन्ने रहेको छ । उक्त रकम जम्मा गर्ने तत्कालिन स्रोत समेत निजसँग देखिँदैन । सो रकमहरुको मौज्दात प्रकृति, समय तथा अवस्था समेत हेर्दा अवैध तवरबाट आर्जन भइ बढे बढाएको वीरगञ्ज उपमहानगरपालिका-१० मा निर्मित कला बोहराको नामको घरको बहाल समेतबाट प्राप्त भएको देखिन्छ । तसर्थ उपरोक्त बैंक कारोवार मध्ये रु.२,००,०००।- अवैध आर्जनको रकम भएको र सोको लागानी समेत नखुली पछिल्ला सम्पत्ति आर्जनमा समाविष्ट समेत नभएकोले स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदावीमा लिईएको छ ।

प्रतिवादी मोतिलाल बोहराको छोरा जितेन्द्र बोहराका नाममा मिति २०५९।३।३२ मा जम्मा भई मालिका विकास बैंक लि. मा रु. २,००,०००।- मूल्य बराबरको शेयर खरिद गरेको र सो शेयरको स्रोत सम्बन्धमा हेर्दा उक्त शेयर निज छोराले जम्मा गरेको खुत्रुकेको पैसा भन्ने रहेको छ । सो तर्फ हेर्दा निज जितेन्द्र बोहराले खुत्रुकेमै जम्मा गरी रु. २,००,०००।- जस्तो ठूलो परिमाणको धनराशी जम्मा गरेको भन्ने प्रतिवादी मोतिलाल बोहराको कथन आधारहीन भएता पनि निज जितेन्द्र बोहराका नाममा कैलाली जिल्ला बलिया -८ स्थित कि.नं. १४८६ को क्षेत्रफल ०-३-० जग्गा मात्र रहेको र सो जग्गा प्रतिवादी मोतिलाल बोहराले नै खरिद गरी सोको स्रोत सम्बन्धमा विश्लेषण भैसकेको अवस्था रहेको र यसका अतिरिक्त अन्य कुनै पनि सम्पत्ति रहे भएको नदेखिएको, निजका नाममा बैंक खाता पनि नभएको अवस्था रहेको हालसम्मको अवधिमा

निजले मामली, टिकाटाला आदिबाट पनि केही रकम प्राप्त गर्न सक्ने अवस्था समेत देखिएको हुँदा सो रकमलाई दावीमा लिइएको छैन ।

प्रतिवादी मोतिलाल बोहरा तथा कला बोहराका नाममा स्ट्याण्डर्ड चार्टर्ड बैंक समेतका बैंकहरूमा बैंक कारोवार विवरणहरू भएको देखिन्छ । सो कारोवार विवरणको प्रकृत तथा प्रतिवादी मोतिलाल बोहराको वयान कथन हेर्दा घर भाडा समेतका रकम जम्मा भएका, झिकिएका समेतका अवस्था रहेका छन् । सो रकम मध्ये मिति २०५९।११।२६ मा रु.१४,००,०००।- जम्मा गरी मिति २०५९।११।२९ मा झिकिएको तथा मिति २०६०।२।२६ मा रु.१३,००,०००।- राखी मिति २०६०।२।२९ मा झिकिएको अवस्था रहेको छ । सो रकममध्ये रु.१३,००,०००।- प्रतिवादी मोतिलाल बोहराका ज्वाई सनत बस्नेतका नामबाट चेक काटी निजका नाममा जम्मा भएको देखिन्छ भने रु.१४,००,०००।- पवन कुमार उपाध्यायलाई चेक काटी प्रदान गरेको देखिन्छ । सो सम्बन्धमा प्रतिवादी मोतिलाल बोहराले निजका छोरा जितेन्द्र बोहरालाई अमेरिका अध्ययनार्थ पठाउने सिलसिलामा निजहरूबाट सापटी लिई रकम तिरेको भन्ने वयानमा उल्लेख गर्नु भएको छ । सोको समर्थनका लागि पेश भएका कागजात समेतले उक्त कुराको पुष्टि समेत गरेको छ । अन्य बैंक कारोवारका सन्दर्भमा देखिएका रकमहरुमा अवैध तवरबाट आर्जन गरी बढे बढाएको तर्फ मागदावी समेत लिईएको छ । अन्य बैंक कारोवारको सन्दर्भमा वैध तथा अवैध स्रोतको मिश्रण भएको अवैध बैंक मौज्दात एवं कारोवारका सन्दर्भमा माथि नै विश्लेषण गरी मागदावी गरिसकिएको र वैध अवस्थाका सम्पत्तिहरूतर्फ केही गरिएको छैन ।

प्रतिवादीहरुको स्रोत खुलेको र स्रोत नखुलेको सम्पत्तिको अवस्था

| स्रोत खुलेको सम्पत्ति | | | स्रोत नखुलेको सम्पत्ति | | | कैफियत |
|---|---|---|---|---|---|---|
| क.सं. | विवरण | रकम (रु.) | क.सं. | विवरण | रकम (रु.) | |
| १ | दिपादेवी बोहराको नाममा रहेको २०३५ सालमा खरीद साविक का.म.न.पा ३ स्थित कि.नं. ६३२ को क्षे.फ.०-१२-०-० रोपनी जग्गा | ३३,००,०००।- | | | | |
| २ | (क) २०३६ सालमा नयाराम बोहराका नाममा खरीद गरी हाल कला बोहराको नामको पर्सा जिल्ला लाल पर्सा ३ को कि.नं. २३,२५,२०,२४,२८ र २६ को क्षे.फ.२-१४-५-० को जग्गा | ५,४२,५००।- | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ख) २०३६ सालमा नयाराम बोहराका नाममा खरदि गरी हाल कला बोहराका नामको पर्सा जिल्ला लाल पर्सा ३ को कि.नं. १७८ को क्षे.फ.१-१२-०-० को जग्गा | ३,२०,०००।- | | | | |
| ३ | २०३७ सालमा नयाराम बोहराका नाममा खरीद गरी हाल कला बोहराका नामको पर्सा जिल्ला बेलवाको कि.नं. ३७, २७५ र १४९ को क्षेत्रफल २-५-०-० विगाहा जग्गा | ४,५०,०००।- | | | | |
| ४ | २०३६।०३७ मा दिपादेवी बोहराको नाममा रहेको साविक का.म.न.पा. ३ कि.नं. ६३२ निर्माण भएको भुई तला घर | ६,१८,२२६।२३ | | | | |
| ५ | २०३८ सालमा दिपादेवी बोहराका नाममा खरीद गरिएको साविक का.म.न.पा ३ को कि.नं. ४७७ को क्षे.फ.०-८-० जग्गा | ७,१३,६८३।५२ | १ | २०३८ सालमा दिपादेवी बोहराका नाममा खरीद गरिएको साविक का.म.न.पा ३ को कि.नं. ४७७ को क्षे.फ.०-८-० जग्गा (यो कि.नं.को जग्गा समेत कि.नं साविक का.म.न.पा. ३ कि.नं. ६३२ तथा कि.नं. १०४ हाल नापीमा का.म.न.पा. १० कि.नं. १४१ भई सो कित्ता पनि पून: कि.का. भई कला बोहराका नाममा ३४२ र मोतिलाल बोहराका नाममा ३४१ क्षेत्रफल १-३-३-१ कायम) | १४,८६,३१६।४८ | |
| ६ | २०३८ सालमा दिपादेवी बोहराका नाममा खरीद भएको साविक का.म.न.पा ३ को कि.नं. १०४ को क्षे.फ.०-९-० रो. को जग्गा | २४,७५,०००। - | | | | |
| ७ | २०४० सालमा प्रतिवादी मोतिलाल बोहराका नाममा खरदि भएको पर्सा जिल्ल वीरगंज उ.म.न.पा. १० स्थित कि.नं. ४९५ को क्षे.फ.०-१-० को जग्गा | ३३,२५,०००। - | | | | |
| ८ | २०४२।०४३ मा दिपादेवी बोहराका नाममा रहेको साविक का.म.न.पा ३ स्थित कि.नं. ६३२ समेतमा बनेको घर आंशिक स्रोत खुलेको | ६,५६,४६०।०९ | २ | २०४२।०४३ मा दिपादेवी बोहराका नाममा रहेको साविक का.प.न.पा ३ स्थित कि.नं. ६३२ समेतमा बनेको घरको आंशिक स्रोत नखुलेको । | ३९,९१,२११।३२ | |
| ९ | २०४८ सालमा कला बोहराका नाममा खरीद भएको पर्सा जिल्ला बेल्वा स्थित कि.नं. १९२ र २५५ को क्षे.फ. ०-१९-० जग्गा | १,९०,०००।- | | | | |
| १० | २०५० सालमा कला बोहराका नाममा पर्सा जिल्ला वेल्वा ३ मा खरीद गरेको कि.नं. १४१ को क्षे.फ.०-४-० जग्गा | ४०,०००।- | | | | |
| | | | ३ | (क) २०५० सालमा ज्योत्स्ना बोहराका नाममा खरीद भएको काठमाडौं जिल्ला पुरानो नैकाप ६ को कि.नं. १ र ३३४ को क्षे.फ. ०-१३-० जग्गा | २,५०,०००।- | |
| | | | | (ख) २०५० सालमा ज्योत्स्ना बोहराका नाममा खरीद भएको काठमाडौं जिल्ला पुरानो नैकाप ६ को कि.नं. ३३५ को क्षे.फ. २-४-० जग्गा | ९,१२,५००। - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (ग)२०५० सालमा ज्योत्स्ना बोहराका नाममा खरीद भएको काठमाडौं जिल्ला वलम्बु ८क स्थिते कि.नं. ८७ को क्षे.फ. ११-८-० जग्गा | ४६,००,०००।- | |
| ११ | २०५० सालमा खरिद गरि २०५३ सालमा विक्री गरेको भक्तपुर जिल्ला दिव्यस्वरी २(ख)को कि.नं. १३८२,१३८० र १३८१ को क्षे.फ १-१२-३-०रो. जग्गा | २,२४,०००।- | ४ | २०५० सालमा कला बोहराका नाममा खरीद गरेको मकवानपुर जिल्ला हेडौंटा न.पा. ८ स्थित कि.नं. ५९१२ र ५९१५ को क्षे.फ. ०-२-० जग्गा | २,००,०००।- | |
| | | | ५ | २०५० सालमा कला बोहराका नाममा खरीद गरेको जिल्ला नारायणगढ ५(ग) स्थित कि.नं. ६९५ को क्षे.फ. ०-१४-१९.७५ | ४६,४६,२५०।० | |
| | | | ६ | २०५० सालमा कला बोहराका नाममा खरीद गरेको जिल्ला कैलाली मालाखेती ७ स्थित खरीद भएको कि.नं. ४९८ को क्षे.फ. ०-१-३ | ३,४५,०००।० | |
| ११ | २०५१ सालमा कला बोहराका नाममा खरीद भएको बाँके कोहल्पुर ३क स्थित कि.नं. ६३१ को क्षे.फ. ०-०-६.५ जग्गा | १,००,०००।- | | | | |
| १२ | २०५१ सालमा कला बोहराका नाममा खरीद भएको चितवन जिल्ला नारायणगढ ५(ग) स्थित कि.नं. ६९४ को क्षे.फ. ०-०-१० जग्गा | १,५०,०००।- | ७ | (क) २०५१ सालमा प्रतिवादी मोतिलाल बोहराका नाममा खरीद भएको कैलाली जिल्ला टिकापुर-९थ स्थित कि.नं. २० को २५०.७३ वर्गफिट जग्गा<br>(ख) ऐ.ऐ. ९झ कि.नं. ६२९ को क्षे.फ. १०७२ वर्गफिट जग्गा | ६,२३,३५२।५० | |
| | | | ८ | २०५१ सालमा ज्योत्स्ना बोहराका नाममा खरीद भएको जिल्ला काभ्रेपलाञ्चोक श्रीखण्डपुर ५ स्थित कि.नं. ७२३ को क्षे.फ. १-१५-१-३ जग्गा | १,४१,४६८।७५ | |
| १३ | हरिसिद्धी इँटा टायल कारखानाको शेयर रु.त्र | १०,०००।- | | | | |
| १४ | २०५२ सालमा जितेन्द्र बोहराको नाममा खरदि भएको कैलाली जिल्ला वलिया ८ स्थित कि.नं. १४८६ को क्षे.फ. ०-३-० जग्गा | १७,००,०००। - | | | | |
| १५ | २०५२ सालमा कला बोहराका नाममा खरीद भई २०५८ गजेन्द्र बोहराका नाममा नामसारी भएको काठमाडौं जिल्ला विष्णु गा.वि.स १ख स्थित कि.नं. ३७० र ३७१ को क्षे.फ. २-७-२-२ जग्गा | ३९,६२,५००।- | | | | |
| १६ | २०५३ सालमा कला बोहराका नाममा खरीद भएको पर्सा जिल्ला वेल्वा ३ कि.नं. १८० को क्षे.फ. ०-२-० जग्गा | २०,०००।- | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | २०५३ सालमा प्रतिवादी मोतिलाल बोहराका नाममा खरीद भएको वा.२ च. ९३८५ नं. को टोयटा टसेल कार | ६,१८,८८७ - | | | | |
| | | | ९ | २०५२/२०५३ सालमा कला बोहराका नाममा रहेको पर्सा जिल्ला वीरगंज उ.म.न.पा. १० स्थित साविक नगवा वडा नं. ८ कि.नं. ४९८ र साविक गहवा रै.नं. १२२७/१२६९ मा निर्मित भुँई तला र पहिलो तला घर | ३२,१९,२६३।४४ | |
| १८ | २०५५ सालमा कला बोहराका नाममा रहेको पर्सा जिल्ला वीरगंज उ.म.न.पा. १० स्थित कि.नं. ४९८ र १२२७ मा निर्मित दोस्रो तला घर | ६,५२,६२२।७५ | १० | २०५५ सालमा कला बोहराका नाममा रहेको पर्सा जिल्ला वीरगंज उ.म.न.पा. १० स्थित साविक नगवा वडा नं. ८ कि.नं. ४९८ र साविक गहवा रै.नं. १२२७/१२६९मा निर्मित दोस्रो तला घर | ११,५१,२९१।६१ | |
| | | | ११. | मोतिलाल बोहराका नाममा रहेको मालिक विकास बैंक टिकापुर तथा नेशनल एकेडेमी अफ साईन्स अफ टेक्नोलोजी धनगढीको शेयर बापत | ११,५०,०००।- | |
| | | | १२. | क) कला बोहराका नाममा रहेको मालिका विकास बैंक टिकापुर कैलालीको मु. ०१ एफ.००२७ भ्ह, ऐ.ऐ. मु.०१ एफ.००३० भ्ह तथा ऐ.ऐ. मु.०१ एफ.००३८ भ्ह को मुद्दती मौज्दात रु.५,००,०००।- ख) कला बोहराका नाममा स्टेण्डर्ड चार्टर्ड बैंक बानेश्वर बचत खाता नं. १८००५२१६७०१ मा रहेको मौज्दात रु.४,०६,९७३।२७ ग) मिति २०५३।८।१७ मा मोतिलाल बोहराको रा.वा. बैंक बानेश्वरको चल्ती हिसाव नं. १४७२ को खाताबाट निकालिएको रु. २,००,०००।- | ११,०६,९७३।२७ | |
| | जम्मा : | २,००,६८,८७९।५९ | | जम्मा : | २,३८,२३,६२७।३७ | |

पूर्व प्रहरी महानिरीक्षक प्रतिवादी मोतिलाल बोहराले आफू तथा परिवार समेतको नाममा आफू सार्वजनिक पदमा रहँदा विभिन्न चल अचल सम्पत्ति आर्जन गरी भोग गरिरहेको देखिन्छ । सो सम्पत्तिमध्ये अछाम तथा कैलाली जिल्लाका पैतृक सम्पत्ति यथास्थितिमा रहेको देखिन्छ । सार्वजनिक पदका दौरान निजले आर्जन गरेका सम्पत्तिको स्रोतमा मुख्य रूपले तलव भत्ता, कृषिजन्य आय बाबु स्व. रंगवीर बोहराले दिएको भनेको रकम, भन्सार कमिशन, संचय कोष, निवृत्तिभरण तथा विदेश भ्रमणलाई नै मुख्य रूपमा प्रस्तुत गरेको पाइन्छ । निजका दुई आमाहरू, तीन छोरी र दुई छोरा पारिवारिक सदस्यभित्र रहेको देखिन्छ ।

निजहरूको लालनपालन, बिवाह, व्रतवन्ध समेतको सामाजिक कार्य समेत निजै प्रतिवादी मोतिलाल बोहराले गरेको स्पष्ट हुन्छ।

प्रतिवादी मोतिलाल बोहराले प्रस्तुत गरेका एवं अनुसन्धानका क्रममा प्राप्त सम्पूर्ण वैध स्रोत समेतलाई निजको सम्पत्ति आर्जनका स्रोतका रूपमा गणना गरी विश्लेषण गर्दा प्रतिवादी मोतिलाल बोहराले आय-व्यय विवरण तालिकामा उल्लेख भए बमोजिम निजको वैधानिक आयस्रोतसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरी आफू तथा परिवार समेतका नाममा सम्पत्ति राखी अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरिरहेको तथ्य स्थापित भएको छ। सो कुरा माथि स्रोत खुलेको र स्रोत नखुलेको सम्पत्ति बिश्लेषणमा उल्लेख भए बमोजिम निजले उपभोग गरी रहेको  हाल प्रचलित कूल मूल्य रु. २,३८,२३,६२७।३७ बराबरको सम्पत्तिको वैधानिक आर्जनको स्रोत पुष्टि हुन नसकेबाट स्पष्ट भएको छ।

भ्रष्टाचार जस्तो श्वेतग्रीवी अपराध (White Collar Crime) को विशिष्ट प्रकृति र यसको समष्टिगत दुष्प्रभाव समेतलाई दृष्टिगत गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले अनुमानित कसूर सम्बन्धी व्यवस्था गरेको , ऐ. ऐनको दफा १६ग. ले जफत सम्बन्धी र सोही ऐनको दफा ३ एवं  दफा ७(१) ले दण्ड सम्बन्धी व्यवस्था समेत गरेको परिप्रेक्ष्यमा तिनै कानूनी व्यवस्थाहरूलाई निरन्तरता दिंदै प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्तिको विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा मनासिब कारणविना अमिल्दो र अस्वाभाविक उच्च जीनवस्तर यापन गरेमा समेत सो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण निज स्वयंले पुऱ्याउनुपर्ने र यसरी प्रमाण पुऱ्याउन नसकेमा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको मानिने कानूनी व्यवस्था रहेको छ। उपरोक्त कानूनी व्यवस्थाहरू तथा अनुसन्धानबाट देखिएको स्रोत नखुलेको अस्वभाविक सम्पत्ति समेतको आधारमा प्रतिवादी मोतिलाल बोहराले भ्रष्टाचार गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको तथ्य स्थापित भएको छ।

अतः प्रतिवादी मोतिलाल बोहरा, निजकी पत्नी कला बोहरा, आमा दीपादेवी बोहरा र छोरी ज्योत्सना पाण्डे (बोहरा) का नाममा रहेका र लुकाई छिपाई राखेका सम्पत्ति समेत रु. २,३८,२३,६२७।३७ बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको उल्लिखित आधार प्रमाणबाट पुष्टि हुन आएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ अनुसार कसूर भई सोही कानूनी व्यवस्थालाई निरन्तरता प्रदान गरेको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१)

बमोजिमको कसूर प्रतिवादी मोतिलाल बोहराले गरेको देखिन आएको छ । अतएवः प्रतिवादी मोतिलाल बोहरालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १०,१५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम हदैसम्म सजाय गरी त्यसरी भ्रष्टाचार गरी आर्जन गरेको प्रतिवादी मोतिलाल बोहरा, निजकी पत्नी कला बोहरा, आमा दीपादेवी बोहरा र छोरी ज्योत्सना पाण्डे (बोहरा) समेतका नाममा रहेको उल्लिखित विगो रु. २,३८,२३,६२७।३७ मूल्यको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरी पाउँ, साथै निज मोतिलाल वोहराले आफ्नो खातावाट मिति २०५३।८।१७ मा बैंकबाट निकालेको रु. २,००,०००।- झिकी लुकाई छिपाई राखेको हुनाले सो विगोको सम्पत्ति प्रतिवादीहरुका स्रोत खुलेका सम्पत्तिवाट जफत गरी असूल उपर गरी पाउँ र सो प्रयोजनका लागि सो विगो वरावरको स्रोत खुलेको हाल कायम रहेको अचल सम्पत्ति रोक्का कायमै राखी पाउँ । साथै निज प्रतिवादी मोतिलाल बोहरा पूर्व प्रहरी महानिरीक्षकको पदाधिकारी भएको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम निजलाई हदैसम्म थप सजाय समेत गरी पाउँ । प्रतिवादी मोतिलाल वोहराले भ्रष्टाचार गरी आर्जन गरेका सम्पत्ति प्रतिवादी कला बोहरा, दीपा देवी बोहरा तथा ज्योत्सना पाण्डे (बोहरा) को नाममा राखेकोले सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरुलाई प्रतिवादी वनाइएको छ भन्ने व्यहोराको आरोपपत्र मागदावी ।

मैले प्रहरी महानिरीक्षक पदवाट मिति ०५३।११।१५ मा अवकास प्राप्त गरेको हुं । पदमा कार्यरत रहंदाको अवस्थामा गरे भएको कुनै काम कारवाहीलाई लिएर अवकास प्राप्त गरेको आठ वर्ष पछी म उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारवाही गरी मुद्दा चलाउन नै मिल्दैन । अ.दुअ. आयोग ऐन, २०४८ को दफा २९ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले पदवाट अवकास प्राप्त गरेको एक वर्ष भित्र मुद्दा चलाई सक्नु पर्ने भन्ने वाध्यात्मक व्यवस्था गरेको र ऐ. ऐनमा दफा १३ ले पनि भ्रष्टाचार सम्वन्धमा कार्य भएको मितिले ५ वर्ष विति सकेपछी मुद्दा चलाउन मिल्दैन भन्ने समेत वाध्यात्मक व्यवस्था गरेकोले म उपर २०६१ सालमा आयोगले मुद्दा चलाउन नै नमिल्ने हुनाले आरोपपत्र नै कानुनी रुपमा मान्य छैन । अभियोग पत्र अनुसार कुनै कानुनी कारवाही चल्न, सम्पत्ति जफत तथा सजाय हुन सक्दैन । पछि संसोधन गरिएको ऐनको आधारमा अगाडी भए

गरिएका भनिने कार्यहरु उपर पश्चातदर्शी असर हुने गरी अपराधको सृष्टी हुंदैन । जुन समयमा जे कानुन प्रचलन छ, त्यही अनुसार मात्र कारवाही चल्न सक्छ । तसर्थः सार्वजनिक पदवाट अवकास प्राप्त गरिसकेको करीव ८ वर्ष पछि मुद्दा चलाईएको कार्य पूर्णतः गैरकानूनी, पूर्वाग्रहीपूर्ण एवं हदम्याद विहिन छ । अ.दु.अ. आयोगले मेरो विरुद्ध उजुरी पर्दा २०५३।८।११ मा कुनै कारवाही गरिरहन नपर्ने भनी निर्दोष माथी उजुरी एवं कारवाही तामेलीमा राखी सकेपछि पुनः त्यहि विषयमा दुई पटक अनुसन्धान भै मुद्दा चल्न सक्ने भन्ने अवस्था पनि रहन सक्दैन । यसवाट म उपर कारवाही अनुसन्धान र मुद्दा दायर गरीएको कार्यमा वैद्यानिकता छैन । अनधिकृत र गैरकानुनी रुपमा वलजफती चलाइएको मुद्दावाट म उपर कुनै कारवाही हुन सक्दैन । आरोपपत्रमा म अवकास प्राप्त गरीसकेपछि २०५६।१०।१७ देखी २०५६।१२।२८ सम्म शसस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलमा कार्यरत रहेकोलाई मेरो नोकरी विवरणमा जोडिएको गलत छ, सो मेरो नोकरी विवरणसंग जोडिने कार्य होईन । म ०५३।११।१५ मा प्रहरी महानिरीक्षक पदवाट अवकास पाए पछी ०५६।१०।१७ देखी ०५६।१२।२८ सम्म सुझाव कार्यदलमा वसी सुझाव सम्म दिने कार्य गरेको हो । भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अ.दु.अ.आ. ऐन, २०४८ को राष्ट्रसेवक वा सार्वजनिक पदको परिभाषा भित्र पर्ने कार्य होईन । मलाई मुद्दा चलाउने नियतले ऐनको परिधि भित्र पार्न खराव नियतका साथ मेरो नोकरी विवरणसंग जोडिएको छ, सो जोड्न मिल्दैन । अ.दुअ.आ. ले म उपर परेको उजुरी भनि सम्पत्ति न्यायिक जांचवुझ आयोगले श्रोत खुल्न नसकेको सम्पत्ति उल्लेख गरेको हकमा सम्मानित आयोगले देखाएको रु.१६,४६,१९३।३७ को रकम वैधानिक आय, विदेश भ्रमणको रकम सम्पत्ति आयोगमै मैले पेश गरेको पासपोर्टको प्रतिलिपीमा नै विदेश भ्रमणको रकम उल्लेख भएकोले आयोगले हेर्ला भनी उल्लेख गरेको थिइन । सो रकमलाई सम्पत्ति आयोगले मेरो सम्पत्तीमा गणना गरि दिएको रहेनछ । जुन रकम करिव ६ लाख भन्दा वढी थियो । जसको प्रमाण वयान साथ पेश गरेको छु । अ.दुअ.आ. ले मान्यता दिइसकेको र वांकी छुट भएको वैद्येशिक भ्रमणको रकम प्रहरी प्रधान कार्यालयले प्रमाणित गरि दिएको पत्र समेतका प्रमाण यस अदालतमा दिएको वयान साथ पेश गरेको छु । सम्पत्ति आयोगमा मेरो अचल सम्पत्तिका जग्गा धनी प्रमाणपुर्जाका प्रतिलिपी पेश गरी आफ्नो कुल जग्गाको वार्षिक आम्दानी आयोगले नै मान्यता दिनेछ भन्ने सोची सो आम्दानीलाई उल्लेख गरेको थिइन । आयोगले सो आम्दानीको उल्लेखै नगरी श्रोत खुल्न नसकेको सम्पत्ति भनी रु.१६,४६,१९३।३७ उल्लेख गरेको छ ।

मेरो अचल जग्गा जमिनवाट २२ वर्षको आय न्यूनतम करीव २४।२५ लाख हुन्छ । मैले पाएको भन्सार कमिसन १,५०,०००।- को कुनै छानविन गरिएन । सो वारे मलाई प्रतिवाद गर्न मौका दिइएन । मसंग भएको सम्पत्ति सवै मेरो तथा परिवारको आयश्रोत भित्रको वैध सम्पत्ति हो । मेरो सेवाको करीव ३० वर्षको दौरानमा २८ वर्ष सम्म मेरो नाममा कुनै उजुरी, गुनासो आएको थिएन । कुनै स्पष्टीकरण दिनु परेको छैन । सेवाको अन्तिममा मैले राष्ट्रभक्तिको रुपमा गरिएका कार्यवाट असर परेको व्यक्ति एवं मलाई अनावश्यक चार्ज लगाई मेरो स्थान हत्याउने उद्देश्य लिन खोज्नेहरुले मेरो विरुद्ध काल्पनिक कुरा लेखी वेनामी उजुरी दिएको हुनुपर्छ र मैले अवकास प्राप्त गरेपछि सेवामा रहंदा कानुन वमोजिम गरेको काम कारवहीवाट व्यक्तिगत असर पुगेका व्यक्तिहरुले वदनाम गर्न र दुःख दिन वेनामी उजुरी हालेका हुन सक्छन्, जुन सवै कपोलकल्पीत एवं निराधार हुन् ।

म मेरो पैतृक घर अछाम जिल्ला गाजरा गा.वि.स. वडा नं. ४ मध्यम वर्गिय खानदानी परिवारमा जन्मेको हुं । मेरो हजुरवुवा पदम वहादुर वोहरा व्रिटिश आर्मीमा जागिर हुनु भएकोमा दोश्रो विश्वयुद्ध पछी अवकास प्राप्त गरी आउंदा नोकरीवाट आय आर्जन गरी प्रशस्त सुन चांदी जम्मा गर्नु भएको, प्रशस्त जग्गा जमिन जोड्नु भएकोले र गाउंमा लगानी गर्ने भएकोले हाम्रो परिवार खान्दानीमा गनिन्थ्यो । मेरो वुवा रंगवीर वोहरा गाउंमा सामाजिक सेवामा लाग्नु भएको, आफ्नो आयलाई व्याज लगाउने उठाउने र भारत टनकपुर वरेलीवाट उपभोग्य व्यापारीक सर-सामान, कपडा इत्यादी ल्याई विक्री गरी आम्दानी वढाउने गर्नु हुन्थ्यो । ०२२।०२३ सालतिर मेरो परिवारमा ५०-६० रोपनी जग्गा, ९०।९५ तोला सुन, ३।४ के.जी. चांदी अतिरिक्त व्रिटिस इण्डिया पालाका चांदीका कम्पनी रुपैयां करीव ८, १० हजार र नेपाली रुपैयां करीव ७०।८० हजार समेतको सम्पत्ति थियो । मेरो जिल्लामा प्राइमेरी स्कूल समेत नभएका वखत मलाई परिवारले भारत अजमेयर र राजस्थान विश्व विद्यालय जयपुर पठाई मैले २०२२ सालमा वी.ए. पास गरि सकेपछि त्यतिवेला खुलेको महेन्द्र हाइस्कूल अछाममा २०२२ सालदेखी २०२३ साल माघ सम्म मासिक रु.४५०।- पारिश्रमिक र ट्युसन पढाउंदा मासिक रु.५।६ सयको दरले आर्जन गरेको थिएं । विद्यालयमा काम गरेको प्रमाण वयान साथ पेश गरेको छु । मैले २०२४ सालमा सरकारी नोकरी प्रवेश गर्नु अघि मेरो परिवारको कृषि आय तथा पिताजीले गर्नुभएको वन्द व्यापार समेतवाट वार्षिक रु.३५।४० हजार जतिको आम्दानी थियो । उल्लेखित सम्पत्ति कसैलाई वण्डा नलाग्ने मेरो वुवाको हक भोगकका हुन् । मेरा हजुर वुवाका दुई श्रीमती मध्ये जेठी श्रीमतीवाट एक जना मात्र मेरो वुवा रंगवीरको जन्म

भएको कान्छी श्रीमतीवाट दुई छोरा उजीर सिंह र जयराम वोहराको जन्म भएको । हजुर वुवाको जम्मा सम्पत्तिवाट जेठी पत्नि र कान्छी पत्नीलाई आधा आधा सम्पत्ति गरी मेरो जन्म हुनुभन्दा पहिला नै अंशवण्डा भएको थियो । म जागिरमा प्रवेश गरेपछि पनि वुवाले गाउंतिरको खेती किसान, व्यापार व्यवसाय गरी आर्जन गर्नु हुन्थ्यो । जग्गा वेचेको पैसा र व्यापार व्यवसायको आस्तावाट जम्मा भएको रकम मध्येवाट ०३१ साल जेठमा कैलालीको मौरानीया भन्ने ठाउंमा ६ विघा ८ कठ्ठा १ धुर (६-८-१) खेत किन्नु भएको थियो ।

आरोपपत्रमा मेरो वैध सम्पत्तिलाई न्यून देखाई कतिपय सम्पत्तिलाई लोप समेत गराई लागतलाई अतिसयोक्ति रुपमा वढाई दिएको र प्रमाण एवं वयान लाई ख्यालै नराखी मेरा साना तिना आय पनि वयानमा उल्लेख गर्नुपर्दैन भनि उल्लेख नगरेको, मानिस एवं प्रमाण वुझिपाउं भन्दा वुझ्नु पर्दैन भन्दै झुक्यानमा पारी वदनियतपूर्वक कपोकल्पित आरोप लगाई मुद्दा चलाउने काम अ.दुअ.आ. ले गरेको छ । अ.दुअ.आ.ले अवैध भनी उल्लेख गरेका सम्पत्तिको वैधानिक श्रोत एवं प्रमाण, अख्तियारमा पेश गर्न नसकेका र आयोगले समावेश नगरी दिएका संभव योग्य एवं प्राप्त प्रमाण पनि वयान साथ पेश गरेको छु । मैले सार्वजनिक पदमा प्रवेश गर्नुभन्दा अघिल्लो वर्ष मेरो परिवारको वार्षिक आम्दानी ३५।४० हजार र माथी उल्लेखित सम्पत्ति थियो । म २०२४ सालमा सरकारी सेवामा प्रवेश गरेपछि २०३४ साल सम्ममा तलव भत्ता रु.६३,९७३ र उत्तरी प्रशासन क्षेत्र ओलाङचुङगोला लुङथुममा कार्यरत रहंदा भत्ता रु.२००।- र सत प्रतिशत दुर्गम भत्ता समेत इन्स्पेक्टरको तलवमा छुट भएको रु.८७७५।- समेत गरी कुल तलव भत्ता रु.७२७४८।- पाएको थिए । २०३१ साल देखी २०३४ साल सम्मको कैलाली जिल्लाको जग्गावाट उब्जनी भएको कृषि आय रु.४६,८००।- २०२७०२८ सालमा तत्कालिन श्री ५ यूवराजधिराज मेची अंचलको भ्रमणमा सवारी हुंदा राम्रो काम गरेवापत वक्स भएको रु.४२०।- र २०२७०२८ सालमा उत्तरी प्रशासन क्षेत्र ओलाङ चुङगोलामा कार्यरत रहंदा पाएको रु.७५३१।५० प्राप्त, अपुग दैनिक भ्रमण भत्ताको रकम करीव रु.४०००।- गृह मन्त्रालय समेतवाट वुझि लिएको अभिलेख गृह मन्त्रालयमा हुनुपर्छ वुझिपाउं । २०२९ सालमा कलकत्तामा डिटेक्टीभ कोर्स गर्न जांदा पाएको भत्तावाट वचेको रु.२,५००।-, २०२९।०३० सालमा जि.प्र. का वर्दियामा कार्यरत रहंदा पाएको दैनिक भत्ता रु.१,५०४।- र २०३० सालमा जापान जांदा पाएको लुगा भत्ता र अन्य भत्तावाट भएको वचत रु.५,०००।- समेत गरी कुल रु.१६,९५५।५० र २०३२ सालमा स्व.श्री ५ महाराधिराज विरेन्द्र विर विक्रम शाह र श्री ५ वडामहारानीको यूगोस्लाभियाको राजकिय भ्रमण साथ जांदा लुगा भत्ता एवं दैनिक भत्ता वापत रु.४,३०५।- र मौसुफ दुवै जनाले वक्स भएको

रु.२०० +२००।- डलर गरी जम्मा रु.४००।- अमेरिकी डलरको त्यतिवेलाको हुने रु.४,२००।- समेत गरी जम्मा रु.८,५०५।- प्राप्त भएको थियो । राजकिय भ्रमणमा आफ्नो खर्च नहुने हुंदा सवै वचत भएको थियो । २०३३ सालमा शाही पार्श्ववर्तीको २ वर्षे कार्यकाल सकि विदा वक्सदा स्वर्गीय श्री ५ विरेन्द्र विर विक्रम शाह सरकारवाट प्रमाणपत्र सहित रु.२०००।- वक्स भएको थियो । यसरी माथी उल्लेख गरेको २०३४ सालको कुल आय रु.१,४७,००८।५० भएको थियो ।

२०३५ सालमा मेरो तलव भत्ता रु.९,५५९।- पर्सा जिल्लाको दैनिक भ्रमण भत्ता रु.१,२००।-, कैलालीको ६-८-१ जग्गाको अधियां कृषि आय रु.१५,६००।-, भन्सार चोरी निकासी पैठारीमा पक्राउ गरिएका सामानहरु लिलाम वढावढ भै प्राप्त भएको रकमको ५० प्रतशितले हुने मैले पाएको कमिसन रु.१,५०,०००।-, जि.प्र.का. पर्सामा २०३५ देखी २०३८ सालसम्म कार्यरत रहंदापाएको कमिसन रकमलाई अ.दुअ.आ. ले भेटिएका प्रमाणहरु लाई मात्र आधार वनाई रु.९९,१९०।८८ लाई मात्र मान्यता दिएको छ । २०३५ सालमा भन्सार कमिसनको रु.६२,६९७- पाएको प्रमाण वयान साथ पेश गरेको छु । दैनिक भ्रमण भत्ता रु.१,२००।- को हकमा प्रमाण धुल्याइसकेको प्रहरी संचार वयान साथ पेश गरेको छु । २०३५ सालको मेरो कुल आय रु.८९,०५६।- अघिल्लो वर्ष सम्मको कुल वचत मौज्दात रु.१,४७,००८।५० समेत गरी २०३५ सालको अन्त्यमा कुल आय रु.२,३६,०६४।५० भएको थियो ।

मेरो वुवालाई वीरगंज अस्पतालमा क्यान्सरको उपचारको लागी राखेको अवस्थामा सानी आमा दिपादेवी वोहोराको कुनै सन्तान पनि नभएकोले राम्रो ठाउंमा जग्गा किनी दिई घर वनाई दिई स्याहार सुसार गर्नु भन्ने पिताजीको अन्तिम इच्छा व्यक्त गर्नु भएकोले २०३५ पौष ३ मा वुवाको स्वर्गारोहण भएपछी पैतृक घर अछाममा रहनु भएको मेरी आमा मनसरा देवी वोहोरालाई मुख्य मुख्य सम्पत्ति र गहना लिई काठमाडौंमा वस्ने गरी खवर पठाएको थिए । आमा आउदा राख्न दिनु भएको रु.६७,०००।- चांदीका कम्पनी रु.४,८००।-, गरगहना सुन ६५ तोला, चांदी ३।४ के.जी. लिई आउनु भयो र दुवै आमाहरुलाई काठमाडौंमा राखें । उपरोक्त रकम मध्येवाट पिताजीले भने अनुसार हालको का.जि. का.म.न.पा. वडा नं. ३४ कि.नं. ६३२ क्षे.फ. ०-१२-०-० को जग्गा सानीआमा दिपादेवी वोहोराका नाउंमा रु.१,०००।- मा खरिद गरिएको हो सोको प्रमाण लिखत वयानसाथ पेश गरेको छु । २०२४ साल देखी २०३५ सालसम्म तलव भत्ता, दैनिक भ्रमण भत्ता, विदेश भ्रमण, पुरस्कार, वकस,

कैलालीको कृषि आय, भन्सार कमिसन समेत गरी २०३५ साल सम्मको अन्तिम वचत रु.२,३५,०६४।५० आय आर्जन भएको थियो ।

२०३६ सालको तलव भत्ता रु.९,९८८।- दैनिक भ्रमण भत्ता १,३५०।-, पर्सा जिल्लामा ०३६ सालमा किनेको ५-११-५ जग्गा र कैलालीको जग्गा समेतको कृषि आय रु.४३,४१२।५०, भन्सार कमिसन रु.५,३१०।- ०३६ सालमा प्रहरी रत्न पदक सहित पाएको नगद पुरस्कार रु.५००।- मुमाले पहाडवाट आउंदा ल्याउनु भएको चांदीका कम्पनी रुपैयां ४८००।- को त्यतीवेलाको दररेट रु १०३ प्रति रुपैयांले विक्री गरी हुन आएको रु. ४९,४००।- र नगद रु. ६७,०००।- समेत जम्मा रु. ५,६१,४००।- गरी कुल ६,२१,९६०।५० आय प्राप्त भएकोले ०३५ सालको अन्तिम बचत रु.२३५०६४।५० समेत ०३६ साल सम्मको कूल आय रकम रु.५७०२५।- थियो । सोही आयबाट लगानी तर्फ ०३६।७।१४ मा काका जयराम वोहोराका नाउंमा पर्सा जि.लालपर्सा गा.वि.स. वडा नं. ३ कि.नं. २३, २५, २०, २४, २ र २६ को क्षे.फ. जम्मा २-प१४-५ जग्गा रु.३०,०००।- मा खरिद गरेको र ऐ. वलेवा गा.वि.स. वडा नं.३ कि.नं.१७८ को जग्गा मिति ०३६।७।१८ मा रु.१७,५००।- मा खरिद गरी जम्मा रु.४७,५००।- मा खरिद गरेको प्रमपाण वयानसाथ पेश गरेको छु । ०३६ सालको अन्तिम वचत रु.८,०९,५२५ भएको थियो ।

२०३७ सालको तलव भत्ता रु.१०,२५२।- जि.प्र.का. पर्सामा रहंदा पाएको दैनिक भ्रमण भत्ता रु.१,१२०।-, पर्सा र कैलालीको ९-१५-५ जग्गाको कुल कृषि आय रु.४८,४१२।५० भन्सार कमिसन ३,५६२ गरी यो वर्षमा कुल आय रु.६३,३४६।५० भएको र ०३६ साल सम्मको वचत रकम रु.८,०९,५२५।- गरी ०३७ साल सम्मको कुल आय सहित जम्मा रकम रु.८,७२,८७१।५० भएकोमा उक्त वचत रकम मध्येको श्रोतवाट ०३७ सालको खर्च तर्फ ०३७।२।६ मा पर्सा जिल्ला वेलवा गा.वि.स. वडा नं.१ कि.नं.३७ र वेलवा ३ कि.नं.२७५ को जग्गाको जम्मा क्षे.फ. १-५-० विगाहा जग्गा काका जयराम वोहोरका नाउंमा रु.१७,०००।- मा खरिद गरिएको हो । ०३७।८।४ मा जि.पर्सा वेलवा १ कि.नं. १४९ क्षे.फ. १-०-० जग्गा रु.१६,०००।- मा मेरो मुमा मनसरा देवी वोहोराका नाउमा खरिद गरिएको हो, सोको श्रोत ०३६ सालसम्मको वचत रकमवाट किनेको हो । ०३५ सालमा मेरी सानी आमा (सौतेनी आमा)का नाउंमा किनिएको माथी उल्लेखित जग्गामा वुवाको अन्तिम इच्छानुसार मुमाले ल्याएको माथी उल्लेखित भएको जम्मा वचत रकम मध्ये वाट ०३६ सालमा निर्माण शुरु गरी ०३७ सालको असार साउनमा करीव रु.१,०८,९६९।- खर्च गरी घर निर्माण

गरिएको थियो । उक्त घर दुई तला वनाउने भनि निर्माण सामग्री जुटाईएकोमा एकतला मात्र वनाई अनुकुल अवस्थामा वनाउने भनि वांकी निर्माण सामग्री यथावत सुरक्षित राखेको थियो । उल्लेखित १ तला घर र वांकी निर्माण सामग्रीमा भएको उल्लेखित रु.१,०८,९६९।- मध्येवाटै खरिद गरिएको हो । त्यसवर्ष जग्गा खरिद र घर निर्माणमा जम्मा रु.१,४१,९६९।- खर्च भएको थियो । ०३७ सालको आय वचत समेतको रु.८,७२,८७१।५० मा ०३७ सालमा रु.१,४१,९६९।- खर्च हुंदा ०३७ साल सम्मको अन्तिम वचत रु.७,३०,९०२।५० थियो । ०३७ सालमा खरिद जग्गाको प्रमाण वयानसाथ पेश गरेको छु । घर निर्माणको श्रोत रकम ल्याउने ९० वर्ष पुग्न लाग्नु भएको आमा प्रमाण हुनुहुन्छ । आमा मनसरा देवी वोहोराको अ.दु.अ.आ. वाट कर्मचारी घरमा आई वयान कागज गराएका थिए सो वयान मिसिल संलग्न देखिएन । मुमा मनसरादेवी वोहोरालाई अदालतवाट वुझि पाउं । चांदी विक्री सम्वन्धमा जानकारी राख्ने का.जि. मूलपानी ६ वस्ने अवकास प्राप्त प्र.ना.उ. पदम प्रसाद फुयांललाई वुझि पाउं । मेरो मुमाले पहाड घरवाट ल्याएको रकमको सम्वन्धमा मेरो भतिजा भीम वहादुर वोहोरालाई जानकारी छ, वुझि पाउं ।

२०३८ सालको मेरो आय तलव भत्ता रु.१३,३१६।- दैनिक भ्रमण भत्ता १,२००।-, ९-१५-५ जग्गाको कृषि आय रु.४८,४१२।५०, भन्सार कमिसन रु.२७,६८१।८८ समेत गरी ०३८ सालको कूल आय रु.९०,५५०।३८ हुन्छ। ०३७ साल सम्मको वचत रु.७,३०,९०२।५० समेत गरी २०३८ साल सम्मको आय सहित जम्मा वचत रु.८,२१,४५२।८८ थियो । ०३८ सालको खर्च सम्वन्धमा ०३८।२।८ मा अख्तियारले श्रोत नखुलेको भनेको मेरो सौतेनी आमा दिपादेवी वोहोराको नाउंमा साविक का.म.न.पा. १० कि.नं.४७७ क्षे.फ. ०-८-०-० को जग्गा खरिद रु.२५,०००।-, २०३८।८।२१ मा ऐ.ऐ. कि.नं. १०४ क्षे.फ. ०-९-०-० को खरिद रु.२,०००।-, २०३८ सालमै ग्यारेज र गार्ड कोठा निर्माण रु.२८,०००।- मा गरिएको हो । अ.दु.अ.आ. ले २०४३ सालमा रु.७०,४७०।- मा निर्माण गरिएको भन्ने कुरा पूर्णतः गलत हो । उल्लेखित जग्गा खरिद, ग्यारेज र गार्ड कोठाको निर्माणको श्रोत मुमा मनसरा देवी वोहोराले पहाडवाट ल्याउनु भएको माथी उल्लेख गरिएको रु.६७,०००।- र चांदीका सिक्का विक्रीवाट प्राप्त रकम तथा ०३८ साल सम्मको मेरो कुल आय वचत रकम रु.८,२१,४५२।८८ मध्ये वाटै खर्च भई जम्मा खर्च भएको रकम रु.५५,०००।- कट्टा गर्दा २०३८ साल सम्मको अन्तिम वचत रु.७,६६,४५२।८८ भएको थियो ।

०३९ सालको तलव भत्ता रु.१३,६०२।- क्षे.प्र.का. दिपायलमा ०३९ पौष देखी २०४० वैशाख सम्म काज वस्दा काज भत्ता दैनिक भ्रमण भत्ता समेत रु.३,९८०।-, ९-१५-५ जग्गाको कृषि आय रु.४८,४१२।५० गरी सो वर्षको कुल आय रु.६५,९९४।५० भएको थियो । ०३८ सालको अन्तीम वचत रु.७,६६,४५२।८८ समेत गरी ०३९ साल सम्मको कुल वचत आय रु.८,३२,४४७।३८ भएको थियो । दिपायलमा काजमा रहेको प्रमाण धुल्याई सकेको भनि मौखिक जानकारी गराएकोले उक्त समयमा त्यही दरवन्दीमा हुने प्र.नि. हाल प्रहरी अतिरिक्त महानिरीक्षक रवीकान्त अर्याल र प्रहरी प्रधान कार्यालय वुझि पाउं । २०४०।२।१३ मा भारतको दिल्ली, हैदरावाद समेतका प्रहरी प्रतिष्ठानहरुको पर्यवेक्षक भ्रमणमा जांदा पाएको लुगा भत्ता रु.१,२००।- दैनिक भ्रमण भत्ता रु.१०,०००।- पाएको थिए । भारतमा पाहुनाको रुपमा वसेकाले खर्च नभई पुरै वचत भएको थियो । भत्ताको प्रमाण प्रहरी प्रधान कार्यालयको २०६१।५।१५ को पत्र पेश गरेको छु । ०४०।०४१ सालमा वुटवल तालिम केन्द्रमा रहंदा किङ्गस वेटन परीक्षा वोर्डको सदस्य सचिव भएकोले पश्चिम पहाडी जिल्ला २।२ पटक पैदल भ्रमण गरेको, ०४१ सालमा गुल्मी कारागार काण्डको छानविन टोलीमा करीव १ महिना काज खटिएको र तालिम केन्द्रवाट पटक पटक अन्यत्र काज खटिदां समेत दैनिक भ्रमण भत्ता रु.७,५७५।३६ भएको हो । यसको अभिलेख फेला नपरेको भनि उक्त तालिम केन्द्रले पठाएको प्रहरी संचार प्रतिलिपी वयान साथ पेश गरेको छु । यसरी ०४० सालमा मेरो प्राप्त तलव भत्ता रु.१३,८८८।- दैनिक भ्रमपण भत्ता रु.१८,७२५।३६, ९-१५-५ जग्गाको कृषि आय ४८,४१२।५० समेत गरी कुल सो वर्षको कुल आय रु.८१,०२५।८६ र ०३९ साल सम्मको कुल वचत रु.८,३२,४४७।३५ समेत गरी ०४० साल सम्मको कुल आय जम्मा रु.९,१३,४७३।२४ भएको थियो। २०४० सालको खर्च तर्फ ०४०।२।१६ मा हाल कला वोहोराको नाउंमा रहेको वीरगंज उप-महानगपरपालिका वडा नं. १० को प्लट नं. १२२७ क्षे.फ. ०-१-० जग्गा रु.१२,०००।- मा किस्ता वन्दीमा खरिद गरेको हो । सो जग्गा विरगंज नगर विकास समितिले कर्मचारीलाई २०३७ सालमा किस्ता वन्दीमा वितरण गरेको र मैले किस्ता चुक्ता गरीसकेपछी २०४०।२।१६ मा मेरा नाउंमा दर्ता कायम भएको हो । श्रीमती कला वोहरालाई २०४७ सालमा हक हस्तान्तरण गरि दिएको हुं । २०४० साल वैशाखमा मेरो जेठी छोरी रत्ना वस्नेतको विवाहको वेलामा मेरो दरवन्दी क्षे.प्र.ता.के. वुटवलमा भएको, त्यस ठाउंमा मेरो घर वास नभएको, भरखर सार्वजनिक व्यवहार सुधार ऐन, २०३३ लागु भएको हुंदा प्रहरी तालिम केन्द्र नजिक रहेको मन्दिरवाट सामान्य खर्च रु.८,५००।- मात्र खर्च गरी विवाह सम्पन्न भएको हो । छोरीलाईदिएको सामान्य गरगहना पुराना गहना ढाली वनाईएको हो । अ.दु.अ.आ.ले आफ्नो मनोमानीले वदनियत

राखी धेरै खर्च गरेको देखाउन रु.५०,०००।- खर्च भएको भनिएको निराधार तथा सत्य तथ्य विहिन छ । ०४० सालमा खरिद गरेको जग्गाको लिखत वयान साथ पेश गरेको छु । २०४० साल सम्मको कुल आय रकम जम्मा रु.९,१३,४७३।२४ मा ०४० सालको जग्गा खरिद र छोरीको विवाह खर्च समेत रु.२०,५००।- कट्टा गर्दा ०४० साल सम्म अन्तिम वचत रु.८,९२,९७३।२४ भएको थियो ।

२०४१।०४२ सालको आय सम्वन्धमा २ वर्षको तलव भत्ता रु.४८,११८।- दैनिक भ्रमण भत्ता ८,१२५।३९, दुई वर्षको कृषि आय रु.१,२४,३१२।५० गरी २०४१।०४२ को कुल आय रु.१,८०,५५५।८९ भएको र ०४० साल सम्मको वचत रु.८,९२,९७३।२४ गरी २०४२ साल सम्मको आय सहितको जम्मा रकम रु.१०,७३,५२९।१३ भएकोमा ०४२।११।१० मा श्रीमती समेतको कृषि आय र वचत वाट जम्मा भएको रकम समेत २०४२ साल सम्मको आय सहितको रकम रु.१०,७३,५२९।१३ वाट कला वोहोराको नाउंमा कैलाली रेवरीयामा कि.नं.७६३ क्षे.फ.०-१-० जग्गा रु.१५,०००।- मा खरिद भएको हो । सो जग्गा खरिद रकम रु.१५,०००।- कट्टा गर्दा ०४२ साल सम्मको अन्तिम वचत रु.१०,५८,५२९।१३ भएको थियो । यसरी जम्मा भएको रकम लगानी गर्ने र परिचालन गर्ने गरेको थिएं । ०४३ सालको आय सम्वन्धमा ०४३ सालको तलव भत्ता रु.२८,०००।- दैनिक भ्रमण भत्ता रु.१०,६००।-, कृषि आय रु.६२,१५६।२५ गरी यस वर्षको कुल आय रु.१,००,७५६।२५ भएको र ०४२ सालको अन्तिममा भएको वचत रु. १०,५८,५२९।१३ गरी ०४३ साल सम्मको कुल आय जम्मा रु.११,५९,२८५।३८ भएकोमा ०४३ सालको खर्च तर्फ अ.दु.आ. आ.ले आंशिक श्रोत नखुलेको भनिएको वानेश्वर घरको माथिल्लो तलाको सम्वन्धमा ०४३ सालमा म वागमती अंचल कार्यालयवाट प्रहरी प्रधान कार्यालयमा सरुवा वढुवा भई आएपछी २०३६।०३७ सँलमा एक तला घर निर्माण भई वांकी रहेका इटा एवं झ्याल ढोका काठ प्रयोग गरी डेढ तला घर करीव रु.२,१९,६२९।- मा निर्माण गरीएको हो । म आफु प्रहरी सेवामा रहेकोले प्रहरीका प्राविधिक कर्मचारीहरु समेतको सहयोग पाई निर्माण सामग्री सुपथ रुपमा खरिद गरी घर निर्माण गरिएको हो । घरमा प्रयोग भएका काठहरु म पर्सामा कार्यरत रहंदा वन पैदावार समितिले लिलाममा चढाएका काठहरु सकार गरी लिई झ्यालढोका, चौकोस, दारज, खाट निर्माण गरिएकोले सो घरको निर्माण मूल्य निकै सस्तो भएको छ । सो घर ०३६।०३७ सालमा भुइतला रु.१,०८,९६९।- मा र माथिल्लो समेत निर्माण गर्दा साढे दुई तला घरको जम्मा निर्माण खर्च करीव रु.३,२८,५९८।- मात्र भएको छ । तर सो घरलाई आयोगले रु.१५,२६,०००।- निर्माण मूल्य भनी मनगढन्ते रुपमा मूल्य निर्धारण गरेको छ । उक्त घरको लागत

सम्वन्धमा मैले अ.दु.अ.आ. मा वयान गर्दा अनुमानित रु.२,५०,०००।- खर्च भएको भनेको थिएं । मुद्दा चलाएपछी सवै हिसाव किताव एक एक गरी केलाउंदा रु.३,२८,५९८।- जति भएको रहेछ । घरमा रहेका फर्निचरहरु म पर्सा तथा अन्य वाहिरका जिल्लामा कार्यरत रहंदा पटक पटक गरी वनाएका र मेरो छोरा गजेन्द्रले आफ्नो आयवाट वनाएका, खरिद गरेका एवं उसको दाइजोमा समेत आएका हुन् । दराज, पलङ्ग, सोफा, इलेक्ट्रीकल सामान, फ्रिज, टि.भी., भि.सी.डी. इत्यादी समेत मेरो आयवाट वनाएको, खरिद गरेको भन्ने अख्तियारको आरोप भ्रुठ्ठा तथ्यहिन छ । मेरो तर्फको फर्निचर आफ्नै पहलमा काठ खरिद गरी ज्यामी लगाई निर्माण गरेकोले रु.६०।७० हजार भन्दा वढी खर्च भएकै छैन । उल्लेखित मेरो सौतेनी आमा दिपादेवी वोहोराका नाउंमा निर्माण गरीएको घरको निर्माण लागतको श्रोत मेरो ०३८ साल सम्मको वचत रकम, मुमाले घरवाट ल्याएको रकम, एवं वास्तवमा मेरो पैतृक सम्पत्तिवाट वनेको हो । यो घर जग्गा सौतेनी आमाकै स्वामीत्वमा रहेकाले उहांले आफुखुशी गर्न पाउने सम्पत्ति हो । आयोगले मेरो वैध आयलाई वग्याउन स्वआर्जित रकमवाट वनाएको भनी दावी लिने दुस्प्रयास गरेको विलकुल भ्रुठ्ठा एवं काल्पनिक छ । ०३६।३७ साल देखि नै मेरो वानेश्वरको घरको रेखदेख गर्ने इन्जिनियर ओम प्रकाश अग्रवालले वनाई दिएको घर वनाउंदा लागेको खर्चको मूल्याङ्कन प्रतिवेदन वयान साथ पेश गरेको छु । ०४३ साल सम्मको आय सहितको रकम रु.११,५९,२८५।३८ र ०४३ सालमा भएको खर्चको रु.२,१९,६२९।- कट्टा गर्दा ०४३ साल सम्मको वचत रु.९,३९,६५६।३८ भएको थियो ।

०४४, ०४५ र ०४६ साल सम्मको तीन सालको तलव भत्ता रु.१,१२,५२५।- दैनिक भ्रमण भत्ता रु.८,६९५।-, तीन वर्षको कृषि आय रु.४,८३,०१८।७५ गरी जम्मा तीन वर्षको कुल आय रु.६,०४,२३८।७५ भएको, ०४३ को अन्त सम्मको वचत रु.९,३९,६५६।३८ गरी ०४६ साल सम्मको कुल आय सहितको रकम रु.१५,४३,८९५।१३ भएको छ । मेरो पर्सा जिल्लाको ६ विगाहा ११ कठ्ठा ५ धुर जग्गामा आफैले उखु खेती गरेको, सो खेतीवाट प्रति विगाहा २५ देखी ३० हजार सम्म आम्दानी भएकोले यो तीन वर्षको कृषि आयमा वृद्धी भएको हो । उखु खेती गरेको प्रमाण गा.वि.स. को सर्जमिन सहितको सिफारिस र उत्पादन सम्वन्धमा उखु वाली अनुसन्धान कार्यक्रम जितपुर द्वारा प्रमाणित पत्र एवं यस अवधीमा पूर्व क्षेत्रमा पाएको दैनिक भ्रमण भत्ताको प्रमाण प्रहरी प्रधान कार्यालयको पत्र वयान साथ पेश गरेको छु । २०४७ र ०४८ सालको तलव भत्ता रु.८८,११०।-, कृषि आय रु.२,७८,४७५।- गरी दुई वर्षको कुल आय रु.३,६६,५८५।- र ०४६ सालको अन्तमा भएको वचत

रु.१५,४३,८९५।१३ गरी ०४८ साल सम्मको कूल आय सहितको रकम रु.१९,१०,४८०।१३ भएकोमा २०४८।८।१२ मा जिल्ला पर्सा वेलवा ३ कि.नं. १९२ र२२५ को जम्मा क्षे.फ. ०-१९-० जग्गा उल्लेखित कृषि आय सहितको वचत रकम मध्येवाट श्रीमती कला वोहोराका नाउंमा रु.२०,०००।- मा खरिद गरिएकोले ०४८ सालको आय रकम रु.१९,१०,४८०।१३ मध्ये खर्च गरिएको रु.२०,०००।- कट्टा गर्दा ०४८ साल सम्मको वचत रु.१८,९०,४८०।१३ मेरो आयश्रोतवाट जम्मा भएको थियो । ०४९।०५० सालको दुई वर्षको तलव भत्ता रु.१,४९,३२०।-, विदेश भ्रमण भत्ता रु.२,३७,१२९।८८, २ वर्षको क्षे.फ.१०-१४-५ जग्गाको कृषि आय रु.१,८५,९२५।- र म्यानमार निवासी स्वर्गीय काका मान वहादुर वोहोरा (भिक्षु) ले ध्यानाश्रम वनाउने भनी मलाई छाडी जानु भएको रु.५,००,००१। र ०५० सालको वानेश्वरको घरको भाडा रु.२,०२,४००।- समेत गरी दुई सालको कुल आय रु.१२,७४,७७५।८८ भएको र ०४८ सालको अन्तमा भएको वचत रु.१८,९०,४८०।१३ समेत गरी ०५० सालको आय सहितको रकम रु.३१,६५,२५६।०१ हुन्छ । म ०४९ सँल फाल्गुण १५ गते प्रहरी महानिरीक्षकमा वढुवा भएपछी प्रहरी निवासमा वस्नु पर्ने भएकोले २०५० सालवाट ४ वर्षका लागि उक्त घर त्रिवेणी सिमेन्ट नेपाल र निजका प्रोपाइटर ओ.एस. अग्रवाललाई क्रमशः मासिक रु.४,०००।- र १५,०००।- मा प्रतिवर्ष ७ प्रतिशतका दरले वृद्धी हुने गरी वेग्ला वेग्लै संम्झौता गरिएको, ०५३ साल फाल्गुणमा मैले अवकास प्राप्त गरेपछी आफु वस्नु परेको हुनाले संम्झौताको म्याद अगाडी नै पौष मसान्तमा घर खाली गराएको थिएं । रु.४,०००।- को संम्झौतापत्रको प्रतिलिपी सम्पत्ति न्यायिक जांचवुझ आयोगमा पेश गरेको र रु.१५,०००।- को संम्झौतापत्रको प्रतिलिपी फेला सनपरेकोले पेश गर्न नसकेकोमा हाल फेला पारी वयान साथ पेश गरेको छु । सो संम्झौतापत्रको घर भाडा समेत थप गरी माथी उल्लेख गरेको छु र संम्झौतापत्रमा साक्षी वस्ने का.जि. मूलपानी ६ वस्ने पदम प्रसाद फुयाललाई वुझि पाउं । २०५० साल साउन २४ मा श्रीमती कला वोहोराका नाउंमा भक्तपुर दिव्यश्वरी २(ख) कि.नं १३८२ क्षे.फ. १-४-३-०, २०५०।८।८ मा कि.नं. १३८० र १३८१ समेतको ०-८-०-० रोपनी जग्गा रु.१,७१,०००।- मा २०४९।०५० सालसम्मको जम्मा भएको वचत रु.३१,६५,२५६।०१ मध्येवाट खरिद गरिएको हो । २०५० मा छोरा गजेन्द्र वोहोरा र छोरी शुष्माको विहामा छोरा आफै कमाउने साही पार्श्ववर्ती सैनिक अधिकृत भएकोले निजले विवाह खर्च तत्कालिन स्व.श्री ५ महाराजाधिराज दिपेन्द्र वीर विक्रम शाहवाट वक्स समेत पाएको हुंदा निज स्वयम कै आय आर्जन र वक्स वाट पाएको रकमवाट विवाह भएकोले मेरो आयवाट खर्च नै भएको छैन र छोरी सुष्माको विवाह माथी उल्लेखित वचत रकमको श्रोतवाट सामाजिक व्यवहार सुधार ऐन २०३३ को

परिधीमा रहि रु.७५ हजार मात्र खर्च गरेको हुं । आयोगले आफुखुशी मनगडन्ते हिसावले भनेबमोजिम रु. ४ लाख खर्च भएको होईन । आरोपत्रमा श्रोत नखुलेको भनिएको का.जि. नैकाप ६ को कि.नं. १ भनिएको कि.नं. ६१ र कि.नं. ३३४, ३३५ को जम्मा क्षे.फ. ३-१-२-० जग्गा मिति २०५०।९।२० मा रु. २५,०००।- मा जोत्सना वोहोराका नाउंमा खरिद गरिएको र का.जि. वलम्वु ८(क) कि.नं.८७ क्षे.फ. ११-८-०-० को जग्गा मिति २०५०।९।२८ मा रु.९४,०००।- मा जोत्सना वोहोराका नाउंमा खरिद गरिएको हो । छोरी जोत्सना वोहोरा (पाण्डे) को नाउंमा खरिद भएको कि.नं ६१ र ३३४ को जग्गा आरोपपत्रको तालिका नं. १८ मा उल्लेख भए वमोजिम रु.६५,०००।- मा खरिद भएको नभै रु.६,५००।- मा मात्र खरिद गरिएको हो, सोको प्रमाण लिखतको प्रतिलिपी वयान साथ पेश गरेको छु । उक्त चारै कित्ता १ लाख १९ हजारमा खरिद भएको हो । अख्तियारले उक्त जग्गाको हालको मूल्याङ्कन रु.५७,६२,५००।- उल्लेख गरेको कुरा अत्यन्तै अतिरन्जित र कपोलकल्पित छ । जग्गा खरिद गर्दाको अवस्था कि.नं.८७ सम्म पुग्न गोरेटोवाटो भिरालो पाखोजग्गा थियो । हाल गा.वि.स.ले खनेको वाटो भएपनि मोटर आवतजावत नहुने जग्गालाई अख्तियारले४६ लाख मुल्यांकन गरेको प्रतिवेदन तथा आरोपपत्रको व्यहोरा दुराशय एवं कपटजन्य छ ।सो जग्गा कुनै व्यापारिक उद्देश्यले खरिद गरेको नभई म जन्मनु भन्दा अगाडी नै वेपत्ता हुनु भै वौद्ध भिक्षु भैसक्नु भएका मेरा काका नाताका म्यानमार निवासी स्व. मान वहादुर वोहोरा (भिक्षु) २०४८।४९ मा आफ्नो जन्मभूमी हेर्ने, पशुपती, लुम्विनी दर्शन गर्छु भनी नेपाल आउनु भै पूर्व मन्त्री नैन वहादुर स्वांरको माध्यमवाट म कहां आउनु भै करीव ७८ महिना जती नेपालमा वस्दा २।३ पटक अध्यागमन विभागवाट म्याद थप गरिएकोमा सोको पुष्टी गर्न मैले निवेदन दिएकोमा रेकर्ड फेला पर्दैन भन्ने जवाफ दिएपछी हुलाकवाट निवेदन दिएको प्रमाण र वावा मान वहादुर (भिक्षु) नेपाल आउनु भएको, उहांले नेपालमा वस्दा प्रवचनको दौरानमा विभिन्न व्यक्ति तथा धार्मिक संस्थाहरुवाट पाएका नेपाली रुपैयां वर्मा म्यानमारमा काम नलाग्ने र सटही गर्न नमिल्ने आध्यात्मिक जिवन विताइरहेका वावालाई धन पैसाको मोह पनि नहुने भएकोले रु.५,००,००१।- काठमाडौं वरीपरी पहाडी जग्गामा ध्यानश्रम खोल्ने उद्देश्यले मलाई छाडी जानु भएकोमा तत्काल ध्यानश्रम सम्वन्धि कुनै संस्था खडा नभएको, वावा वर्मेली नागरीक भएकोले उहांको नाउंमा जग्गा खरिद गर्न नमिल्ने हुंदा उल्लेखित ४ कित्ता जग्गा मध्ये कि.नं. ८७ को जग्गा ध्यानाश्रमको लागि र कि.नं ६१, ३३४ र ३३५ को जग्गा ध्यानश्रममा आउने मानिसका लागि विश्रामगृह वनाउन भनी मेरो कान्छी छोरी जोत्सना वोहोराका नाउंमा खरिदभएको हो सो सम्पत्ति म एवं छोरीले आफुखुशी गर्न पाउने होइन । मान वहादुरकी छोरी पार्वती हकदार हुन् आवश्यक परे

वुझि पाउं । पछि मैले हेर्दा सो ठाउं भिरालो देखिएकोले वावालाई मन नपर्न सक्छ भनी सोको विकल्पमा उहांले दिएको रकम समेत वचत भएकोले २०५१।२।२२ मा जि.काभ्रे श्रृखण्डपुर ५ कि.नं. ७२३ क्षे.फ. १-१५-१-३ जग्गा पनि रु.२०,००० मा खरिद गरी वावालाई खवर गरियो । अचानक २०५१ सालमा वावा स्वर्गे भएको खवर प्राप्त भएपछी ०५७ सालमा म आफै म्यानमार गई काका मान वहदुर (भिक्षु) की जेठी छोरी पार्वती शर्मा वोहोरा र ज्वाई गिरीजा शंकर शर्मा संग ध्यानश्रम वनाउने योजना र रकम सम्वन्धमा कुरा गर्दा ध्यानश्रम संचालन गर्ने वावा स्वर्गे भैसकेपछी थप लगानी निरर्थक हुन्छ वावाको जन्मस्थलमा मठ मन्दिर निर्माण वा जिर्णेद्धार गराई दिए हुन्छ भनी जवाफ दिए पछी उक्त जग्गा विक्रीमा राखेका थियौं । यसै क्रममा अख्तियारले छानविन प्रकृया शुर गरेपछी केहि गर्न सकिएन । यसरी उक्त जग्गाको खरिद श्रोत वावाले छाडी जानु भएको रु.५,००,००१।- मध्ये वाटै हो । सो जग्गा खरिद श्रोतलाई अवैध भन्न मिल्दैन । यस सम्वन्धमा वैनी पार्वती शर्माले म्यानमारवाट उक्त विषयको आधिकारीक नोटरी पव्लिक द्धारा प्रमाणति गरी पठाउनु भएको नोटरी पव्लिक लिखत कागज मैले अ.दुअ.आ. मा पेश गरीसकेको छु । सो को प्रतिलिपी, वावा मान वहादुर वोहोराको राहदानी प्रतिलिपी, एक प्रति फोटो, वैनी पार्वती शर्मा र ज्वाई गिरीजा शंकर शर्माको राहदानी प्रतिलिपी एवं मेरो राहदानी प्रतिलिपी वयान साथ पेश गरेको छु ।

जि. पर्सा वेलवा ३ कि.नं १४१ क्षे.फ. ०-४-० जग्गा २०५०।१०।१३ मा रु.५,०००।- मा श्रीमती कला वोहोराका नाउंमा माथी उल्लेखित वचत रकम र विदेश भ्रमणको रकम मध्येवाट खरिद भएको हो । श्रोत नखुलेको भनिएको जिल्ला मकवानपुर हेटौंडा न.पा. ८ स्थित कि.नं ५९१२ र ५९१५ को जग्गा २०५०।१०।१३ मा १२,०००।- मा मेरो ०४९ सालको तलव भत्ताको वचत रकम मध्येको श्रोतवाट श्रीमती कला वोहोराको नाउंमा खरिद गरिएको हो । अ.दु.अ.आ. मा वयान गर्दा रु.२४,०००।- लेखिएको स्मरण गर्न सम्भव नभएकोले हो । शुद्ध तलव भत्ता वाट किनिएको जग्गालाई श्रोत नखुलेको भन्न मिल्दैन । श्रोत नखुलेको भनिएको चितवन जिल्ला नरायाणगढ ५ (ग) कि.नं. ६९५ क्षे.फ. ०-१४-१९-७५ को जग्गा श्रीमती कला वोहोराको दाईजो, निजी पेवा, दान दक्षिणा, टिकाटाला, माथी उल्लेखित वचत, कृषि जन्य आय, निजको नाउंमा भएको जग्गाको कृषि आय लगानी गरी वढे वढाएको रकमवाट मिति ०५०।११।१० मा रु.१,५३,०००।- मा श्रीमती कला वोहोराका नाउंमा खरिद गरिएको हो । उक्त जग्गामा ०५० सालदेखी तरकारी फलफूल खेती गर्दै आएका छौं । श्रोत नखुलेको भनिएको जिल्ला कैलाली मालाखेती ७ कि.नं. ४९८ क्षे.फ.०-१-३ को

जग्गा माथी उल्लेखित कैलालीको कृषिजन्य आय समेतवाट २०५०।१२।१४ मा रु.३०,०००।- मा श्रीमती कला वोहोराका नाउंमा खरिद गरिएको हो । २०५० साल सम्मको आय सहितको रकम रु.३१,६५,२५६।०१ भएकोमा ०५० सालको खर्च रु.५,६५,०००।- कट्टा गर्दा ०५० साल अन्तिममा रु.२६,००,२५६।०१ वांकी वचत थियो । ०५१ सालमा मेरो तलव भत्ता रु.७८,८५०।-, विदेश भ्रमण भत्ता (चीन र द.कोरीया) रु.१,२३,२३५।८७ र इटालीको रु.९०,२२१।६९ समेत गरी रु.२,१३,४५७।२६, कृषि आय रु.१,०३,७६२।५०, घर भाडा रु.२,३४,९६८।-, तरकारी खेतीवाट रु.४,५००।- गरी यो सालको कूल आय रु.६,३५,५३८।०६ र ०५० साल सम्मको आय वचत मौज्दात रु.२६,००,२५६।०१ समेत गरी ०५१ साल सम्म आय समेतको रकम रु.३२,३५,७९४।०७ हुन्छ । चीन, दक्षिण कोरीयाको मैत्रीपूर्ण भ्रमणमा आयोजक राष्ट्रले खर्च व्यहोर्ने हुंदा पुरै रकम वचत भएको प्रमाण प्रहरी प्रधान कार्यालयको पत्र वयान साथ पेश गरेको छु । ०५१ सालको लगानी सम्बन्धमा श्रोत नखुलेको भनिएको कैलाली टिकापुर न.पा.-९ (थ) कि.नं.२० क्षेत्रफल २५०-७३ वर्गफिट जग्गा २०५१।२।५ मा स्वर्गीय वुवा रंगवीर वोहोरावाट मेरा नाउंमा नामसारी दाखा भई आएको, वुवाले खरिद गरेको जग्गा हुनाले मेरो पैतृक सम्पत्ती हो । ऐ. टिकापुर न.पा.-९ (फ) कि.नं.६२९ क्षेत्रफल १०७२ वर्गफिटको घडेरी टिकापुर विकास समितिवाट २०५१।२।२२ मा रु.१,३०,०००।- मा मेरो २०५० साल सम्मको कृषि आय र माथी उल्लेखित वचत रकम मध्येवाट खरिद गरिएको हो । वुवाको नामवाट दाखा भई आएको प्रमाण पुर्जाको प्रतिलिपि वयान साथ पेश गरेको छु । २०५१।१०।१५ मा वांके जिल्ला, कोहलपुर नगर विकास समितिवाट वितरण गरिएको क्षेत्रफल ०-०-६-५ जग्गा माथी उल्लेखित वचत रकमवाट रु.५०,०००।- मा खरिद गरिएको हो । २०५१।१२।१० मा जिल्ला चितवन नारायणगढ-५(ग)को कि.नं.६९४ क्षेत्रफल ०-०-१० जग्गा त्यतिवेला सम्मको वचत रकम र श्रीमती कला वोहोराको निजी वचतवाट कला वोहोराको नाममा रु.७,५००।- मा खरिद गरिएको हो । माथी उल्लेखित वचत रकम मध्येवाटै २०५१।२।२० मा हरिसिद्धी इटा टायल कारखानाको १ हजार कित्ता शेयर रु.१०,०००।- मा कला वोहोराको नाउंमा खरिद गरिएको हो । २०५१ साल सम्मको कुल वचत मौज्दात रु.३२,३५,७९४।०७ वाट ०५१ सालको कूल खर्च रु.२,१७,५००।- कट्टा गर्दा ०५१ साल सम्म जम्मा वचत रु.३०,१८,२९४।०७ भएको थियो । २०५२ सालको तलव भत्ता रु.८३,६५०।- दैनिक भ्रमण भत्ता र विदेश भ्रमण भत्ता रु.८,५०१।०४, ११ विगाहा १८ कट्ठा ५ धुर जग्गाको कृषि आय रु.१,०३,७६२।५०, घर भाडा रु.२,५१,४१५।७६, तरकारी खेतीवाट रु.५,५००।- सुन विक्रीवाट २,२५,०००।- समेतको कूल आय रु.६,७७,८२९।३० र ०५१ साल सम्मको वचत रु.३०,१८,२९४।०७

समेत गरी ०५२ साल सम्मको कूल आय सहितको रकम रु.३६,९६,१२३।३७ हुन्छ । भारतमा भएको मैत्रीपूर्ण भ्रमण खर्च आयोजक राष्ट्रले व्यहोरेकोले दैनिक भत्ता पुरै वचेको, सुन विक्री सम्बन्धमा गहना प्रोपाइटर महेश श्रेष्ठलाई वुझि पाउं, निजले दिएको टिपोट वयान साथ पेश गरेको छु । ०५२।२।३ मा जिल्ला कैलाली वलिया-८ कि.नं.१४८६, १४८९ को जम्मा क्षेत्रफल ०-३-० जग्गा टिकाटाला, पकेट वचत र माथी उल्लेखित वचत रकम समेतको श्रोतवाट छोरा जितेन्द्र वोहोराका नाउंमा खरिद गरिएको हो । ०५२ सालको कृषि आय, घर भाडा, सुन विक्री समेतवाट प्राप्त रकमवाट ०५२।१०।१५ मा जिल्ला चितवन, भरतपुर न.पा.-३ वस्ने किसन पियालाई रु.३,२५,०००।- लगानी गरियो । २०५२ साल सम्मको कूल आय रकम रु.३६,९६,१२३।३७ वाट ०५२ सालको खर्च रु.३,५५,०००।- घटाउंदा रु.३३,४१,१२३।३७ वचत भएको छ । २०५२ सालमा विरगन्ज उप म.न.पा.-१० को प्लट नं.१२२७ को जग्गामा ६ वर्षे लिजमा घर वनाउन विरगन्ज-७ वस्ने राधेश्याम साह संग सम्झौता भई भई तला र माथीको एक तला ०५२ सालमै राधेश्यामले निर्माण गरेका हुन्, जसमा मेरो एवं श्रीमती कला वोहोराको एक पैसा पनि लगानी भएको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कु-तर्कको कल्पना गरी मैले नै आफ्नो धन र समय लगाई निर्माण गरेको भन्ने ठहर गर्ने प्रसाय गरेको सत्यता विपरित छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले श्रोत नखुलेको भनि हचुवाको भरमा गरेको मूल्याङ्कन रु.३२,१९,२६३।४४ को मागदावी दुराशयपूर्ण छ । कति लगानी गर्नु भयो भनि मैले राधेश्यामलाई सोध्दा १६ लाख चानचुन खर्च भयो भनेका थिए । उनले शर्त अनुरुप ०५८ सालमा घर छाडेकाले मैले भाडामा लगाएको हो । सम्झौता पत्रको प्रतिलिपी वयान साथ पेश गरेको छु । २०५३ सालको मेरो तलव भत्ता ७३,२००।- दैनिक तथा विदेश भ्रमण भत्ता रु.९१,४९५।६९, कृषि आय रु.१,०३,७६२।५०, घर भाडा रु.२,०१,३९२।४५, मानपदवी भत्ता रु.१२,४००।- उमेश गंगोलवाट सुविधाको गाडी खरिदका लागि सापटी लिएको रु.५,५०,०००।- पेन्शन र.५,५२४।९४, औषधी उपचार एवं विदाको रकम रु.१,७६,८९९।-, तरकारी खेतीवाट रु.५,६००।-, जग्गा विक्रीवाट रु.२,२४,०००।-, विमाको रकम रु.२६,८३५।-, २०५३।३।२५ मा रा.वा.बैंक, वानेश्वरवाट झिकेको रु.५,७५,४८४।- समेत गरी कूल आय रु.२०,४६,५९३।६२ भएकोमा ०५२ सालको वचत रु.३३,४१,१२३।३७ समेत ०५३ साल सम्मको कूल आय रु.५३,८७,७१६।९९ आयश्रोत रहेको थियो । ०५३ सालको खर्च सम्बन्धमा विष्णु गा.वि.स.-१(ख) को कि.नं.३७० र ३७१ को जम्मा क्षेत्रफल २-७-२-२ जग्गा माथी उल्लेखित वचत रकम मध्येवाट ०५३।१।२८ मा रु.३०,०००।- मा श्रीमती कला वोहोराका नाउंमा खरिद गरिएको, ०५९।९।१७ मा जिल्ला पर्सा वेलवा-

३ कि.नं.१८० क्षेत्रफल ०-२-० जग्गा पनि माथी उल्लेखित श्रोत वचत रकम मध्येवाट रु.५,०००।- मा श्रीमती कला वोहोराका नाउंमा खरिद गरिएको हो । रा.वा.बैंक, वानेश्वरको चल्ती खातामा ०५३।३।२३ मा रु.५,०००।-, ०५३।३।२५ मा रु.३२,०००।-, ०५३।८।१४ मा रु.३,२९,०००।-, ०५३।८।१७मा रु.२,००,०००।-, ०५३।८।१८मा रु.१०,०००।- समेत जम्मा रु.५,७६,०००।- नगद जम्मा सुविधाको गाडी खरिद गर्न वानेश्वर वस्ने उमेश गंगोलवाट सापटी लिएको रु.५,५०,०००।- र त्यतिवेला सम्मको वचत रकम मध्येवाट पटक पटक जम्मा भएको हो । उमेश गंगोलसंग सापटी लिई मिति ०५९ सालमा निजलाई तत्कालिन श्रोतवाट पैसा तिरे वुझाएको भरपाई वयान साथ पेश गरेको छु । आरोप पत्रको तालिका नं.१८को १३(७) मा मिति ०५३।८।१८ मा रु.१,००,०००।- जम्मा भएको देखाएको छ, सो समयमा रु.१०,०००।- मात्र जम्मा गरेको हो । बैंक स्टेटमेन्टको प्रतिलिपी वयान साथ पेश छ, रा.वा.बैंक, वानेश्वरमा वुझि पाउं । भक्तपुर दिव्यश्वरी-२(ख) को जग्गा विक्री गरी प्राप्त रु.२,२४,०००।- श्रीमती कला वोहोराले ०५३।७५ मा भक्तपुर सुडाल-८ वस्ने गोपाल नेपाललाई लगानी गरेकी थिईन् । अख्तियार दुरुपयोग अनुसन्धान अयोगले उमेश गंगोलसंग सापटी लिएको रु.५,५०,०००।- को कतै उल्लेख नगरी नवुझी जग्गा विक्रीको उक्त रकमलाई गाडी खरिद गरेको मनगढन्ते विवरण तयार गरेको छ । मिति ०५३।१०।२९ मा स्टाण्डर्ड चार्टड बैंक, वानेश्वरमा श्रीमती कला वोहोराका नाउंमा भएको रु.३,००,०००।- ०५३।११।२७ मा रु.१,००,०००।- गरी जम्मा रु.४,००,०००।- माथी उल्लेखित कृषि आय, घर भाडा इत्यादीवाट जम्मा भएको रकम रु.५३,८७,७१६।९९ मध्येवाट जम्मा भएको हो । यसरी ०५३ सालको जम्मा खर्च रु.१८,५३,८८७।- हुंदा कूल वचतवाट सो खर्च घटाउंदा ०५३ सालको अन्तिममा वचत रु.३५,३३,८२९।९९ मेरो आयश्रोत रहेको थियो ।

२०५४ सालको क्षेत्रफल ११-१८-५ को जग्गाको कृषि आय रु.१,१२,४७५।-, किसन शर्मावाट टुटफुट मर्मतको लागि प्राप्त रु.३०,०००।-, पेन्सनवाट रु.५२,९४८।६२, संचयकोष रु.३,०६,४४१।७७, चितवनको जग्गाको तरकारी फलफुल खेतीवाट रु.१५,२००।-, लोकसेवा आयोगवाट प्राप्त पारिश्रमिक रु.७,५८१।६० गरी कूल आय वचत रकम रु.५,२४,६४६।९९ भएकोमा ०५३ सालसम्मको कूल वचत रकम रु.३५,३३,८२९।९९ समेत गरी ०५४ सालको आय समेत रु.४०,५८,४७६।९८ हुन्छ । लोकसेवाको पारिश्रमिक सम्बन्धमा वुझि पाउं । त्रिवेणी सिमेन्ट नेपालका प्रवन्धकवाट प्राप्त रु.३०,०००।- को प्रमाण निजको पत्र वयान साथ पेश गरेको छु । २०५४ को खर्च तर्फ माथी उल्लेखित कूल वचत रु.४०,५८,४७६।९८ मध्येवाट २०५४।१।२४ मा रा.वा.बैंक, वानेश्वर स्थित

मोतीलाल वोहोराको वचत खाता खोल्दा रु.१,७५,०००।-, २०५४।५।१३ मा स्टाण्डर्ड चार्टड बैंकमा श्रीमती कला वोहोराको खातामा जम्मा भएको रु.१,००,०००।- समेत गरी रु.२,७५,०००।- नगद जम्मा भएको छ । ०५४ सालको सो खर्च रु.२,७५,०००।- कट्टा गर्दा ०५४ साल सम्म रु.३७,८३,४७६।९८ आयश्रोत भएको छ । ०५५ सालको    ९-१८-१० विगाहा जग्गाको कृषि आय रु.९६,८७५।-, पेन्सन रु.५७,२५२।-, फलफुल तरकारी खेतीवाट रु.२५,४००।-, सुन विक्रीवाट रु.१,८०,५६२।- गरी कूल आय रु.३,६०,०८९।- र ०५४ सालको वचत रु.३७,८३,४७६।९८ गरी ०५५ सालको कूल आय सहितको रकम रु.४१,४३,५६५।९८ हुन्छ । सुन विक्रीको टिपोट र फलफुल तरकारी खेतीको प्रमाण भरतपुर न.पा.द्धारा प्रमाणित पत्र वयान साथ पेश गरेको छु । ०५५ सालको खर्च श्रोत नखुलेको भनिएको मैले ०५५।१०।६ मा रु.३,९०,०००।- मा खरिद गरेको मालिका विकास बैंकको ३,९००।- कित्ता शेयर ०५५।१०।२७ मा स्टाण्डर्ड चाटर्ड बैंकको श्रीमती कला वोहोराको खातामा जम्मा भएको रु.६०,०००।- उल्लेखित वचत रकम मध्येवाट जम्मा गरेको हो । वीरगन्ज उ.म.न.पा.१० स्थित प्लट नं.१२२७ मा वनेको श्रीमती कला वोहोराको दोश्रो तला (स्थानीय भाषामा तेश्रो तला) श्रोत नखुलेको भनिएको घर निर्माण गर्दा लागेको रु.६,००,०००।- समेत गरी रु.१०,५०,०००।- हुन्छ । ०५५ साल देखी ०५९ सम्म पटक पटक गरी रु.१०,००,०००।- जम्मा गरेको हुं । ०५५ सालको शेयर मैले प्राप्त गरेको संचय कोष, औषधी उपचार रकम मध्येवाट खरिद गरेको हुं । वीरगन्जको उल्लेखित दोश्रो तला घर निर्माण गर्दा आयोगले भनेको रु.१३,३९,१९६।२८ खर्च भएको छैन । सो घरको दोश्रो तला ०५६ साल देखी प्रति महिना रु.७,०००।- मा भाडामा दिएको छ । सो निर्माणको श्रोत ०५४ सम्मको वचत कूल रकम रु.३७,८३,४७६।९८ मध्ये भित्रको रकमवाट हो । ०५५ सालको कूल आय रकम रु.४१,४३,५६५।९८ मध्येवाट ०५५ सालको कूल खर्च रु.१०,५०,०००।- कट्टा गर्दा ०५५ साल सम्मको मौज्दात रकम रु.३०,९३,५६५।९८ भएको थियो ।

०५६ सालको कृषि आय रु.९६,८७५।-, वीरगन्जको दोश्रो तलाको घर भाडा रु.८४,०००।- पेन्सन रु.५७,२५२।-, तरकारी फलफुल खेतीको रु.२३,५००।-, किसन पियासंगको लगानी निजले ०५६।११।१० मा फिर्ता गरेको रकम रु.४,५५,०००।- र पर्साको जग्गा विक्रीवाट रु.८०,०००।- समेत गरी कूल आय रु.७,९६,६२७।- भएकोमा ०५५ सालको अन्तिम वचत रु.३०,९३,५६५।९८ समेत गरी ०५६ साल सम्मको कूल मौज्दात रु.३८,९०,१९२।९८ हुन्छ । किसन पियाले लगेको पैसाको लिखत फट्टा गरेको प्रमाण पेश गरेको छु । ०५७ सालमा ८-१४-१० विगाहा जग्गाको कृषि आय रु.९४,५८७।५० वीरगन्जको घर भाडा रु.८४,०००।-, पेन्सन रु.१,०३,९२२।-, तरकारी फलफुल खेती

रु.२९,३००।-, विजेन जोशीको चेकवाट जम्मा भएको रु.६,००,०००।- र गोपाल नेपालको लगानीवाट प्राप्त सांवा व्याज रकम रु.३,१३,६००।- समेत गरी ०५७ सालको कूल आय रु.१२,२५,४०९।५० र ०५६ साल सम्मको वचत रु.३८,९०,१९२।९८ समेत ०५७ साल सम्मको कूल आय रकम रु.५१,१५,६०२।- थियो । वीरगन्ज घरको दोश्रो तला भाडामा लिने शिव शंकर राउत र मोहन प्रसाद अधिकारीलाई आवश्यक परे वुझि पाउं । गोपाल नेपालले रकम चुक्ता गरी लिखत फट्टा गरेको कागजको प्रतिलिपी वयान साथ पेश गरेको छु । २०५७ को खर्चमा ०५७।२।३१मा स्टाण्डर्ड चार्टर बैंकमा श्रीमती कला वोहोराको नाममा जम्मा भएको रकम रु.६,००,०००।-, छोरा जितेन्द वोहोरालाई थाइल्याण्ड पढ्न जांदा व्यालेन्स सर्टिफिकेट वनाउनको लागि विजेन जोशीले चेकवाट जम्मा गरि दिएको बैंक व्यालेन्सको काम सकिएपछी ०५७।३।२० मा विजेन जोशीलाई फिर्ता भई सकेकोले मेरो आय श्रोतमा गणना गर्न नपर्ने । आरोप पत्रमा सो रकम जम्मा गरेको मात्र उल्लेख गरेको, झिकेको उल्लेख गरेको छैन । श्रोत नखुलेको भनिएको मिति ०५७।३।७ मा National Academy of Science and Technology को शेयर खरिद रु.५०,०००।-, मिति ०५७।३।२३ मा मालिका विकास बैंकको शेयर ६०० कित्ता रु.६०,०००।- मा खरिद भएको, ०५७।७।२८ मा स्टाण्डर्ड चार्टर बैंकको श्रीमती कला वोहोराका नाउंमा जम्मा भएको रु.२,२०,०००।- ०५७।७।३० र ०५७।८।७ मा मालिका विकास बैंकको मैले खरिद गरेको शेयर क्रमशः रु.७०,०००।- र ६७,५००।- र कान्छी छोरी जोत्सना वोहोरा (पाण्डे)को विवाहमा रु.८५,०००।- खर्च गरेको, ०५७।९।१ मा मालिका विकास बैंकको १३७५ कित्ता शेयर रु.१,३७,५००।- समेत ०५७ सालमा रु.१३,६०,५७७।१० खर्च भएको छ । छोरी जोत्सनाको विवाह खर्च अख्तियार दुरुपयोग अनुसन्धान अयोगले रु.९,५०,०००।- देखाई मेरो वैध सम्पत्तीलाई प्रतिकूल प्रभाव पारेको छ । उल्लेखित खर्च ०५६ साल अघिवाट जम्मा हुंदै आएको संचयकोष, औषधी उपचार रकम शान्तिदेवी नगर्जीले जम्मा गरेको रकम, गोपाल नेपालाट उठेको रकम, घर भाडा समेतका श्रोतवाट भएको आयवाट नै हो । यसरी ०५७ सालको कूल खर्च रु.१३,६०,५७७।१० लाई ०५७ साल सम्मको आयको रकम रु.५१,१५,६०२।४८ वाट घटाउंदा ०५७ साल सम्मको जम्मा वचत रु.३७,५५,०२५।३८ थियो । ०५८ सालको कृषि आय रु.६९,७५०।-, वीरगन्जको घर भाडा रु.४,६२,०००।-, पेन्सन रु.१,१७,९२३।- चितवन जिल्लाको जग्गाको फलफुल आय रु.२६,०००।-, जग्गाविक्रीवाट रु.२,९३,२५१।-, प्र.नि.को कपि जांचे वापत रु.५,१००।- शसस्त्र प्रहरी कार्यदलमा काम गर्दा पाएको रु.४०,०००।-, समेत गरी कूल आय रु.१०,१४,०२४।- समेत र ०५७ सालको अन्तिम वचत मौज्दात रु.३७,५५,०२५।३८ समेत गरी ०५८ सालको कूल आय रकम रु.४७,६९,०४९।३८

आयश्रोत भएकोमा सो सालको खर्च तर्फ गोपाल नेपालवाट प्राप्त रु.३,१३,६००।- मध्येवाट ०५८।४।२३ मा मालिका विकास बैंकको १००० कित्ता शेयर रु.१,००,०००।- जम्मा गरेको हो । मिति ०५८।४।३० र ०५८।८।२३ मा National Academy of Science and Technology को शेयर खरिद रु.१,००,०००।- मा गरेको, ०५७ सालको कृषि आय, घर भाडा पेन्सन, फलफुल खेती समेतका श्रोतवाट वचत भएको रकम मध्येवाट मिति ०५८।९।५ मा श्रीमती कला वोहोराका नाउंमा स्टाण्डर्ड चार्टड बैंकको खातामा रु.१,७१,०००।- वाट लगानी गरिएको हो । सोही बैंकमा मिति ०५८।११।१९ मा जम्मा भएको रु.८,००,०००।- कान्छो छोरा जितेन्द्रले अमेरिका पढ्न जाने भनेकाले छोरी सुष्माले बैंक व्यालेन्सको लागि आफै जम्मा गरि दिएकोमा अर्को वर्ष जाने कुरा भएपछी सो रकम ०५९।२।२४ मा रु.६,००,०००।- र आषाढ ५ गते रु.१,८०,०००।- आफैले झिकी लगेको हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झिकेको रकम देखाएको छैन । बैंक कारोवार प्रमाण वयान साथ पेश गरेको छु । ०५८ सालको कूल खर्च रु.११,७१,०००।-, ०५८ साल सम्मको कूल आय रकम रु.४७,६९,०४९।३८ वाट घटाउंदा ०५८ साल सम्मको वचत रु.३५,९८,०४९।३८ देखिन्छ । तर छोरी सुष्माको रु.८,००,०००।- मध्ये र ७,८०,०००।- उनी आफैले लगेको हुंदा सो रकम मेरो आय व्ययमा पर्दैन सो रकम ०५८ सालको खर्चमा घटाउंदा वास्तविक खर्च रु.३,९१,०००।- हुने हुंदा ०५८ साल सम्मको वचत रु.३४,७८,०४९।३८ भएको थियो । म तथा मेरो परिवारको नाउंमा रहेका घर जग्गा तथा बैंक व्यालेन्स, बैंक शेयर समेतको सम्पत्ती पैतृक र मेरो ०२४ सालमा सेवा प्रवेश गरेपछी वैध तवरले आर्जन गरेको श्रोत र त्यसवाट वढे वढाएको सम्पत्ती हो ।

आरोप पत्रको पाना ५७ को बैंक व्यालेनसको रकमहरु मेरो नितान्त वैध श्रोतवाट जम्मा भएका हुन् । श्रीमती कला वोहोराको मालिका विकास बैंकको मुद्दती खाता नं.मु.१ ०२६, ०२८ र ०३६ मा क्रमशः २०५६।१२।२० मा रु.१,५०,०००।-, ०५७।१।१३ मा रु.१,५०,०००।- र ०५७।२।३२ मा रु.२,००,०००।- जरी जम्मा रु.५,००,०००।- को श्रोत श्रीमती कला वोहोराको आफ्नै कृषि आय, घर भाडा, आफ्नो पेवा सुन विक्री समेतलाई लर लगानीद्धारा वढे वढाई प्राप्त रकम मध्येवाट भएको आय रु.३,२५,०००।- किसन पियालाई कर्जा सापटी दिएको प्राप्त सावां व्याज रु.४,५५,०००।- र गोपाल नेपालवाट प्राप्त रु.३,१३,६००।- वाट मालिका विकास बैंकको शेयर खरिदमा खर्च भै वचत रु.७६,१००।- मध्येवाट पटक पटक जम्मा भएको हो । श्रोत नखुलेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मागदावी गलत छ । श्रीमती कला वोहोराका नाममा रहेको स्टाण्डर्ड चार्टड बैंकका खाता नं.१८००५२१६७०१ मा २०६०।४।८ सम्म मौज्दात देखिएको आरोप पत्रको तालिका

नं.७ मा उल्लेखित रकम रु.४,०६,९७३।२७ नभई रु.४,०६,९७३।५७ हो सो रुपैया वार्षिक रुपमा प्राप्त कृषि आय, लर लगानीका रकम, छोरा जगेन्द्रको का.जि. विष्णु गा.वि.स.को घर वृटिस काउन्सीललले भाडामा लिएकोले वृटिस काउन्सीलले १२ डि.२००२ मा चेकवाट जममा गरेको रु.८,८५,९००।- समेतवाट राख्ने झिक्ने गरिएको हो। सो रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले श्रोत नखुलेको अवैध देखाई हचुवा आरोप लगाएको छ । छोरा गजेन्द वोहोराका लागि सोही बैंकवाट अटोलानेमा (गाडीको कर्जा) मैले लिई ९५२९नं. को टोयटा गाडी खरिद गरेको हुंदा सो गाडीको कर्जा श्रीमती कला वोहोराको उक्त खातामा जम्मा भएको रकमवाटै मासिक रुपमा बैंकले कट्टा गर्दै आएको छ । हाल उक्त खातामा सो रकम छैन । प्रमाणको हकमा बैंक स्टेटमेन्ट र घर भाडा सम्झौता पत्रको प्रतिलिपी वयान साथ पेश गरेको छु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बैंक खाताको किसिम उल्लेख नगरीआरोप लगाएको छ । रा.वा.बैंक, वानेश्वरको खातामा मिति ०५३।८।१४ मा रु.२,००,०००।- जम्मा भएको उल्लेख छ । पेजनं.५९ मा मागदावीको महलमा मोतीलाल वोहोराले मिति ०५३।८।१७ मा बैंकवाट निकालेको रु.२ लाख लुकाई छिपाई राखेको आरोप छ । उक्त समयमा म महानिरीक्षक पदमा कार्यरत हुंदा आफनै खातावाट झिकी लुकाउने छिपाउने अवस्था थिएन । मैले ०५३।८।१४ मा नत जम्मा गरेको छु नत झिकेर अन्यत्र लगेछु । सो रा.वा.बैंक, नयां वानेश्वरको चल्ती खाता नं.१४७२ मा मिति ०५३।८।१७ मा रु.२ लाख जम्मा गरिएको छ । उक्त खाता सुविधाको गाडी झिकाउन र एल.सी. खोल्ने उद्देश्यले उमेश गंगोलसंग सापटी लिएको रु.५,५०,०००।- मध्येको रकमवाट प्रथम पटक ०५३।३।२३ मा खोलिएको र गाडी खरिद भई सकेपछी कुनै कारोवार भएको छैन । मिति ०५३।७।१५ मा युनाईटेड ट्रेड सेन्डीकेट (टोयटा)ले सुविधाको सवारी साधनको रकम जम्मा गर्न ताकेता पत्र पठाएपछी मिति ०५३।८।१४ मा रु.३,२९,०००।-, ०५३।८।१७ मा रु.२,००,०००।-, ०५३।८।१८ मा रु.१०,०००।- जम्मा भएको हो । ०५३।८।१८ मा जम्मा भएको रु.१०,०००।- को सट्टा १,००,०००।- गरी रु.९०,०००।- वढी देखाई मलाई मर्का पर्ने किसिमले आरोप पत्र तयार गरेको छ । सवै रकम गाडी खरिद गर्न प्रयोग भएको छ । तसर्थः आरोप झुट्टा हो । दुई लाख मेरो सम्पत्तीवाट असुल उपर गर्नुपर्ने होइन । प्रमाणका लागि रा.वा.बैंक, नयां वानेश्वरको हिसाव विवरण वयान साथ पेश गरेको छु ।

मालिका विकास बैंकको शेयर ०५५।६।१० वाट खरिद गर्न शुरु गरी अन्तिम शेयर २०५९।३।३२ मा खरिद गरेको हुं । मैले ०५३।५४ सालमा आवकास पाएपछीको संचयकोष, औषधी उपचार र विदाको रकम रु.४,८३,३४०।९९ मध्येवाट पहिलो किस्ता ०५५।१०।६ मा रु.३,९०,०००।- र ०५७।३।३२

मा रु.६०,०००।- गरी जम्मा रु.४,५०,०००।- को शेयर खरिद गरेको हुं । संचयकोष, औषधी उपचारको रकमवाट वचत भएको रु.३३,३४०।७७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तालिका नं.६ मा उल्लेख नै नगरिएको जिल्ला पर्सा वेलवा-२ कि.नं.२८ क्षेत्रफल १-१-० को जग्गा ०५६।११।५ मा विक्री गरी प्राप्त रकम रु.८०,०००।- मेरो ०५५।०५६ सालको कृषि आय, ०५६ सालको घर भाडा समेत रु.२४,१६०।- समेत जम्मा रु.१,३७,५००।- मा तेश्रो र चौथो किस्ता क्रमशः ०५७।७।३० मा रु.७०,०००।- र ०५७।८।७ मा रु.६७,५००।- शेयर वापत जम्मा गरेको हुं। जग्गा विक्रीको कागज पेश गरेको छु । ०५३।६।२ मा जिल्ला भक्तपुर, दिव्यश्वरी २(ख) कि.नं.१३८०, १३८१, १३८२ को जग्गा विक्रीवाट प्राप्त रु.२,२४,०००।-, गोपाल नेपाललाई कला वोहोराले लगानी गरी निजवाट मिति ०५७।८।१६ मा प्राप्त भएको सांवा व्याज रु.३,१३,६००।- मध्येवाट पांचौ र छैटौं किस्ता क्रमशः ०५७।९।१ मा रु.१,३७,५००।- र ०५८।४।२३ मा रु.१ लाख समेत गरी रु.२,३७,५००।- शेयर वापत वुझाउको हुं। शान्तीदेवी नगर्जीले टिकापुरको जग्गा विक्रीको रकमवाट मिति ०५९।३।३२ मा सातौं किस्ता शेयर खरिद वापत रु.१,७५,०००।- मोतीलाल वोहोराको उक्त बैंकको खातामा जम्मा गरी दिएकी हुन् । बैंकको स्टेटमेन्टको प्रतिलिपी पेश गरेको हुं । तसर्थः उल्लेखित शेयर खरिद रकमको श्रोत वैध आयश्रोत भएकोले आरोप झुठ्ठा हो ।

काकासंग म जन्मनु भन्दा अगाडी नै अंशवण्डा भएको, काका जयराम वोहोरा अलग भिन्न भै वसेतापनि म एक्लो छोरा फुर्सद नहुने प्रहरी सेवामा भएकोले पारिवारीक, खेतीपाती हेरचाह जिम्मा वुवाले जिम्मा दिनु भएकोले क्षेत्रफल ६-८-१ विघाको आयस्तावाट काकाले मलाई र आफुलाई आधा आधा गराउनु हुन्थ्यो । ०३५ सालमा वुवा क्यान्सरवाट पिडित भएका अवस्थामा वीरगन्जमा काका जयराम भेट्न आएका वखत वुवाले कैलालीको आधा जग्गा काकालाई दिनु भन्नु भएकोमा वुवा परलोक भएपछी ०३६।०३७ सालमा काकाले म संग कुरा राख्नु भयो र कैलाली गई हकहस्तान्तरण गर्न नभ्याएको हुंदा काकालाई विश्वस्त पार्न भन्सार कमिशनको रकम समेतवाट पर्साको लालर्पसा गा.वि.स.३ मा २-१४-५ विघा र ऐ वेलवा-१ र ३ मा २-१७-० विघा गरी जम्मा ५-११-५ विघा जग्गा रु.६४,५००।- काकाको नाउंमा खरिद गरि दिएको थिएं । पछी ०५२ सलमा काकाले कैलाली र पर्साको जग्गा आ-आफ्नै नाउंमा गर्ने भन्नु भए अनुरुप काकाले पर्साको जग्गा श्रीमती कला वोहोराको नाउंमा गरि दिनु भयो र कैलालीको जग्गा म अवकास पाएपछी ०५४ सालमा कैलाली गई काकाको नाउंमा हकहस्तान्तरण गरी दिएको हुं । हकहस्तान्तरणको क्रममा मालको लिखत सम्बन्धी काम गर्ने व्यक्तिको गल्तीले अंशवण्डा उल्लेख भएछ त्यो नभई हकहस्तान्तरण नै हो । आयोगले

गरेको घर निर्माण एवं जग्गा खरिद मूल्य र फर्निचरको मूल्याङ्कन अतिरञ्जित, अव्यवहारिक, काल्पनिक छ । मैले वयान साथ पेश गरेको पाना ३ को फर्निचर विवरणमा उल्लेखित फर्निचर मात्र मेरा हुन् । सो वाहेक अरु छोरा गजेन्द्रका हुन् । छोराले अवकास पाएपछी घरमा मानो छुट्टीदा छुट्टाई दिएका कोठाहरुमा वस्न आउंदा साथमा लिएर आएका फर्निचरका सामानहरु पनी मेरै सामान भनि मूल्याङ्कन गरी ल्याएको रहेछ । मैले आफ्नो भनि उल्लेख गरेका फर्निचरहरु एकमुष्ट खरिद गरेका नभई ३० वर्षको नोकरी अवधीमा विभिन्न ठाउंमा वस्दा सस्तो मूल्यमा काठ उपलव्ध गरी प्रहरी प्राविधिक कर्मचारीको सहयोगमा वनाएका पुराना सामान्य रुपमा रंग रोगन गरिएका हुन् । फर्निचर सामानहरुमा मेरो परेको लागत मूल्यको विवरण तयार गरी जम्मा मूल्य रु.९७,०९०।- पाना ३ को फर्निचर मूल्य सहितको तालिका वयान साथ पेश गरेको छु । साथै वालमा फिक्स गरिएका भनिएका दराज आदी समेत लिलाममा काठहरु सकार गरी घर वनाउंदैको समयमा वनाएका हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो फर्निचरको तालिकामा Looby को नं.४ मा उल्लेख गरेका (Looby floor parquet) नै नगरेको व्यहोरा निवेदन गर्दछु । इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स सामानको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेश गरेको पेज नं.२ मा उल्लेखित रु.१,२४,५००।- का सामानहरु सवै मेरा छोरा अ.प्रा.सेनानी गजेन्द्र वोहोराका हुंदा मेरो सम्पत्तीमा गणना हुने होइन । उल्लेखित रु.१,२४,५००।- भनि गरिएको मूल्याङ्कन भित्र केवल पेज नं.१ को रु.४५,०००।- भनि मूल्याङ्कन गरिएका सामानहरु मात्र मेरा हुन् ।

अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानको व्यहोरा हस्ताक्षर सहीछाप मेरै हो । सो वयान म आफैले लेखेको हुं । वयानमा सवै कुरा खुलाउन पर्दैन भनेकोले खुलाउन नसकेको कुरा यस अदालतमा खुलाएको छु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा वयान साथ पेश गरेको टिपोट विवरणले पूर्णता पाएको छैन । फरक हुन पनि सक्छन् । आयोगले मेरो वैध आयश्रोत रु.४८,८८,६६६।१६ लोप गराई दिएको मैले स-प्रमाण आफ्नो वयान एवं हिसावमा समावेश गरेको छु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मानसिक दवावमा रहेको अवस्थाले सम्झन नसकेका छुट हुन गएको करिव रु.१६,२२,०४९।४१ को रकम छुट भएकोले पाना १ को विवरण वयान साथ पेश गरको छु । मलाई आयोगले महालेखा परिक्षकको वेरुजुको हवाला समेत दिई सरकारी सम्पत्तीको हिनामिना गरेको ठहर गर्ने दुष्प्रयास गरेको छ । विभागिय प्रमुखको हैसियतले गरेको दायित्व व्यक्तिगत तर्फ सिफ्ट गर्न मिल्ने हो होइन र व्यक्तिगत फाईदा के लिएको त्यो समेत भन्न नसकेको अवस्था छ । अमिल्दो अस्वभाविक जिवनस्तरको मापदण्ड आयोगले खुलाएको छैन । मैले आफ्नो

आम्दानीको दायरा भित्र नितान्त स्वभाविक र सरल जिवन विताएको छु । तसर्थः मलाई लगाएको अभियोग मागदावी नै गैर कानूनी, सुनियोजित, दुराशयपूर्ण भएकोले मैले सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी मोतीलाल वोहराले विशेष अदालतमा गरेको वयान ।

विशेष अदालतको मिति २०६१।६।१८ को आदेशानुसार प्रतिवादी मोतीलाल वोहराले धरौट वापत जेथा जमानत राखी तारेखमा रहेको ।

मेरो घर दिदीले पहाडवाट पैसा लिएर आएपछी सोही पैसाले जग्गा किनी श्रीमानले वनाई दिनु भएको हो । वुढा वित्नु भन्दा पहिला पहाडमा पैसा छ, सो ल्याएर सानी आमाको नाउंमा जग्गा किनी घर वनाई दिनु भन्नु भए अनुसार वुढाको पैसाले छोराले जग्गा किनी घर वनाई दिएको हुन् । चांदीका कम्पनी रुपैया र गहना ल्याएको हो । कति ल्याए भन्ने एकिन जानकारी छैन । वर्माका पार्वती छोरी र ज्वाई आएको मलाई सम्झना छ । घर जग्गा सवै मेरो हो । मेरो सम्पत्ती जफत हुनुपर्ने होइन । पछी ०५७ सालमा मैले केही जग्गा छोराको नाउंमा पास गरी दिएकी छु भन्ने समेत व्यहोराको प्रतिवादी दिपादेवी वोहराले विशेष अदालतमा गरेको वयान ।

विशेष अदालतको मिति ०६१।६।२१ का आदेशानुसार प्रतिवादी दिपादेवी वोहरा तारेखमा रहेकी ।

मेरो नाउंमा रहेको सम्पत्ती सवै वैध आर्जन हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वदनियतपूर्वक मेरो वुवालाई मुद्दा चलाउन उद्देश्यले अवैध भनि देखाएको हो । मेरो काका हजुर वुवा मान वहादुर वोहोरा (भिक्षु) ०४८।०४९ तिर म्यानमारवाट नेपाल आउनु भएको थियो । उहां वुद्धिष्ट गुरु भएकोले विभिन्न वुद्धिष्ट केन्द्रहरुमा र नेपाली वर्मेली वस्तीहरुमा धार्मिक प्रवचन दिनु भएकोमा उहांलाई चढाइएको रकम र उहांले नेपाल आउंदा ल्याउनु भएको खर्च रकम समेतवाट मेरो वुवालाई रु.५,००,०००।- (पांच लाख) ध्यान केन्द्रको लागि जग्गा खरिद गरि दिनु भनि छाडी जानु भएको थियो । सो रकमवाट मेरो वुवाले धार्मिक कार्यको लागि किनी दिएको मेरो नाउंको का.जि. वलम्वुको डांडामा ११-८-० जग्गा रु.९४,०००।- मा, नैकाप गा.वि.स.मा विश्राम स्थलको लागि ३-१-२-० जग्गा रु.२५,०००।- मा, ध्यानश्रमको लागि नै विकल्पको रुपमा काभ्रे जिल्ला श्रीखण्डपुर-५ मा क्षेत्रफल १-१५-१-२ जग्गा रु.२० हजारमा खरिद गरिएको हो । यसरी उल्लेखित मेरा नाउंमा रहेका का.जि.पुरानो नैकाप-६ को कि.नं.१, ३३४, ३३५, वलम्वु-८ को कि.नं.८७ र काभ्रे, श्रीखण्डपुर स्थित कि.नं.७२३ को जग्गाको श्रोत मान वहादुर वोहोरा (भिक्षु)ले वुवालाई छाडी गएको ५ लाख र मलाई

दिनु भएको रु.२८,०००।- नै हुन् । मेरा हजुर वुवा भिक्षु वर्माको नागरिक भएको हुंदा मेरो नाउंमा खरिद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी जोत्सना वोहोराले विशेष अदालतमा गरेको वयान ।

विशेष अदालतको मिति ०६१।६।२५ को आदेशानुसार प्रतिवादी ज्योत्सना वोहोरा (पाण्डे) तारेखमा रहेकी ।

मेरो तथा कान्छी सासु दिपादेवी वोहोरा, छोरी जोत्सना पाण्डे (वोहोरा)का नाउंमा भएको अचल सम्पत्ती, मेरा नाउंका बैंक व्यालेन्स, शेयरहरुको आयश्रोत नखुलेको भन्ने व्यहोरा झुट्टा हो । सवै सम्पत्तीहरु हाम्रो वैध आर्जन र सो वाट वढे वढाउको आयश्रोतवाट जम्मा हुन आएकोले जफत हुनुपर्ने होइन । मेरा नाउंको मकवानपुर हेटौंडा न.पा. वडा नं.८ स्थित कि.नं.५९१२ र ५९१५ को क्षेत्रफल ०-२-० जग्गा लिखत मूल्य रु.१२ हजारमा २०५० सालमा श्रीमानको तलव भत्तावाट वचे वचाएको रकमवाट किनेको हो । मैले निजी तवरवाट संकलन गरेको दाईजो, पेवापात र सो वाट वढे वढाएको एवं कृषि तथा पशुपालनवाट भएको आम्दानीलाई लर लगानी गरी वढे वढाएको रकम, । २०१४ सालमा मोतीलाल वोहोरासंग मेरो विवाह हुंदा ५०००।७०००।- दाईजो समेत प्राप्त गरेकी थिएं । गाई, भैंसी, वाखा, कुखुरा समेत पाली सोवाट ०१४ देखि २०२९ साल सम्मको अवधीमा करिव २८।३० हजार वनाएकी थिएं । निजी तवरवाट संकलन गरेको दाईजो, पेवापात, दान, दक्षिणा, श्रीमान, छोरावाट प्राप्त रकम र सोवाट वढे वढाएको एवं कृषि तथा पशुपालनवाट भएको आम्दानी लगानी गरी वढे वढाएको रकम छोरीवाट, प्राप्त रकम र कैलाली, पर्साका कृषि आयवाट पनि थोर वहुत वचत रकम समेत गरी करिव म संग जम्मा भएको १ लाख ५५ हजारवाट उक्त जिल्ला चितवन नारायणगढ-५(ग) कि.नं.६९५ क्षेत्रफल ०-१४-१९-७५ को जग्गा रु.१ लाख ५३ हजारमा खरिद गरेकी हुं । अभियोग पत्रमा उल्लेखित मूल्य गलत हो ।

मेरा नाउंमा रहेको कैलाली जिल्ला मालाखेती गा.वि.स. वडा नं.७ कि.नं.४९८ क्षेत्रफल ०-१-३ जग्गा कैलाली मौरानिहाको ६ विगाहा ८ कट्ठा १ धुर जग्गाको कृषि आयवाट प्राप्त रकमवाट रु.३०,०००।- (तीस हजार) मा खरिद गरिएकोले जफत हुनुपर्ने होइन । पर्सा जिल्ला वीरगन्ज उप.न.पा.-१० कि.नं.४९८ को जग्गामा वनेको घरको भूईतला र पहिलो तला विरगन्ज निवासी राधेश्याम साह संग हामीले ६ वर्ष सम्म वहाल नखोज्ने गरी भएको लिज सम्झौता वमोजिम वनेको हो । भूईतला र पहिलो तलामा हाम्रो लगानी परेको छैन । सोको दोश्रो तल्ला कृषि आयवाट वचत रकम, श्रीमानको पेनसन, सुन तथा गहना विक्री गरी प्राप्त रकम, वानेश्वरको घर भाडा रकम तथा सो घर मर्मत गर्न भनि श्रीकिसन शर्माले दिएको रु.३०,०००।-, श्रीमान सेवावाट अवकास पाएपछी

गरेका विभिन्न कामहरुवाट प्राप्त पारिश्रमिक रकम समेतवाट श्रीमान जागिरवाट अवकास भएपछी ०५५ सालमा रु.६,००,०००।- मा निर्माण गरिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्याङ्कन वढी छ । सो घर वैध स्रोतवाट निर्माण भएको हुंदा जफत हुनुपर्ने होइन । मेरो ०५२ साल सम्मको कृषि आय, घर भाडा, सुन, गहना विक्री, श्रीमान र मेरो निजी वचत समेतवाट जम्मा भएको रु.३ लाख २५ हजार, भरतपुर-३ निवासी किसन पियालाई दिएको कर्जा सापटी निजले ०५६ सालमा सांवा व्याज गरी फिर्ता गरेको रु.४ लाख ५५ हजार सवै, सो समयको पर्सा, कैलाली जिलाको कृषि आय, घरभाडावाट वचत रकम, पर्सा जिल्लाको केही जग्गा विक्रीवाट प्राप्त रकम समेत गरी मालिका विकास बैंकको मुद्दती खातामा रहेको मेरा नाउंको रु.५ लाख रकम पटक पटक गरी जम्मा हुन आएको वैध सम्पत्ती भएकोले जफत हुनुपर्ने होइन । मेरा नाउंमा स्टाण्डर्ड चार्टर बैंकमा खोलिएको खातामा पर्सा तथा कैलाली जिल्लावाट सालसालै प्राप्त हुने कृषि आय, वानेश्वरको घर भाडावाट प्राप्त रकम, लर लगानी फिर्ता आउंदा समेत सोही बैंकको खातामा राख्ने झिक्ने हुंदै आएको हो । ०५६ सालमा छोरा जगेन्द्र वोहोराको वुढानिलकण्ठ स्थित घरमा वृटिस काउन्सील वस्न थालेपछी सो घरको भाडा समेत मेरै खातामा जम्मा हुन्थ्यो । सो खातामा जम्मा रकमवाट छोरा गजेन्द्रको लागि खरिद गरिएको टोयटा गाडीको ऋण किस्तामा काटिन्थ्यो । उक्त रकम बृटिस काउन्सीलले १२ डि. २००२ मा चेकद्धारा जम्मा गरेको रु.८,८५,९००।- मध्येवाट स्वतः मोटरको किस्ता काटिदै जाने हुंदा सो खातामा हाल कति रकम छ, थाहा छैन । मेरा नाउंमा रहेका सवै सम्पत्ती वैध श्रोतवाट खरिद गरिएकोले जफत हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी कला वोहराले विशेष अदालतमा गरेको वयान ।

विशेष अदालतको मिति ०६१।६।२६ को आदेशानुसार प्रतिवादी कला वोहरा तारेखमा रहेकी ।

विशेष अदालतको मिति ०६१।१०।२२ का आदेशानुसार वादी पक्षका गवाह पुष्करप्रसाद पोखेल, सागर कृष्ण जोशी, जयन्त कुमार राजवंशी, जागेश्वर महासेठ र प्रतिवादीहरुका साक्षी गंगा सागर साह, कुल वहादुर खड्का, वैजनाथ राउत कर्मी, विरेन्द्र प्रसाद यादव, नयाराम वोहोरा, भरतराज कडरिया, सत्य वहादुर के.सी., राधेश्याम साह, प्रमेश गंगोल, हरिभक्त सिग्देल, उमेश गंगोल, किसन पिया, रामभक्त के.सी., गोपाल प्रसाद नेपाल र ओम प्रकाश अग्रवाल समेतको वकपत्र ।

प्रतिवादी मोतिलाल बोहराले राष्ट्रसेवकको पदबाट मिति २०५३।११।१५ मा अवकास प्राप्त गरिसकेको त्यसपछि मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलमा रहेको देखिन्छ । निजले राष्ट्रसेवकको पदबाट अवकास प्राप्त गर्दाका अवस्थामा अख्तियार

दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्याँश अनुसार अवकास प्राप्त गरेको एकवर्षभित्र मुद्दा चलाई सक्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था लागू रहेको देखिन्छ । उक्त दफामा मिति २०५९।४।३० मा संशोधन भई संशोधित उक्त दफामा हदम्यादको व्यवस्था गरिएको पनि छैन र पहिलेको हदम्यादको सम्बन्धमा पनि केही भनिएको छैन । दावीको कसूर सोही ऐनको दफा १३ (२) को प्रतिबन्धात्मक वाक्याँश अन्तर्गतको हदम्याद नलाग्ने कसूर हो भन्ने पनि नदेखिएको कारणबाट तत्काल प्रचलित कानूनले निर्दिष्ट गरेको एकवर्षको हदम्याद नघाई मिति २०६१।५।१ मा दायर भएको देखिन आउँछ । माथि उल्लेखित कानूनी व्यवस्था एवं सर्वोच्च अदालतबाट ने.का.प. २०४८ नि.नं. ४४२७ पृष्ठ ७९७, नेकाप २०४९ नि.नं. ४४९१ पृष्ठ २३३, नेकाप, २०४४ नि.नं. ३१७७ पृष्ठ ८३४, नेकाप २०६२ नि.नं. ७४८० अंक १ समेतमा प्रतिपादित सिद्धान्तहरु समेतका आधारमा प्रतिवादी मोतिलाल बोहरा उपर निज राष्ट्र सेवकको पदबाट अवकास प्राप्त गर्दाका अवस्थाको तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार सो ऐन अन्तर्गत सजाय हुने कुनै अन्य कसूरमा अभियोग लागेको भन्ने नदेखिएको र प्रस्तुत आरोपपत्र तत्काल प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (दोश्रो संशोधन पूर्वको) ले निर्दिष्ट गरेको हदम्याद समेत नघाई दायर भएको देखिन आएको हुँदा निज प्रतिवादी मोतिलाल बोहराको हकमा प्रस्तुत आरोपपत्रको तथ्यमा प्रवेश गरी इन्साफ गर्न मिल्ने देखिदैंन । गैर कानूनी सम्पत्ति आर्जन गर्ने भनी दावी गरिएका प्रतिवादी मोतिलाल बोहराको हकमा नै तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने देखिएपछि सम्पत्ति जफत प्रयोजनका लागि मात्र प्रतिवादी बनाइएका अन्य प्रतिवादीहरुको हकमा पनि तथ्यभित्र प्रवेश गरी इन्साफ गर्ने अवस्था भएन । तसर्थ प्रतिवादी मोतिलाल बोहरा प्रहरी महानिरीक्षकको पदबाट अवकास प्राप्त गरेको मिति २०५३।११।१५ तथा सशस्त्र प्रहरी सेवा गठन कार्यदलबाट मिति २०५६।१२।१८ मा अवकास प्राप्त गरे पछि भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुँदाको अवस्थामा र प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थामा समेत सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकको पदमा रहेको नदेखिएकोले निज प्रतिवादी उपर प्रस्तुत मुद्दा चलाउन तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार सो ऐन अन्तर्गत सजाय हुने अन्य कुनै कसूरमा अभियोग लागेको हुनुपर्नेमा त्यस्तो अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिबन्धात्मक वाक्याँश अनुसार हदम्याद नलाग्ने विषय भित्रको समेत नभएकोले तत्काल लागू रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्याँशले पदबाट

अवकास प्राप्त गरेको एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने छ भनी निर्दिष्ट गरेको एकवर्षको हदम्याद समेत नघाई मिति २०६१।५।१ मा दायर गरेको प्रस्तुत मुद्दाको आरोपपत्र खारेज हुने ठहर्छ भन्ने समेत विशेष अदालत, काठमाडौंको मिति २०६४।२।१३ को फैसला ।

विशेष अदालतको फैसलामा चित्त बुझ्नेन । राष्ट्रसेवकसँग निजको वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति रहेको अवस्थामा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार अनुमानित कसूर कायम हुने र सो दफा १५ को व्यवस्थालाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको छ । सो कुरालाई विशेष अदालतले पनि स्वीकार गरेको छ । साविक ऐनको दफा १५ मा उल्लेख भएको कसूरमा आरोप लगाउन भ्रष्टाचार जन्य कसूरमा अन्य आरोप पनि लगाउनु पर्ने अनिवार्य थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । विशेष अदालतले साविक भ्रष्टाचार निवारण ऐनको दफा १५ को अनुमानित कसूरलाई नै वर्तमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको तथ्यलाई स्वीकार गरिसकेपछि साविक र हालको ऐनको प्रावधानमा अनुमानित कसूर कायम हुन सक्ने अवस्था भने फरक रहेको भन्ने निष्कर्ष निकालेको नै गलत छ । साविक ऐनको दफा १५ ले परिभाषित गरेको आम्दानीको श्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन हुनु नै अनुमानित कसूरका लागि पर्याप्त हुन्छ । वर्तमान ऐनको दफा २०(१) ले परिभाषित गरेको कसूर पनि सोही बमोजिम सार्वजनिक पदधारण गरेको व्यक्तिसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति पाइनु नै हो । त्यसैले साविक ऐनको दफा १५ तथा हालको ऐनको दफा २०(१) को कसूर कायम हुने अवस्थाहरु फरक नभई उस्तै र समान छन् । साविक ऐनले अमिल्दो सम्पत्ति रहे भएको पाइएको अवस्थामा त्यस्तो व्यक्तिले सन्तोषजनक रुपमा सो सम्पत्तिको श्रोत प्रमाणित गर्नुपर्ने र सो गर्न नसके कसूर कायम हुने व्यवस्था गरेको थियो । हालको ऐनमा पनि त्यस्तो सम्पत्ति के कुन श्रोतबाट आर्जन गरेको हो भन्ने प्रमाणित गर्न नसके कसूर कायम हुने र दफा २०(२) बमोजिम सजाय हुने व्यवस्था गरेको हुँदा साविक ऐनको दफा १५ तथा हालको ऐनको दफा २०(१) मा वर्णित कसूर कायम हुने अवस्था फरक फरक रहेको भनी विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण छ ।

साविक ऐनको दफा १५ मा दुई प्रकारका कसूरको व्यवस्था छ । वैध आयश्रोतसँग अमिल्दो सम्पत्ति भई गैर कानूनी रुपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दावी गर्न पूर्वावस्थाको रुपमा अन्य कुनै एक भ्रष्टाचार जन्य कसूर । यी दुवै कसूरहरु भिन्न भिन्न प्रकृतिका भै सजाय समेत फरक फरक छ । यी दुवै कसूर स्वतन्त्र छन् भन्ने सो ऐनको व्यवस्थाले स्पष्ट गर्दछ ।

गैरकानूनी रुपले रिसवत लिएको अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा आरोप लगाई सजायको मागदावी गर्ने सम्मको प्रयोजनको लागि भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने हुँदा कसूरको अन्तरवस्तु, तत्व र प्रकृतिमा फरक पर्ने अवस्था छैन । सजायको मागदावी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन ।

आरोपपत्र दायर गर्दा हदम्याद नघाई दायर गरेको भन्ने विशेष अदालतको निष्कर्ष पनि गलत छ । साविक भ्रष्टाचार निवारण ऐन, २०१७को दफा २४क तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा २०५९।४।३० मा संशोधन हुनुपूर्वको दफा २९ को प्रतिबन्धात्मक वाक्याँशले मुद्दा दायर गर्ने सम्बन्धमा तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय सीमा सम्म हो । साविक ऐनहरु बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समयसीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरिसक्नुपर्ने बाध्यता थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा दोश्रो संशोधन भएपछि सो समयसीमा हटिसकेको छ । कानूनले नै मुद्दा दायर गर्ने हदम्यादको समयसीमा हटाई सकेपछि प्रतिवादीका विरुद्ध आरोपपत्र दर्ता गर्न पुरानो ऐनको हदम्याद नै लागू हुने भनी अर्थ गर्नु त्रुटिपूर्ण छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगको काम,कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकोले र प्रतिवादीलाई कसूर र सजाय निर्धारण गर्ने ऐनले प्रदान नगरेको उन्मूक्ति आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भनी गरिएको व्याख्या त्रुटिपूर्ण छ । राष्ट्रसेवकको सम्बन्धमा अवकास भएका मितिले एक वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्याँशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा आयोगको अधिकारलाई संशोधनपूर्वकै व्यवस्थाले सीमाबद्ध गर्दछ भन्ने अर्थ गरी आरोपपत्र खारेज गर्ने गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम सजाय गरिपाऊँ भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६४।६।१५ को पुनरावेदन पत्र ।

यसै विषय सम्बन्धी नेपाल सरकार विरुद्ध अच्यूतकृष्ण खरेल समेत भएको भ्रष्टाचार मुद्दामा छलफलको लागि विपक्षी झिकाउने गरी भएको आदेशको छायांकपि सरकारी उपन्यायाधिवक्ताले

इजलाससमक्ष पेश गर्नु भएको र प्रस्तुत मुद्दामा पनि सोही विषय समावेश भएको हुँदा र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ एवं भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ क. समेतको व्याख्या सम्बन्धी प्रश्न रही विशेष अदालतबाट खारेज गर्ने गरेको फैसला फरक पर्न सक्ने देखिँदा छलफलको निमित्ति अ.वं. २०२ नं. बमोजिम विपक्षी झिकाई आए वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६६।९।२८ को आदेश ।

यस अदालतबाट मिति २०६६।९।२८ मा भएको आदेशमा उल्लेखित नेपाल सरकार विरुद्ध अच्यूतकृष्ण खरेल समेत भएको भ्रष्टाचार मुद्दा यसै अदालतमा चलिरहेको भन्ने प्रतिवादीका विद्वान अधिवक्ताहरुले इजलाससमक्ष भन्नु भएकोले सो मुद्दाको मिसिल साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।५।१५ को आदेश ।

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकार तथा प्रत्यर्थी प्रतिवादीको तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहसको संक्षिप्त व्यहोरा यसप्रकार छः-

**पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट**

**विद्वान सहन्यायाधिवक्ता श्री महेशकुमार थापाः-**

अभियोगपत्र हदम्याद विहीन रहेको भन्ने आधारमा खारेज गर्ने विशेष अदालतको फैसला त्रुटिपूर्ण छ । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को हदम्याद नै प्रस्तुत मुद्दाको सम्बन्धमा आकर्षित हुने हदम्याद हो । तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ कायम रहेको अवस्थामा अवकास प्राप्त राष्ट्रसेवकको हकमा मुद्दा दायर गर्दा सोही ऐनको दफा २४क कै हदम्याद आकर्षित हुने हो । सो तथ्यलाई नेपाल सरकार विरुद्ध ईश्वर पोखरेल समेत भएको भ्रष्टाचार मुद्दामा (नेकाप, २०६६, नि.नं. ८२०० पृष्ठ १२३५) यस अदालतबाट व्याख्या भै स्थापित नै गरिएको छ । सो सिद्धान्त अनुसार साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसूरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको कुरा पनि स्थापित भैसकेको छ । यस मुद्दामा प्रतिवादी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) १० र १५ समेतको कसूरमा अभियोग लगाइएको अवस्था छ । यस्तो अवस्थामा विशेष अदालतले दफा १५ को मात्र अभियोग लगाईएको भन्ने अर्थ लगाई आकर्षित हुनै नसक्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ लाई आधार बनाई हदम्यादको आधारमा अभियोगपत्र नै खारेज गर्ने गरी गरेको फैसला त्रुटिपूर्ण छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ भ्रष्टाचारको

कसूरमा मुद्दा लगाउने र हदम्याद कायम गर्ने र सजाय गर्ने ऐन नभई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि निर्धारण गर्न बनेको ऐन हो भन्ने कुरा प्रस्तावनाबाटै देखिन्छ । भ्रष्टाचारको अभियोगमा मुद्दा दायर भएपछि त्यसको हदम्याद प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ ले व्यवस्था गरेको नै कायम हुने हो । तसर्थ, अप्रासाङ्गिक ऐनको हदम्यादलाई आधार बनाई अभियोग पत्र खारेज गर्ने गरेको विशेष अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी अभियोगदावी बमोजिम कसूर कायम गरी प्रतिवादीलाई सजाय हुनुपर्दछ ।

**प्रत्यर्थी प्रतिवादी मोतिलाल बोहराको तर्फबाट**

**विद्वान वरिष्ठ अधिवक्ता श्री सुशील कुमार पन्त**

हाम्रो कानून प्रणालीमा हदम्यादको कुरालाई न्याय निरोपणको लागि उच्च महत्व दिइएको छ । फौजदारी कसूरमा हदम्यादको कुरालाई अनदेखा गरी ईन्साफ गर्न मिल्दैन । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अन्तर्गत अनुमानित कसूरमा अभियोग लगाइएको छ । तर सो दफा १५ अन्तर्गत अभियोग लगाउनु पूर्व अर्को कुनै कसुरमा अभियोग लगाइएको हुनुपर्दछ । केवल ऐनको दफा ३, ७, १०, १५ र २४ उल्लेख गर्दैमा अन्य अभियोग लागेको भन्ने पुष्टी हुँदैन । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ वा १० बमोजिम यो यस्तो कसूर गरेको भनी अभियोग नलगाएसम्म दफा १५ अन्तर्गत मात्रै स्वतन्त्र रुपमा अभियोग लगाउन मिल्दैन । सेवाबाट अवकास पाइसकेको प्रतिवादी उपर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को हदम्याद आकर्षित हुनै सक्तैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ले अवकास प्राप्त गरेको व्यक्तिउपर भ्रष्टाचारमा मुद्दा चलाउन छुट्टै हदम्यादको व्यवस्था गरेको हुँदा सोही हदम्याद आकर्षित हुन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को व्यवस्थालाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ ले बचाउ नगरेको हुँदा मेरो पक्षको हकमा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को हदम्याद आकर्षित हुनै सक्तैन । यसका साथै मेरो पक्ष उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी उपर एकपटक छानवीन भई आयोग स्वयमले मुद्दा चलाईरहनु नपर्ने भनी निर्णय गरिसकेको छ । यिनै सम्पत्तिउपर परेको उजुरी तामेलीमा राखिसकेपछि पुनः लाग्दै नलाग्ने ऐनको हदम्याद देखाई आरोपपत्र दायर गरिएको छ । तसर्थ अवकास प्राप्त गरिसकेको व्यक्तिउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को तत्कालिन कानूनी व्यवस्था बमोजिम अवकास पाएको मितिले १ वर्षभित्र अभियोग लगाउन सक्नु पर्दछ । सो हदम्याद नघाई अनन्तकालसम्म मुद्दा चलाउन हदम्यादसम्बन्धी सिद्धान्तले पनि नमिल्ने

भएकोले विशेष अदालतबाट अभियोगपत्र खारेज गर्ने गरी भएको फैसला कानूनसम्मत हुँदा सोही फैसला सदर हुनुपर्दछ ।

**<u>विद्वान अधिवक्ता श्री कृष्णप्रसाद सापकोटाः</u>**

मेरो पक्षले मिति २०५३।११।१५ मा अवकास पाएको र सो पछि सार्वजनिक पद धारण गरेको छैन । अभियोगपत्र मिति २०६१।५।१ मा मात्रै दर्ता भएको छ । अभियोगपत्रमा कुन ऐनको हदम्याद कायम गरिएको भन्ने उल्लेखसम्म गरिएको छैन । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अन्तर्गत अनुमानित कसूरको अभियोग लगाईएको छ । तर सो दफा मात्रैको अभियोग स्थापित हुन नसक्ने तथ्य सो दफामा प्रयुक्त भाषाबाट स्पष्टै छ । अवकास प्राप्त व्यक्तिको हकमा साविक ऐनको दफा १५ अन्तर्गतको अनुमानित कसूरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको अवस्था छैन । तसर्थ, हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को हदम्याद पनि प्रस्तुत विवादमा कायम हुन सक्दैन । सम्पत्तिको स्रोत नखुलेमा भ्रष्टाचार मानिने व्यवस्था तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ ले स्पष्ट रुपमा गरेकै छैन । तसर्थ, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले अवकास प्राप्त व्यक्तिको हकमा साविक ऐनको दफा १५ लाई निरन्तरता दिएको मानी हदम्याद समेत हालको ऐन अन्तर्गतकै आकृष्ट हुने अर्थ गर्न मिल्दैन । त्यसो गर्ने हो भने यो व्यवस्था हाल प्रचलित ऐन लागू हुनु पूर्व अवकास पाई सकेको व्यक्तिको हकमा भूतलक्ष्यी कानून सरह (Ex Post Facto Laws) हुन जान्छ । जुन कानूनको सामान्य सिद्धान्त विपरीत हुन्छ । तसर्थ, अवकास पाई सकेको व्यक्तिको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कसूरमा मुद्दा चलाउँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्याँश अनुरुप अवकास पाएको एक वर्ष भित्रै अभियोगपत्र दर्ता गर्नु पर्छ । प्रस्तुत विवादमा सो अनुरुप अभियोगपत्र दर्ता गरेको नहुँदा हदम्यादको आधारमा अभियोग खारेज गर्ने गरेको विशेष अदालतको फैसला कानूनसम्मत छ ।

**<u>विद्वान अधिवक्ता डा.श्री भीमार्जुन आचार्यः</u>**

मेरो पक्ष पदमा बहाल हुँदाका बखत कायम रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ नै प्रस्तुत विवादमा आकर्षित हुन्छ । सो ऐनको दफा १५ को व्यवस्था आकर्षित हुन अर्को अभियोग लागेको हुनु पर्दछ । तर यस मुद्दामा पूर्व अवस्थाको सर्वथा अभाव छ । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ क. को हदम्यादको व्यवस्था सामान्य व्यवस्था हो । तर अवकास पाईसकेको व्यक्तिको हकमा सो ऐन अन्तर्गतको कसूरमा मुद्दा चलाउने हदम्याद अख्तियार दुरुपयोग अनुसन्धान आयोग

ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्याँशमा उल्लेखित एक वर्षको हदम्याद नै हो । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ क. को हदम्याद अवकास प्राप्त व्यक्तिको हकमा लागू हुन सक्दैन । तसर्थ, हदम्याद विहीन अभियोगपत्र खारेज गरेको विशेष अदालतको फैसला मनासिव छ ।

दुवै पक्षका विद्वान कानून व्यवसायीहरुले आ-आफ्नो बहस जिकीरलाई समर्थन गर्दै लिखित बहसनोट समेत पेश गर्नु भएको थियो ।

आज निर्णय सुनाउने तारेख तोकिएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ को कसूरमा सोही ऐनको दफा ३, ७(१), १०, १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा सोही दफा २०(२) बमोजिम हदैसम्मको सजाय एवं सम्पत्ति जफत गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत गरिपाऊँ भनी अभियोग मागदावी लिएको देखिन्छ । प्रतिवादी मोतिलाल बोहराले प्रहरी महानिरीक्षक पदबाट मिति २०५३।११।१५ मा अवकास पाएको तत्पश्चात मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलमा रही कार्य गरेको र उक्त मिति २०५६।१२।२८ पछि कुनै पनि सार्वजनिक पदमा बहाल नरहेको हुँदा तत्कालीन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्याँश अनुसार अवकास प्राप्त गरेको व्यक्ति उपर एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्नेमा मिति २०६१।५।१ मा मात्रै अभियोगपत्र पेश भएको साथै सो ऐनमा मिति २०५९।४।३० मा संशोधन भई दफा २९ को उपदफा (१) र (३) मा रहेको व्यवस्था प्रतिवादीले सो संशोधन हुनुपूर्व नै अवकास प्राप्त गरिसकेको हुँदा निजको हकमा लागू हुन नसक्ने एवं दफा १५ बमोजिम अर्को अभियोग लागेको अवस्था पनि नभएको भन्दै प्रस्तुत अभियोगपत्र साविक अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्याँश अनुरुपको हदम्यादभित्र दायर नभएको भन्ने आधारमा विशेष अदालतबाट अभियोग मागदावी नै खारेज गर्ने गरी फैसला भएको देखिन्छ ।

साविक अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्याँशमा उल्लेखित एक वर्षको हदम्याद सम्बन्धी व्यवस्था मिति २०५९।४।३० मा संशोधन भएपछि अवकास प्राप्त व्यक्तिको हकमा मुद्दा दायर गर्ने हदम्याद हटिसकेको र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ लाई निरन्तरता

दिएको साथै हालको ऐनले हदम्यादको सीमा हटाईसकेको अवस्था हुँदा हदम्याद नरहेको भनी विशेष अदालतले अभियोगदावी खारेज गर्ने गरी गरेको फैसला त्रुटिपूर्ण छ भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको देखियो ।

उपर्युक्त तथ्यगत अवस्थाहरुलाई दृष्टिगत गर्दा प्रस्तुत विवादमा मूलतः देहायका मूलभूत प्रश्नहरुको निरोपण गरिनु पर्ने देखिन आएको छः-

१. **भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अन्तर्गतको अभियोग दावी लिनु पूर्व सो ऐनको अन्य दफा अन्तर्गतको दावी लिइनु आवश्यक हुन्छ हुँदैन र प्रस्तुत विवादमा लिइएको अभियोग माग दावी उक्त दफा १५ मात्रैमा आधारित छ, छैन ?**

२. **अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी उपर छानविन गरी मुद्दा चलाउन नपर्ने गरी भएको पूर्व निर्णयको विषयले प्रस्तुत मुद्दाको अनुसन्धान र अभियोगलाई प्रतिकूल प्रभाव पार्न सक्छ, सक्तैन ?**

३. **प्रस्तुत विवादमा भ्रष्टाचार निवारण ऐन, २०१७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मध्ये कुन ऐन अन्तर्गतको हदम्याद आकर्षित हुने हो ?**

४. **प्रस्तुत विवादको अभियोगपत्र हदम्याद भित्रै दायर भएको छ , छैन ?**

५. **विशेष अदालतको फैसला मिले नमिलेको के हो ?**

सर्वप्रथम पहिलो प्रश्न तर्फ विवेचना गरौं । विशेष अदालतले अभियोगपत्र खारेज गर्ने गरी निर्णय गर्दा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कुनै अन्य कसूरमा अभियोग लागेको नभै दफा १५ मात्रैको अभियोग लगाएको भन्ने मुख्य आधार समेत ग्रहण गरेको अवस्था हुँदा सो दफा अन्तर्गतको अनुमानित कसूरको बिषयमा अभियोग लगाउँदा उक्त ऐनको अन्य दफा अन्तर्गतको कुनै अन्य कसूरको अभियोग लागेको हुनुपर्ने नपर्ने के हो भन्ने तर्फ बिबेचना गर्नु पूर्व प्रस्तुत मुद्दामा सान्दर्भिक देखिएका भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ दुबैको कानूनी व्यवस्थालाई अबलोकन गर्नु उपयुक्त हुन आउँछ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ मा- **'राष्ट्रसेवकले आफ्नो ओहदाको काम वापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिएमा हुने दण्ड सजाय'** शीर्षक अन्तर्गत *राष्ट्रसेवक भएको वा हुने भएको कुनै व्यक्तिले आफ्नो ओहोदाको वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरिदिए वापत वा आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराई दिए वापत वा नगर्न वा नगरी दिए वापत आफ्नै वा अरु कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिक बाहेक अरु रिसवत*

*कसैबाट लिएमा वा लिन मंजुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्ष देखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ । रिसवत लिइसकेको भए सो रिसवत समेत जफत भै सरकारी कोषमा दाखिल गरिने छ* भन्ने व्यवस्था रहेको पाइन्छ ।

त्यस्तै सोही ऐनको दफा १५ मा **'अनुमानित कसूर'** शीर्षक अन्तर्गत- *"यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूरमा अभियोग लागेको कुनै राष्ट्रसेवकको साथमा निजको र निजको परिवारका सदस्यहरुको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा निजले त्यसरी नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरु कसैलाई ठूलो दान, दातव्य, बकस दिएको फेला परेमा निजले अदालतलाई त्यसको सन्तोषजनक हुने सवूद दिन सकेमा बाहेक गैरकानूनी रुपले रिसवत लिएको अनुमान गरिने छ र केबल सो अनुमानको आधारमा कसूरदार ठहऱ्याई अदालतबाट फैसला भएको छ भन्दैमा सो फैसला बदर हुन सक्तैन* भन्ने व्यवस्था गरिएको देखिन्छ ।

उपर्युक्त कानूनी व्यवस्थाहरु हेर्दा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले सो ऐन अन्तर्गतको कुनै कसूरमा अभियोग लागेका राष्ट्रसेवकलाई लागू हुने अनुमानित कसूर सम्बन्धी व्यवस्था गरेको देखिन आउंछ । यस दफामा प्रयुक्त **यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूरमा अभियोग लागेको** भन्ने र **रिसवत लिएको अनुमान गरिनेछ** र सो अनुमानको आधारमा कसूरदार ठहऱ्याई अदालतबाट फैसला हुन सक्ने भन्ने वाक्यांश हेर्दा उक्त दफा १५ को कानूनी व्यवस्था निरपेक्ष रुपमा स्वतः एक्लै क्रियाशील हुने भन्ने नभई माथि उल्लेखित दफा ३ मा व्यवस्थित राष्ट्रसेबकले आफ्नो ओहोदाको काम वापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिएमा हुने दण्ड सजाय सम्बन्धी व्यवस्थासंग प्रत्यक्ष एवं अन्योन्याश्रित रुपमा अन्तरसम्बन्धित रहेको देखिन आउंछ । दफा ३ मा उल्लेखित कसूर अनुसन्धानबाट संकलित सवूद प्रमाणहरुबाट पुष्टी हुने वा गर्नुपर्ने प्रकृतिको देखिन आउंछ । तर दफा १५ अन्तर्गत अनुमानित कसूरको सम्बन्धमा भने आरोप लागेको व्यक्ति स्वयंले नै आफूले जोडेको अस्वाभाविक वा अमिल्दो किसिमको वा ठूलो मात्रामा कसैलाई दान, दातव्य वा बकस गरिदिएको सम्पत्तिको स्रोत सम्बन्धमा सन्तोषजनक सवूद दिनुपर्ने र सो दिन नसकेमा स्वतः त्यस्तो सम्पत्ति पनि गैरकानूनी रुपमा रिसवत लिई जोडेको अनुमान गरी कसूर कायम हुने व्यवस्था देखिन्छ । त्यस्तो अनुमानित कसूरमा सजाय हुने कानूनी व्यवस्था उक्त दफा १५ मा रहेको देखिंदैन । दफा १५ अन्तर्गतको अनुमानित कसूरको विषय राष्ट्रसेबकले वैध आयस्रोत भन्दा बढी सम्पत्ति जोडी अमिल्दो जीवनयापन गरेकोमा त्यसरी जोडेको अस्वाभाविक सम्पत्ति निजले

रिसवत लिएर जोडेको अनुमान गरिने र कसूर कायम हुने प्रकृतिको भएको र दफा ३ मा राष्ट्रसेबकले आफ्नो ओहोदाको काम वापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिएमा हुने दण्ड सजायको व्यवस्था भएको हुंदा दफा १५ अन्तर्गतको कसूर वापतको दण्ड सजायको व्यवस्था पनि दफा ३ मै अन्तरनिहीत रहेको देखिन्छ । त्यसैले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अन्तर्गत अनुमानित कसूरमा कुनै राष्ट्रसेवकउपर अभियोग लगाउंदा सो दफा १५ संगै दफा ३ को मागदावी लिईनु आवश्यक हुन आउंछ । किनकी सो ऐनको दफा ३ अन्तर्गतको कसूरको अभियोग दावीसंग दफा १५ अन्तर्गतको कसूरको अभियोग दावीलाई अन्योन्यास्रित र अत्तरसम्बन्धित नमान्ने हो भने दफा १५ अन्तर्गतको कसूरमा दण्ड सजाय नहुने अवस्था हुन जान्छ । जो कानूनले कल्पना गरेकै होईन । अतः दफा १५ मा अनुमानित कसूरका सम्बन्धमा भएको व्यवस्था आफैमा स्वतः क्रियान्वित हुने निरपेक्ष व्यवस्था नहुंदा सो अन्तर्गतको कसूरमा सजायको मागदावी लिंदा भ्रष्टाचार निवारण ऐन, २०१७ को अन्य दफा त्यसमा पनि दफा ३ अन्तर्गतको अभियोग दावी स्वतः लिएको अवस्था हुनुपर्ने देखिन आउंछ । त्यसरी दफा ३ र १५ को कसूरमा एकसाथ अभियोग दावी लिएको अवस्थमा मात्र दफा १५ को व्यवस्थाले पूर्णता प्राप्त गरी त्यसको सार्थकता देखिन आउंछ ।

अब प्रस्तुत विवादमा प्रतिवादी मोतिलाल बोहरा उपर लिइएको अभियोग मागदावी उपर्युक्त दफा १५ अन्तर्गत मात्रैको हो या होइन भन्ने तर्फ बिचार गर्दा अभियोगपत्रमा स्पष्टरुपमा भ्रष्टाचार निवारण ऐन, २०१७ को ३, ७(१), १० र दफा १५ को कसूरमा सोही दफा ३, ७(१), १० र दफा १५ बमोजिम तथा सोलाई निरन्तरता दिएको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूरमा सोही दफा २०(२) बमोजिम सजाय हुन भनी माग दावी लिएको देखिन्छ । मिसिलको तथ्यबाट पनि प्रतिवादी उपर सम्पत्ति न्यायिक जांचबुझ आयोग २०५८ को प्रतिवेदनबाट निजको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा छानवीन र अनुसन्धान अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको र अनुसन्धान अधिकृतको प्रतिवेदन बमोजिम प्रतिवादीको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ को कसूरमा सोही दफाहरु एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा सोही दफा २०(२) बमोजिम सजाय माग गरी अभियोग पत्र दायर गर्ने निर्णय भई सोही अनुरुप प्रस्तुत अभियोगपत्र दायर भएको देखिन्छ ।

न्याय निरोपण गर्ने सक्षम न्यायिक निकायले आफूसमक्ष प्रस्तुत भएको विवाद निरोपण गर्ने क्रममा सम्बद्ध कानूनको व्याख्या गर्दा सो कानूनको समष्टीगत उद्देश्य एवं त्यसले समेट्न खोजेको

दायरालाई निस्तेज वा अवरुद्ध पार्ने किसिमले गर्न हुंदैन । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को व्यवस्थाको व्याख्या गर्दा पनि सो दफा मात्रैलाई टिपेर हेरियो भने त्यसको दायरा, उद्देश्य र आशयलाई सो दफा आफैंले पूर्णता दिएको देखिंदैन । किनकी सो दफामा कसूरसम्म कायम हुने व्यवस्था देखिन्छ , सजांयको लागि सोही ऐनको अन्य दफाको सहारा लिनै पर्ने हुन्छ , त्यो हो दफा ३ । कुनै राष्ट्रसेबकले आफ्नो बैध आयस्रोतसंग नमिल्ने वा अस्वाभाविक रुपमा सम्पत्ति जोडी असामान्य वा उच्च जीवनयापन गरेको पाइएमा वा कसैलाई ठूलो मात्रामा दान दातव्य गरेको पाइएमा त्यस्तो अस्वाभाविक सम्पत्तिलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दायरामा नै ल्याउन नसकिने गरी उक्त दफा १५ को कानूनी व्यवस्थाको व्याख्या गर्नु न्यायपूर्ण हुंदैन । कानूनको व्याख्या गर्दा कानूनको सार्थकता यथासम्भव खोजिन्छ , निरर्थकता होइन । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरमा पनि रिसवत लिएको अनुमान गरी कसूरदार ठहऱ्याउन सकिने व्यवस्था भईरहेको र सोही ऐनको दफा ३ मा राष्ट्रसेवकले आफ्नो ओहोदाको काम वापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिएमा हुने दण्ड सजाय सम्बन्धी व्यवस्था विद्यमान रहेको अवस्था हुंदा अनुमानित कसुर अन्तर्गतको काम कारवाही पनि दफा ३ अन्तर्गतको रिसवत लिएको कसूरसंग अन्योन्याश्रित र अन्तरसम्बन्धित हुन आउंछन् । त्यसैले प्रस्तुत विवादमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ को कसूरमा सोही दफाहरु समेतको सजाय माग गरी दायर गरिएको अभियोगपत्रलाई इन्कार गरी प्रथमतः अन्य दफा अन्तर्गतको कसूर र सजायको समेत छुट्टै अभियोग लागेको हुनुपर्ने, अनिमात्र दफा १५ अन्तर्गतको कसूर कायम गरी मागदावी लिएको हुनुपर्छ भनी अर्थ गर्दा उल्लिखित कानूनी व्यवस्था र मिसिलको वस्तु तथ्य समेतको विपरीत हुनुको साथै कानूनलाई सार्थकता नदिने, कसूरलाई बेकसूर कायम गर्ने गरी कानूनको व्याख्या र प्रयोग हुन जान्छ, जो न्यायको रोहमा बाञ्छनीय हुंदैन ।

अब, निरोपण गर्नुपर्ने दोश्रो प्रश्नको सम्बन्धमा विवेचना गरौं । प्रतिवादी मोतिलाल बोहरा उपर भ्रष्टाचारको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानवीन भई मुद्दा चलाउनु नपर्ने गरी मिति २०५३।८।११ मा निर्णय भइसकेको हुँदा आफ्नो पूर्व निर्णय विपरित गई एउटै विषयमा पटक पटक अनुसन्धान गर्न र अभियोग लगाउन नमिल्नेमा सो विपरित प्रस्तुत अभियोगपत्र दायर गरिएको छ भन्ने प्रतिवादी तर्फका विद्वान कानून व्यवसायीहरुको जिकीर रहेको छ । सो तर्फ विचार गर्दा आइ.जी.पी. को सम्पत्ति सम्बन्धी

उजुरीबाट कारवाही अगाडि बढाउन मनासिव नहुने निर्णय गरियो भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उक्त मितिमा निर्णय भएको देखिन आउँछ ।

उल्लिखित निर्णय प्रतिवादी मोतीलाल बोहरा प्रहरी महानिरीक्षक पदमा कार्यरत रहेको अवस्थामा निजका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको खास उजुरीका सम्बन्धमा भएको भन्ने सो निर्णयको व्यहोराबाट देखिन्छ । सो निर्णयमा निज उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० तथा दफा १५ समेत को कसूरमा अनुसन्धान र छानवीन भएको भन्ने उल्लेख छैन । साथै प्रतिवादी मोतिलाल बोहरा मिति २०५३।११।१५ मा मात्रै प्रहरी महानिरीक्षक पदबाट सेवा निवृत्त भएको र मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलको सदस्यमा रहेको देखिँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०५३।८।११ मा निर्णय भएपछि पनि सार्वजनिक पदमा बहाल रहेको अवस्था छ । त्यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०५३।८।११ को निर्णयले सो मिति पछि पनि सार्वजनिक पदमा बहाल रहेका प्रतिवादीको सम्बन्धमा निजले वैध आयस्रोतसंग अमिल्दो किसिमले आर्जित सम्पत्तिको सम्बन्धमा भ्रष्टाचार गरेको भनी अनुसन्धान गर्न र अभियोग लगाउन नमिल्ने कुनै कानूनी आधार देखिन आउँदैन । प्रतिवादीका विरुद्ध परेको कुनै एउटा विषयको उजुरी उपर छानवीन हुँदा त्यसमा थप कारवाही अगाडि बढाईरहनु नपर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णयले सो आयोगलाई प्रतिवादीको बारेमा भविष्यमा कुनै छानवीन गर्न नै विवन्धित गर्ने भन्ने हुँदैन । कुनै एउटा खास विषयमा परेको उजुरीमा छानवीन गर्दा थप कारवाही गर्नपर्ने अवस्था नदेखिएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट एक पटक निर्णय भएको भन्ने आधारले मात्रै भ्रष्टाचार निवारण ऐन अन्तर्गतको कुनै कसूरमा पछि थप अनुसन्धान गर्न र अभियोग लगाउन बाधा पर्ने देखिदैंन । प्रतिवादी मोतिलाल बोहराको हकमा भएको मिति २०५३।८।११ को निर्णय पनि तत्काल निजका विरुद्ध परेको उजुरीको छानवीनको सिलसिलामा भएको देखिएको र प्रस्तुत अभियोगपत्र सम्पत्ति न्यायिक छानवीन आयोगको प्रतिवेदन समेतका आधारमा निजले वैध आयस्रोतसंग अमिल्दो किसिमले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने बिषयमा छानवीन र अनुसन्धान भई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र

दफा १५ को कसूर गरेको भन्ने आधारमा दायर गरिएको अवस्था हुँदा मिति २०५३।८।११ को सो निर्णयले प्रस्तुत मुद्दाको विषयमा भएको अनुसन्धान र अभियोगलाई प्रतिकूल प्रभाव पार्न सक्ने देखिन आउँदैन। तसर्थ यस सम्बन्धमा प्रतिवादीतर्फबाट रहनुभएका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको तर्कसँग सहमत हुन सक्ने अवस्था रहेन।

अब तेस्रो प्रश्न सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दाको अभियोगपत्र तत्काल प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेखित एक बर्षको हदम्यादभित्र दायर नगरिएको भन्दै अभियोगपत्र खारेज गर्ने गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसूरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को मिति २०५९।४।३० मा भएको दोस्रो संशोधनले अवकास प्राप्त व्यक्तिका हकमा मुद्दा चलाउनु पर्ने १ वर्षको हदम्याद हटाई सकेको हुंदा पुरानो हदम्यादको व्यवस्था आकर्षित हुन सक्तैन भन्ने पुनरावेदक वादी नेपाल सरकारतर्फका सहन्यायाधिवक्ताको मुख्य बहस जिकीर रहेको छ। त्यस्तै प्रतिवादी मोतिलाल बोहराले मिति २०५३।११।१५ मा अवकास प्राप्त गरेको तत्पश्चात मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलको सदस्य भै कार्य गरेको र मिति २०६१।५।१ मा मात्र अभियोगपत्र दायर भएको हुंदा प्रतिवादी आफ्नो पदमा बहाल रहंदा कायम रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांश अर्न्तगतको हदम्याद नघाई दायर भएको अभियोग खारेज गरेको विशेष अदालतको फैसला कानून सम्मत छ। पछि संशोधन भएको सो दफा २९ को व्यवस्था आकर्षित हुन सक्तैन भन्ने प्रतिवादी तर्फका विद्वान कानून व्यवसायीहरुको जिकीर रहेको छ।

प्रतिवादी मोतिलाल बोहराले मिति २०५३।११।१५ मा प्रहरी महानिरीक्षकको पदबाट अवकाश पाएको तथ्यमा विवाद  छैन। तत्पश्चात मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म सशस्त्र प्रहरी सेवा गठन कार्यदलको सदस्य भई काम गरेको र त्यसरी सो कार्यदलको सदस्य रहंदा सरकारी पारिश्रमिक र सुविधा समेत लिन पाउने गरी कार्य गरेको भन्ने देखिंदा मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म पनि निज सार्वजनिक पदमा रहेको मान्नुपर्ने हुन आयो। निज प्रहरी महानिरीक्षकको पदमा रहंदा र पछि सशस्त्र प्रहरी सेवा गठन कार्यदलको सदस्य पदमा बहाल रहंदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०१७ क्रियाशील रहेकोमा पनि कुनै विवाद छैन।

अभियोगपत्रमा प्रतिवादीले आफ्नो पदमा बहाल रहंदाका बखत आफ्नो बैध आयस्रोत भन्दा बढी सम्पत्ति आर्जन गरेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ को कसूरमा सजाय मागदावी लिएको देखिन्छ। प्रतिवादी सार्वजनिक पदमा बहाल रहँदाका अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०१७ लागू रहेको भएतापनि प्रस्तुत अभियोगपत्र दर्ता हुँदाका बखत सो ऐन खारेज भई भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएको हुँदा पछि आएको ऐनको व्यवस्था समाई पहिले भए गरेका कार्यमा अभियोग लगाउन पनि मिल्दैन भन्ने समेत प्रतिवादीतर्फका विद्वान कानून व्यवसायीहरुको जिकिर रहेको हुँदा सो तर्फ पनि विचार गर्नुपर्ने देखिएको छ। सो सम्बन्धमा कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ ले ऐन खारेजीको परिणामको सम्बन्धमा गरेको व्यवस्था हेरिनुपर्ने हुन्छ। उक्त दफा ४ मा कुनै नेपाल ऐनले अहिलेसम्म बनेको र पछि बन्ने कुनै ऐनलाई खारेज गऱ्यो भने अर्कै अभिप्राय नदेखिएमा खारेज भएको ऐनले दिने परिणाम भन्ने उल्लेख गर्दै सो बारेमा देहाय (क) देखि (ङ) सम्म विभिन्न व्यवस्था गरिएको देखिन्छ। उक्त दफा ४ को देहाय (ङ) मा "............. **कुनै हक सुविधा, कर्तव्य, दायित्व, दण्ड सजाय वा जफतका सम्बन्धमा भएको कुनै तहकिकात, कानूनी कारवाही वा उपायमा यसले असर पार्ने छैन। त्यस्तो कुनै तहकिकात कानूनी कारवाही वा उपायलाई शुरु गर्न, जारी राख्न, लागू गर्न हुन्छ र खारेज गर्ने ऐन पास नभएसरह गरी त्यस्तो दण्ड सजाय वा जफत गरे हुन्छ**" भन्ने विशेष व्यवस्था रहेको देखिन्छ। यसबाट कुनै ऐनलाई खारेज गर्ने गरी पछि लागू भएको कुनै अर्को ऐन क्रियाशिल रहेको भए पनि त्यस्तो ऐनले खारेज गरेको अघिल्लो ऐन लागू रहेका बखत भए गरेको कुनै काम कारवाहीका हकमा तहकिकात र कानूनी कारवाही गरी दण्ड सजाय गर्न पछिल्लो ऐनको व्यवस्थाले बाधा नपुऱ्याउने र त्यस्तो काम कुराको हकमा पहिलेको ऐन बमोजिम नै कारवाही गर्न मिल्ने देखिन आउँछ।

प्रस्तुत विवादमा पनि प्रतिवादी मोतिलाल बोहरा सार्वजनिक पदमा बहाल रहँदाका बखत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ लागू रहेको अवस्थामा निज प्रतिवादीले कानूनी श्रोत नखुलेको सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने कसुरमा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ ले साविकको भ्रष्टाचार निवारण ऐनलाई खारेज गरेको भन्ने आधारले मात्र सो विषयमा अनुसन्धान गरी साविक ऐन बमोजिमको सजाय मागदावी लिई अभियोग दायर गर्न बाधा पुग्ने

अवस्था देखिन आउँदैन । तसर्थ मिति २०५३।११।१५ मा प्रतिवादी प्रहरी महानिरीक्षक पदबाट अवकास हुंदाका बखतसम्म र सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलको सदस्य रहंदाको अवधि अर्थात् २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्मको अवधिमा समेत निजले आफ्नो वैध आयस्रोतसंग नमिल्दो किसिमले सम्पत्ति जोडेको भन्ने विषयमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत नै कारवाही हुने कुरामा विवाद हुन सक्तैन ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को प्रस्तावना हेर्दा सर्वसाधारण जनताका सदाचार, सुविधा र नैतिकता कायम राख्नका लागि भ्रष्टाचार पूर्ण रुपले निवारण हुन ठोस कानूनी व्यवस्था गर्न भ्रष्टाचार निवारण सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्नु वाञ्छनीय भएकोले सो ऐन लागू भएको भन्ने देखिन्छ । सो ऐनको परिच्छेद २ अन्तर्गत दफा ३ देखि १६ सम्म विभिन्न भ्रष्टाचार जन्य कसूर तथा सो को सजाय समेतको व्यवस्था गरिएको देखिन्छ भने परिच्छेद-५ मा अदालती कारवाही अन्तर्गत दफा २४ क मा हदम्याद सम्बन्धमा व्यवस्था भएको देखिन्छ । यसरी भ्रष्टाचार निवारण ऐन, २०१७ ले भ्रष्टाचारजन्य कसूर, त्यस वापत हुने दण्ड सजाय र मुद्दा दायर गर्ने हदम्याद लगायतको व्यवस्था आफैले गरेको देखिन्छ ।

सोही ऐनको दफा ३५ मा **बाझिएमा गर्ने** शीर्षक अन्तर्गत **प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका विषयहरुमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ** भन्ने कानूनी व्यवस्था पनि रहेको देखिन्छ । यसबाट भ्रष्टाचार निवारण ऐन, २०१७ मा व्यवस्था गरिएको कुनै कसूर त्यसवापत हुने दण्ड सजाय तथा त्यस्तो कसूरका सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा छुट्टै व्यवस्था भइरहेको अवस्थामा सो सम्बन्धमा अन्य नेपाल कानूनको व्यवस्था आकर्षित हुन नसक्ने भन्ने कुरा स्वतः प्रष्ट भइरहेको देखिन आउंछ ।

विषय विषयको लागि छुट्टै कानून बनिरहेको अवस्थामा जुन विषयलाई जुन कानूनले नियमित र व्यवस्थित गर्ने हो, त्यो विषयमा सोही विशेष कानूनको प्रावधान आकर्षित हुन्छ । विषय विषयमा बनेको कानूनमा कुनै व्यवस्था रहेनछ भने त्यस स्थितिमा मात्र अर्को सामान्य कानूनको सान्दर्भिक व्यवस्थालाई अनुशरण गर्नु कानूनसम्मत र उचित हुन्छ । तर विशेष प्रकृतिको विषयमा छुट्टै कानूनी व्यवस्था भइरहेको वा त्यस्तो विशेष कानूनको व्यवस्था र अर्को कुनै कानूनको व्यवस्थामा विरोधाभाष देखिएको स्थितिमा पनि खास विषयका लागि बनेको विशेष कानूनको प्रावधान नै वाध्यात्मक रुपमा अनुशरण गर्नुपर्ने हुन्छ । अन्यथा विषय विषयमा छुट्टै कानून निर्माण गर्नुपर्ने औचित्य र आवश्यकता

नै नरहने हुन्छ । त्यसैले अदालतले आफू समक्ष विचाराधीन विवाद निरोपण गर्दा यो सर्वमान्य न्यायिक मान्यताबाट विचलित हुनु वाञ्छनीय  हुँदैन ।

विशेष अदालतले प्रस्तुत विवादमा हदम्याद कायम गर्दा आधार लिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को प्रस्तावना हेर्दा सो ऐन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको देखिन्छ । सो ऐनले भ्रष्टाचारजन्य कसूर सम्बन्धमा आयोगलाई छानविन गर्ने, अनुसन्धान गर्ने लगायतका कार्य गर्न तथा आवश्यक परेमा सम्बन्धित अदालत समक्ष मुद्दा चलाउने लगायतका काम, कर्तव्य र अधिकार प्रदान गरी त्यस्तो कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि समेत निर्धारण गरेको पाइन्छ । सो बाहेक उक्त ऐनले भ्रष्टाचारको कसूरमा के कस्तो दण्ड सजाय हुने वा सो कसूरका सम्बन्धमा के कति हदम्यादभित्र मुद्दा दायर गर्नुपर्ने भनी विशेष रुपमा व्यवस्था गरेको भन्ने देखिंदैन । भ्रष्टाचारको कसूरमा दण्ड सजाय एवं मुद्दा दायर गर्ने हदम्याद लगायतको व्यवस्था गर्ने छुट्टै भ्रष्टाचार निवारण ऐन, २०१७ क्रियाशील रहेको अवस्था छ भने केवल सो ऐन अन्तर्गतका कसूरमा आवश्यक अनुसन्धान गरी मुद्दा चलाउने काम, कर्तव्य र अधिकार एवं सो को कार्यविधिकोसम्म व्यवस्था गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार सम्पन्न बनाउने प्रयोजनका लागि मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तर्जुमा भएको भन्ने सो ऐनको उद्देश्य र बनोटबाटै स्पष्ट छ ।

जहांसम्म उक्त ऐनको दफा २९ को प्रसङ्ग छ सो व्यवस्थाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अवकास प्राप्त व्यक्ति उपर पनि भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कुनै कसूरका सम्बन्धमा छानवीन र अनुसन्धान गरी आवश्यक देखिएमा मुद्दा समेत चलाउन सक्ने गरी सो आयोगलाई अधिकार प्रदान गरेको देखिन्छ । सो दफाको प्रतिवन्धात्मक वाक्यांश अन्तर्गत- **तर त्यस्तो मुद्दा सार्वजनिक पद धारण गरेको व्यक्तिले पदबाट अवकास प्राप्त गरेको एक बर्ष भित्र चलाई सक्नु पर्नेछ** भन्ने व्यवस्था रहेको देखिन्छ । यो व्यवस्था नै मुद्दा हेर्ने अधिकार प्राप्त अदालतलाई मुद्दा दायर गर्न तोकिएको हदम्याद हो की त भन्नलाई भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कुनै कसूरमा कारवाही र दण्ड सजाय सोही ऐनमा तोकिए बमोजिम गर्नुपर्ने तर त्यस्तो कसूरमा मुद्दा दायर गर्न चाहिं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ अन्तर्गतको मुद्दा चलाउने प्रयोजनको लागि व्यवस्था गरिएको हदम्यादको सहारा लिनुपर्ने भन्ने तर्क कुनै पनि दृष्टिकोणबाट उपयुक्त देखिंदैन । किनकी भ्रष्टाचार निवारण ऐन, २०१७ भ्रष्टाचारको कसूर, त्यस वापत हुने दण्ड सजाय र त्यस्तो कसूरमा मुद्दा दायर गर्ने हदम्याद लगायतको कानूनी प्रवन्ध गर्न बनेको विशेष प्रकृतिको र आधारभूत

कानूनी प्रावधान सहितको (Self contained) ऐनको रुपमा विद्यमान हुंदाहुंदै भ्रष्टाचारको कसूरमा दण्ड सजाय र हदम्याद समेत निर्धारण गर्ने सो विशेष ऐनको व्यवस्थालाई अनुसरण नगरी दण्ड सजायको हकमा मात्रै सो ऐनको प्रावधान आकर्षित हुने तर हदम्यादको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को व्यवस्था आकर्षित हुने भन्ने अर्थ गर्दा कानूनको व्याख्या र प्रयोग गलत र निरर्थक हुनुको साथै भ्रष्टाचार निवारण ऐन, २०१७ को उद्देश्यमा नै प्रतिकूल असर पर्न जाने देखिन्छ । अतः प्रस्तुत विवादमा मुद्दा दायर गर्ने सम्बन्धमा पनि निःसन्देह रुपमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ क मा व्यवस्थित हदम्याद नै आकर्षित हुने देखिन आयो ।

अब प्रस्तुत विवादमा प्रतिवादीउपरको अभियोगपत्र हदम्यादभित्रै दायर भएको छ , छैन भन्ने प्रश्नतर्फ विवेचना गरौं । माथि उल्लिखित तेस्रो प्रश्नका सन्दर्भमा गरिएको विवेचनाबाट प्रस्तुत विवादमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ क मा व्यवस्थित हदम्याद नै आकर्षित हुने देखिएबाट उक्त दफा २४ क को व्यवस्था यहां उल्लेख गर्नु सान्दर्भिक हुन आएको छ-

**२४ क. हदम्याद:** *यस ऐन बमोजिम मुद्दा दायर गर्ने हदम्याद कायम गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन । सो बाहेक अरु भ्रष्टाचारको कसूरमा विभागीय कारवाही समाप्त भएको मितिले ६ महीनाको र विभागीय कारवाही नभएकोमा अनुसन्धानको कारवाही शुरु भएको मितिले २ वर्षको हदम्याद हुनेछ ।*

*तर एउटै अपराधमा विभागीय कारवाही भएको र नभएको व्यक्ति मुछिएका रहेछन् भने ६ महीना वा २ वर्ष मध्ये जुन पछि आउंछ सोही हदम्याद कायम हुनेछ ।*

उल्लिखित कानूनी प्रावधान हेर्दा सो ऐनको दफा १३ मा उल्लेख भए बमोजिमको सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको कुनै संस्थाको सम्पत्ति हिनामीना, मस्यौट वा दुरुपयोग (Embezzlement) गरी भ्रष्टाचार गरेको कसूरमा जहिले सुकै मुद्दा लाग्ने गरी हदम्यादको कुनै बन्देज लगाइएको पाइंदैन । सो बाहेक दफा ३, ७, १०, १५ समेतमा उल्लेखित कसूरका हकमा भने विभागीय कारवाही भएको रहेछ भने सो कारवाही समाप्त भएको मितिले ६ महीना र विभागीय कारवाही नभएको हकमा अनुसन्धानको कारवाही प्रारम्भ भएको मितिले २ बर्षभित्र मुद्दा दायर गर्नुपर्ने गरी स्पष्ट व्यवस्था भइरहेको देखिन आयो ।

प्रतिवादी मोतिलाल बोहराले सेवावाट अवकास प्राप्त गरिसकेको अवस्थामा निजउपर विभागीय कारवाही गर्न नपर्ने भई सो अनुरुप विभागीय कारवाही नभएको अवस्था हुंदा निजको

हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ अन्तर्गतको कसूरमा मुद्दा दायर गर्न सो ऐनको दफा २४ क. अनुसार अनुसन्धान कारवाही शुरु भएको मितिले २ वर्षको हदम्याद कायम हुने देखिन आउंछ । अव सो अनुरुप निज प्रतिवादी उपर अनुसन्धान कारवाही शुरु भएको मितिले २ बर्षको हदम्यादभित्र प्रस्तुत मुद्दा दायर भए नभए तर्फ विचार गर्दा सम्पत्ति न्यायिक जांचबुझ आयोगको प्रतिवेदन समेतका आधारमा प्रतिवादीको साथमा निजको वैध आयस्रोत भन्दा बढी अर्थात् स्रोत नखुलेको सम्पत्ति देखिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादीको कानुनी स्रोत नखुलेको सम्पत्तिका बारेमा आवश्यक अनुसन्धान गर्न अनुसन्धान अधिकृतले मिति २०६०।२।१ मा सो सम्बन्धमा छानवीन र अनुसन्धानको कारवाही प्रारम्भ गरेको देखिन्छ । अनुसन्धानको कारवाही समाप्त गरी अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन समेतका आधारमा प्रतिवादी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(१) को कसूरमा सजायको मागदावी लिई अभियोगपत्र दायर गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६१।४।२१ मा निर्णय भए अनुरुप प्रतिवादी उपर प्रस्तुत अभियोगपत्र मिति २०६१।५।१ मा विशेष अदालत समक्ष दायर भएको देखिन्छ । यसरी विभागीय कारवाही नभएका प्रतिवादीको विरुद्धमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ को कसूरमा सो ऐनको दफा २४ क. बमोजिम प्रतिवादी उपर अनुसन्धान कारवाही प्रारम्भ भएको मितिले २ वर्षभित्रै अभियोगपत्र दायर भएकोलाई हदम्याद विहीन मान्न मिल्ने देखिंदैन ।

जहांसम्म प्रतिवादी मोतिलाल बोहरा सार्वजनिक पदमा रहंदा भ्रष्टाचार निवारण ऐन, २०१७ लागू रहेको र प्रस्तुत मुद्दा दायर गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू रहेको हुंदा साविक ऐनको कसूरमा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को सहारा लिई अभियोग लगाउन मिल्दैन, त्यसो गर्ने हो भने प्रतिवादीको हकमा प्रश्चातदर्शी असर (Restrospective Effect) पर्न जान्छ भन्ने निज तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरुको जिकीर रहेको छ, सो तर्फ विचार गर्दा प्रतिवादी उपर निज सार्वजनिक पदमा बहाल रहंदाका बखत लागू रहेको साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ को कसूरमा सोही दफा समेतको र उक्त दफा १५ लाई निरन्तरता दिएको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा सोही दफा २० (२) बमोजिमको सजायको मागदावी लिईएको देखिन्छ । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा

२० को आयस्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा गरिएको कसूर सम्बन्धी व्यवस्थाले निरन्तरता दिएको हुंदा साविक ऐनको दफा १५ र हालको ऐनको दफा २० अन्तर्गतको कसूर एउटै र समान प्रकृतिको भएको भनी **नेपाल सरकार विरुद्ध इश्वर पोखरेल समेत** भएको भ्रष्टाचार मुद्दामा (ने.का.प. २०६६ नि.नं. ८२००, पृष्ठ १२३५) यस अदालतको पूर्ण इजलासबाट व्याख्या भई निश्चित सिद्धान्त नै कायम भईरहेको अवस्था छ ।

कानूनको प्रश्चातदर्शी प्रभाव (Restrospective Effect) दिने गरी सम्वद्ध कानूनले नै व्यवस्था गरेमा बाहेक त्यस्को प्रयोग सो कानून लागू हुनुभन्दा अगाडि भैसकेको कुरामा आकर्षित हुन सक्तैन भन्ने यस सम्बन्धी सिद्धान्तको मूल आशय हो र यस अदालतले सो कुरालाई सदैव अनुसरण गरिआएको छ । तर कानूनको पश्चातदर्शी असरको सिद्धान्त के कस्तो अवस्थामा कुन कुन विषयमा सान्दर्भिक हुन्छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन्छ । खासगरी फौजदारी कसूर सम्बन्धी विवादमा अपराध र दण्ड सजायको निर्धारण गर्दा यस सिद्धान्तलाई विशेष ध्यान दिईन्छ । कुनै कानून लागू हुंदाका बखत भए गरेको कुनै कार्यलाई सो कानूनले अपराध मानेको छैन भने पछि लागू गरिएको कुनै कानूनले समेत त्यस्तो पहिले भए गरेको कार्यलाई अपराध मान्न र सजाय गर्न नमिल्ने साथै पहिले लागू रहेको कुनै कानुनले कुनै कसूरका सम्बन्धमा कम सजाय हुने व्यवस्था गरेकोमा पछि लागू हुने कानूनद्वारा सो कसूरको सजाय बढाए पनि पहिले भए गरेको कसूर सम्बन्धमा पहिले निर्धारण भएको सजाय भन्दा बढी सजाय गर्न नपाउने र पहिलेको ऐनले त्यस्तो कसूरको सम्बन्धमा प्रमाण पुऱ्याउने भार कुनै एक पक्षमाथि रहने व्यवस्था गरेकोमा पछि बनेको ऐनले पहिले भए गरेको त्यस्तो कसूरको सम्बन्धमा प्रमाण पुऱ्याउने भार अर्को पक्षमा सार्ने व्यवस्था गर्न सक्दैन भन्ने नै यस सिद्धान्तको मूल उद्देश्य हो । यस सम्बन्धमा समेत ने.का.प. २०६६ नि.नं. ८२०० पृ. १२३५ मा विस्तृत व्याख्या भईरहेको छ । त्यसैले प्रस्तुत मुद्दाको अभियोगपत्रमा साविक ऐनको दफा १५ लाई निरन्तरता दिएको हालको ऐनको दफा २० (१) को कसूरमा सजाय हुन भनी प्रासङ्गिक रुपमा हालको ऐनको उक्त दफा २०(२) को दावी लिएको अवस्था देखिएको तथा प्रतिवादी सार्वजनिक पदमा बहाल रहंदाका बखत लागू रहेको साविक ऐनको दफा ३, ७(१), १० र १५ मा व्यवस्थित कसूर भन्दा भिन्न प्रकृतिको कसूरमा हालको ऐन अन्तर्गत दावी लिएको अवस्था समेत देखिंदैन । यस्तो स्थितिमा प्रतिवादी उपर अभियोग दावी लिंदा साविक भ्रष्टाचार निवारण ऐनको दफा १५ लाई निरन्तरता दिएको हालको ऐनको दफा २० को समेत दावी लिएको कारणबाट मात्र प्रतिवादीको हकमा पश्चातदर्शी असर (Restrospective Effect) पुग्न जाने देखिदैन ।

यसप्रकार, प्रतिवादी मोतिलाल बोहरा उपर दायर भएको प्रस्तुत अभियोगपत्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ क. को हदम्यादभित्रको देखिएको, अभियोगपत्रमा सो ऐनको दफा ३,७(१), १० र १५ को कसूरमा सजायको मागदावी लिएको देखिएको र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत थप सजायको मागदावी रहेको अवस्था नभएको हुंदा प्रतिवादीका तर्फबाट बहस गर्नु हुने विद्वान कानून व्यवसायीहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा मिति २०५९।४।३० मा भएको दोस्रो संशोधनबाट हदम्यादको सीमा हटाएको आधारमा र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ समेतका आधारमा अभियोगपत्र दायर गरेको समेत Ex Post Facto Laws को सिद्धान्त अनकूल नरहेको भनी लिनु भएको जिकीर यस विवादमा प्रासङ्गिक देखिन आउंदैन । तसर्थ सो विषयमा यहां थप विवेचना गरिरहनु पर्ने आवश्यकता र औचित्य समेत देखिन आएन ।

अब निरोपण गर्नुपर्ने अन्तिम प्रश्न विशेष अदालतले अभियोग मागदावी खारेज गर्ने गरी गरेको फैसला मिले नमिलेको के हो भन्ने सन्दर्भमा विचार गर्दा विशेष अदालतको फैसलामा अभियोगपत्र खारेज गर्ने मुख्य आधारको रुपमा प्रतिवादी मोतिलाल बोहराले मिति २०५३।११।१५ मा अवकास पाइसकेको र मिति २०५६।१०।१७ देखि २०५६।१२।२८ सम्म सशस्त्र प्रहरी सेवा गठन सुझाव कार्यदलमा रही सो पछि कुनै सार्वजनिक पदमा रहेको नदेखिएकोले त्यस्तो अवकास प्राप्त व्यक्ति उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेखित एक वर्षको हदम्यादभित्र अभियोगपत्र दर्ता नभएको भन्ने आधार उल्लेख गरेको पाईन्छ । माथिका प्रश्नहरुको सम्बन्धमा गरिएको विश्लेषणबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ को कसूरमा प्रतिवादी उपर लगाइएको अभियोग दावीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेखित हदम्याद आकर्षित हुने नभई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. को हदम्याद लागू हुने देखिएको र सो को हदम्यादभित्रै अभियोगपत्र दायर भएको देखिनुको साथै यी प्रतिवादी उपर सो ऐनको दफा १५ मात्रैको कसूरमा अभियोग दावी लिएको नभई दफा ३, ७(१), १० र १५ सहितको कसूरमा सजायको माग दावी लिई अभियोगपत्र दायर भइरहेको अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश गरी विवादको निरोपण गर्नुपर्नेमा सोको विपरीत अप्रासङ्गिक अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांश अनुरुपको हदम्याद लाग्ने भन्दै सो अनुरुपको हदम्यादको अभाव देखाई अभियोगपत्र खारेज गर्ने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६४।२।१३ मा भएको

फैसला उल्लेखित कानूनी व्यवस्था एवं माथि विवेचना गरिएका आधार र कारण समेतबाट मिलेको नदेखिंदा उल्टी भै उक्त फैसला बदर हुने ठहर्छ। अब जे जो बुझ्नु पर्ने बुझी मुद्दाको तथ्यभित्र प्रवेश गरी ठहरे बमोजिम निर्णय गर्नु भनी उपस्थित रहेका प्रतिवादीलाई विशेष अदालतमा हाजिर हुन जानु भनी तारेख तोकी प्रस्तुत मुद्दाको शुरु मिसिल समेत विशेष अदालत, काठमाडौंमा पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

प्रधानन्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत: विदुर कोइराला

कम्प्यूटर गर्ने: मुकुन्द बिष्ट

संवत् २०६८ साल कार्तिक २५ गते रोज ६ शुभम्।